ISSN 2661-6122

# प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन

प्रकाशन आरम्भ : २०१६ जेठ वर्ष ६४, अङ्क ४ कातिक-मंसिर २०७९








प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन २०७९ मा सुरक्षा व्यवस्थापन गर्दै नेपाल प्रहरी ।

नागरिक प्रहरी समन्वय र सहकार्य,
अपराधरहित समाजको लागि अपरिहार्य ।

– नेपाल प्रहरी

## प्रकाशनबारे जानकारी :

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६४ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथमिकतामा राखिने छ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिने छ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिने छ । पारिश्रमिक लिन आउँदा लेखकको स्पष्ट परिचय खुल्ने कागज लिई प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखामा समयमै सम्पर्क राख्न सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख - जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइट : www. nepalpolice.gov.np र nepol.cd मा राखिदै आएको हुँदा सम्पूर्ण महानुभावहरुमा जानकारीको लागि अनुरोध गरिएको छ ।

– प्रहरी द्वैमासिक

सम्पर्क
प्रहरी प्रधान कार्यालय,जनसम्पर्क शाखा, नक्साल, काठमाडौं
फोन नं. : ०१ ४४१०६६३, ४४११२१०, एक्सटेन्सन : १३४
ईमेल : phqprs@nepalpolice.gov.np/ phqprs@gmail.com
वेबसाइट : www.nepalpolice.gov.np

# प्रहरी

**मे.अ.द.न. ६४/१५८**

**द्वैमासिक प्रकाशन** वर्ष : ६४ अंक : ४ २०७९ कार्तिक-मंसिर



**प्रमुख सल्लाहकार**
प्र.ना.म.नि टेक प्रसाद राई

**सल्लाहकार**
प्र.उ.सविन प्रधान

**प्रधान सम्पादक**
प्र.ना.उ.चन्चला श्रेष्ठ

**सम्पादक**
प्र.नि.प्रशान्त श्रेष्ठ
प्र.व.ना.नि.सरस्वती बुढाथोकी

**कम्प्युटर**
प्र.नि. कल्पना अधिकारी
प्र.ना.नि. संगीता कार्की

**आवरण**
अनुराग

**प्रकाशक**
नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।


सम्पादकीय . .

## आम निर्वाचनमा सुरक्षा व्यवस्थापन

प्रत्येक पाँच/पाँच वर्षमा हुने संघमा प्रतिनिधिसभा र सातै प्रदेशमा प्रदेशसभा सदस्यको निर्वाचन यही मंसिर ४ गते र स्थानीय तहको निर्वाचन छ महिनाअघि शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ । निर्वाचनलाई शान्तपूर्ण, निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न आवश्यक एवं महत्वपूर्ण पक्ष शान्ति सुरक्षा नै हो र यसमा राज्यका सुरक्षा निकायको भूमिका प्रत्यक्ष जोडिएको हुन्छ । त्यसमाथि अग्रपंक्तिमा तैनाथ रहेर मतदानस्थलदेखि मतगणनास्थल सबैतिर खटी निर्वाचन सुरक्षाको व्यवस्थापन गर्ने प्रथम जिम्मेवारी नेपाल प्रहरीको हुनेगर्छ । अत्यन्तै चुनौतीपूर्ण तर राष्ट्र र नागरिकको सेवा गर्ने अवसरको रूपमा प्राप्त यस ऐतिहासिक एवं महत्वपूर्ण जिम्मेवारीलाई नेपाल प्रहरीले नेपाल सरकार गृह मन्त्रालयको नीति निर्देशन, अन्य सुरक्षा निकाय तथा सरोकारवाला निकायहरूसँगको सहकार्य र समन्वय, म्यादी प्रहरी एवं आम नागरिकसमेतको सहयोगमा अत्यन्त संवेदनशील, सजग र क्रियाशील भई पूरा गरेको छ ।

देशभर एकै चरणमा सम्पन्न निर्वाचनमा सीमित साधनस्रोत र जनशक्तिका बावजुद सुरक्षा व्यवस्थापन निश्चय पनि चुनौतीपूर्ण एवं प्रहरी कर्मचारी, प्रहरी संगठन र राज्यकै प्रतिष्ठाको विषय थियो । मूलभूत रूपमा निर्वाचनको सम्भावित सुरक्षा चुनौती, मतदाता, मतदानस्थल, उम्मेदवार लगायतको सुरक्षा, निर्वाचनलाई प्रभाव पार्न सक्ने विभिन्न समूहका गतिविधि तथा त्यसको नियन्त्रण, विष्फोटनबाट सर्वसाधारणलाई आतंकित

पार्ने गतिविधि, सम्भावित भौतिक आक्रमण, झडप, चुनावी सभा अवरोध, हतियारधारी समूह लगायतका चुनौती थिए । यस्ता चुनौतीको सामना गरी निर्वाचन सम्पन्न गराउन आवश्यक सुरक्षा रणनीति तय, निर्वाचनको तयारी, व्यवस्थापन तथा सुरक्षा जनशक्ति परिचालन लगायतका विषयमा व्यापक छलफलको साथै सुरक्षा योजना तर्जुमा गरी कार्यान्वयन गर्दै शान्ति सुरक्षालाई सशक्त र प्रभावकारी बनाइएको कारण सुरक्षा निकायले आशातित सफलता प्राप्त गर्न सकेको देखिन्छ ।

सुरक्षा लक्षित सूचना संकलन, त्यसको विश्लेषण र सम्भावित सुरक्षा जोखिमलाई सम्बोधन गर्ने रणनीतिमा जुटेर सुरक्षा प्रबन्ध मजबुद बनाएको कारण उत्कृष्ट रूपमा जिम्मेवारी पूरा गर्न सहज भएको देखिन्छ । साथै मतदानस्थललाई अति संवेदनशील, संवेदनशील र कम संवेदनशीलमा वर्गीकरण गरी सुरक्षा व्यवस्था मिलाएको परिणामस्वरूप सुरक्षा व्यवस्थापनमा सहजता भएको आंकलन गर्न सकिन्छ । यसको कार्यान्वयन मतदाता सुरक्षादेखि मतदानस्थलको साथै मतपेटिका सुरक्षित ढुवानी तथा मतगणनास्थलको सुरक्षा लगायतमा समेत प्रमुख चासो राखी काम गरेकोले छिटपुट बाहेक कुनै अप्रिय घटना हुन पाएन । लोकतन्त्र, मानवअधिकार र विधिको शासनप्रति पूर्ण प्रतिबद्ध भई करिब ९० प्रतिशत जनशक्ति, आवश्यक हातहतियार, संचार साधन, सवारी साधनको व्यवस्थापन सहित समुचित परिचालन भएर सुरक्षा व्यवस्थापनको मार्गचित्र बनाई समग्रमा तोकिएको जिम्मेवारी पूरा गर्न कोसेढुंगा साबित भएको मान्न सकिन्छ ।

सङ्क्षेपमा, पेशागत निष्ठा, व्यावसायिक क्षमता, त्याग, जिम्मेवारीप्रति समर्पण, कानुनसम्मत कदम, कामप्रति सक्रियताको साथै सरोकारवाला निकायबीचको ऐक्यबद्धता, आपसी सहयोग र समन्वय गर्दै काम गरेमा सफलता प्राप्तिमा कुनै अड्चन आउन सक्दैनन् । यसपटक सबैतिर अग्रपंक्तिमै तैनाथ रहेर निर्वाचन सुरक्षामा नेपाल प्रहरीले देखाएको व्यावसायिकता, उत्कृष्ट काम र पूरा गरेको जिम्मेवारीले प्रहरी संगठनप्रतिको विश्वास उँचो भएको महसुस भएको छ । सिंगो राष्ट्रको भविष्य, राष्ट्रिय प्राथमिकताको विषय, लोकतन्त्र र नागरिक अपेक्षासँग जोडिएको निर्वाचनलाई सफल पार्न सुरक्षा जस्तो गहन दायित्व निर्वाहका लागि अग्रपंक्तिमा रहेर जिम्मेवारीलाई उच्च सतर्कता, संवेदनशीलता र महत्वका साथ लिएर सफलतापूर्वक सम्पादन गरी नेपाल सरकार तथा आम नागरिकबाट प्रशंसा पाउनु नेपाल प्रहरी संगठनका लागि गौरवको विषय मान्न सकिन्छ । आपसी सद्भाव र भाइचारालाई अक्षुण्ण राख्दै रात दिन परिचालित भएर संगठनको गरिमा ओजस्वी बनाउँदै साख र श्रीवृद्धिका लागि सम्पूर्ण प्रहरी कर्मचारीहरूले एकजुट एवं सक्रियताकासाथ निर्वाह गरेको सर्वत्र प्रशंसित भूमिकाको सराहना गर्नै पर्दछ ।

# विषयसूची

## व्यावसायिक सामग्री


- ♦सरकारवादी फौजदारी मुद्दाको अभियोजन.. ✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी १
- ♦सार्वजनिक सरोकारको विवाद ✍ सह-न्यायाधिवक्ता सोमकान्ता भण्डारी १०
- ♦सरकारवादी फौजदारी मुद्दाको मिलापत्रमा.. ✍ प्र उ मोहन कुमार थापा २०
- ♦प्रहरी कार्यमा आत्मरक्षा र बलप्रयोग ✍ प्र ना उ कृष्ण खड्का ४४
- ♦पापिष्ट ✍ प्र ना.उ भोजराज पाण्डेय ५९
- ♦प्रहरी दिवस र अमर प्रहरी ✍ प्र नि जनार्दन घिमिरे ६६
- ♦महिला हिंसा र कानूनी उपचार ✍ ई कुमार अभिनव ८४


## साहित्य / विविध


- ♦चुनावी ज्वरो ✍ देवकी के. सी १५
- ♦दर्शनशास्त्रको अनुभव र अध्ययन ✍ पूर्व प्र ना म नि इ महेशसिंह कठायत १६
- ♦राङरुङमा बितेको रात ✍ युवराज नयाँघरे २९
- ♦ नेपालमा वैदेशिक रोजगार तथा विप्रेषण.. ✍ गम्भीर बहादुर हाडा ३२
- ♦नजन्मिएको अपिल : सपनामा आलाप ! ✍ प्र ना उ जयश्वर रिमाल ५५
- ♦ धाम ✍ गंगा खड्का ६३
- ♦ श्राद्ध ✍ लीलाराज दाहाल ६४
- ♦ रूप्से झरना र अन्धगल्छीमा छड्के नजर ✍ घन बहादुर थापा ७०
- ♦संगीतप्रेमी वैज्ञानिकः अल्बर्ट आइन्स्टाइन ✍ राजेशमान के. सी ७४
- ♦काम, माम र नाम ✍ छायादत्त न्यौपाने 'बगर' ७७
- ♦ माया ✍ ममता मृदुल ८१
- ♦ न्वागी ✍ यशु श्रेष्ठ ८२
- ♦सिप र जांगर ✍ उद्धव प्रसाद प्याकुरेल ८७
- ♦धर्मको परिभाषाः विभिन्न विद्वानहरूको ✍ त्रिचन्द्र प्रतिक्षा ९०
- ♦पुरूष हिंसाका कथा ✍ प्र ज प्रेमा भुषाल ९३
- ♦ हिंसारहित दसैंको परिकल्पना ✍ राजेन्द्र तारकिणी ९९

| | | |
|---|---|---|
| ♦ सुल्टो कामना | ✍ बिन्दु अधिकारी ढकाल | १०४ |
| ♦ आमा तिमी एक प्रहरी | ✍ निशा भुजेल | १०६ |
| ♦ अभागी | ✍ रेणु अधिकारी 'मौनता' | १०८ |

## गीत / कविता/ गजल

| | | |
|---|---|---|
| ♦ तिम्रै नाममा | ✍ दिपकराज विश्वकर्मा | ९ |
| ♦ मुक्तक | ✍ मात्रिका घिमिरे | १९ |
| ♦ मुक्तक | ✍ एच के. धिताल | ४३ |
| ♦ गजल | ✍ अर्जुनबाबु तिवारी | ५८ |
| ♦ आज पनि फेरि सुतेँ | ✍ मनिष कटेल | ६५ |
| ♦ छोरीको हिम्मत | ✍ चाँदनी कुमारी ठाकुर | ६९ |
| ♦ संस्मरण | ✍ सक्षम कटेल | ८९ |
| ♦ कविता | ✍ उर्मिला पन्त पाण्डेय | ९८ |
| ♦ अन्तिम विन्दु | ✍ रेहित सैंजु 'विकल्प' | १०३ |
| ♦ जिन्दगानी | ✍ डा बम बहादुर थापा 'जिताली' | १०५ |
| ♦ बुबा | ✍ मुक्तिनाथ पोखरेल | १०७ |
| ♦ बहुलाहाको आकृति | ✍ भुवन सिवाकोटी 'चौघरे' | १०९ |
| ♦ गीत | ✍ सरस्वती श्रेष्ठ 'सरु' | ११२ |

## स्थायी स्तम्भ

| | | |
|---|---|---|
| ♦इतिहासको पानाबाट | | ११० |
| ♦नेपाल प्रहरीसम्बन्धी केही जानकारी | संकलन : प्र ना नि संगिता कार्की | १११ |
| ♦रसबस | संकलन : प्र स नि शरणजंग भण्डारी | १११ |
| ♦सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू | संकलन : प्र स नि जनक आचार्य | ११२ |

प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

# सरकारवादी फौजदारी मुद्दाको अभियोजनमा सरकारी वकिल



✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी

## १. सरकारवादी फौजदारी मुद्दा

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले सरकार वादी फौजदारी मुद्दाको अभियोजन र अनुसन्धान सम्बन्धमा मूलतः साविक सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले गरेको व्यवस्थालाई नै निरन्तरता दिएको छ । तथापि सरकारवादी हुने मुद्दाको अनुसन्धान र अभियोजनका सम्बन्धमा केही नयाँ व्यवस्थाहरू लागू गरिएको छ । यसबाट अनुसन्धानकर्ता निकायका अलावा अभियोजनकर्ता सरकारी वकिलको जिम्मेवारी र भूमिका थप भएको छ । कानूनमा गरिएका नयाँ व्यवस्थाहरूले सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजन प्रणालीमा सुधार गरी फौजदारी कसुर निवारण र नियन्त्रणमार्फत न्याय प्रणालीलाई प्रभावकारी बनाउने र मुलुकमा कानूनी व्यवस्था कायम गर्ने अपेक्षा गरेको देखिन्छ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा उल्लिखित कसूर सम्बन्धी मुद्दा, उक्त संहिताको अनुसूची २ अन्तर्गतका कसुर सम्बन्धी मुद्दा र कुनै नेपाल ऐनमा नेपाल सरकारवादी भई चल्ने भनी उल्लिखित अपराध सम्बन्धी मुद्दा सरकार वादी फौजदारी मुद्दा हुन् । सरकारवादी हुने मुद्दामा राज्यका अनुसन्धान निकायबाट कसूर सम्बन्धी तहकिकात गरी सबुद प्रमाण संकलन लगायतका कार्य गरिन्छ भने सरकारी वकिलबाट अनुसन्धानलाई प्रभावकारी बनाउन निर्देशन गर्ने तथा अभियोजन गर्न योग्य मुद्दामा मुद्दा चलाउने कार्य गरिन्छ । त्यस्ता मुद्दामा सरकारको तर्फबाट अदालतमा साक्षी प्रमाण प्रस्तुत गर्ने, बहस पैरवी गर्ने लगायत कार्य गर्दछ । अपराध पीडितले अपराधको सूचना दिने एवं अनुसन्धानमा सहयोग गर्ने कार्य गर्दछ भने आफू पीडित भएको मुद्दाको अनुसन्धान र अभियोजनको अवस्था, न्यायिक कारबाहीको जानकारी

क्षतिपूर्ति पाउने कुरा लगायतका विषयमा जानकारी प्राप्त गर्ने अधिकार राख्दछ।

## २. सरकारवादी मुद्दाको अभियोजनमा सरकारी वकिल

कसूरको अनुसन्धानबाट संकलित सबुत प्रमाणका आधारमा सम्बन्धित व्यक्तिउपर निजले गरेको कसुरमा प्रचलित कानून बमोजिम सजाय र पीडितले पाउने क्षतिपूर्तिको दावी लिई अभियोग लगाउने कार्य अभियोजन हो । फौजदारी कानूनले निषेध गरेको कसुरजन्य कार्यमा संलग्न व्यक्तिलाई कानूनको दायरामा ल्याई आपराधिक दायित्व बहन गराउनु र अपराध पीडितलाई न्याय दिलाउनु अभियोजनको उद्देश्य मानिन्छ । अभियोजनको आधारमा नै अदालतले न्यायिक कारबाहीका माध्यमबाट आरोपित व्यक्तिले कसूर गरे नगरेको ठहर गर्दछ । कानूनले कसुर मानेको, सो कसुर भएको वा हुन लागेको, कसुरमा अभियुक्तको संलग्नता प्रमाणबाट देखिएको, कसूरमा देखिएको संलग्नताका आधारमा हुने सजाय र क्षतिपूर्तिका लागि मात्र उत्तरदायी हुने, प्रमाणको पर्याप्ततामा अवस्थामा मात्र अभियोजन हुने जस्ता मान्यताहरूलाई अभियोजनका सिद्धान्तका रूपमा मान्यता दिइएको छ । नेपालको फौजदारी न्याय प्रणालीले प्रमाणको पर्याप्ततालाई अभियोजनको आधार मानेको छ भने सानातिना कसूरमा प्रमाण भए पनि व्यावहारिक अवस्था वा सार्वजनिक हितका आधारमा अभियोजन नगर्न सक्ने व्यवस्था गरेको छ । फौजदारी कसुरको अभियोजनका लागि आवश्यक पर्ने अनुसन्धान र प्रमाण संकलनको कार्यमा अनुसन्धानकर्तालाई निर्देशन दिने, अपराध पीडित र साक्षीसँग समन्वय गर्ने कार्यमा महत्वपूर्ण जिम्मेवारी रहेको छ । यसै गरी अभियोजन गरिएका सरकारवादी मुद्दामा अभियोजन पक्षका तर्फबाट प्रभावकारी रूपमा बहस, पैरवी र प्रतिरक्षा गर्ने लगायतका कार्य सम्पादन गर्ने जिम्मेवारी पनि सरकारी वकिलमा रहेको छ । अभियोजनको आधारस्तम्भ भनेको नै अनुसन्धान हो । अनुसन्धानबाट संकलित प्रमाणका आधारमा नै सरकारी वकिल अभियोजन गर्ने वा नगर्ने निष्कर्षमा पुग्ने हुन्छ तसर्थ कसुरको अनुसन्धान गर्ने निकाय वा पदाधिकारीसँग समन्वय गर्ने, आवश्यक निर्देशन दिने, परामर्श गर्ने लगायतका कार्य यसमा सम्बन्धित हुन्छन्।

### २.१.फौजदारी कसुरको अनुसन्धानलाई प्रभावकारी बनाउने भूमिका

कसुरको अनुसन्धान गर्नु भनेको घटित भएको अपराधको बारेमा सत्यता पत्ता लगाउने हो। घटना भएको हो होइन वा भएकोमा सो घटनामा संलग्न व्यक्ति को हो र के कसरी सो घटना

भएको हो भन्ने कुरा अनुसन्धानको विषय हुन्छ । घटित कसुरको सम्बन्धमा प्रभावकारी अनुसन्धान भएमा मात्र दोषी व्यक्तिउपरको अभियोजन बलियो हुन्छ र बलियो अभियोजनले अभियुक्त उपरको आरोप शंकारहित तरिकाबाट पुष्टि हुन सक्दछ । अभियोजनको लागि आवश्यक भौतिक तथा अन्य सम्बद्ध प्रमाण संकलन गर्ने कुरामा अनुसन्धानकर्तालाई निर्देशन गर्ने, निजसँग अनुसन्धानका विषयमा परामर्श तथा समन्वय गर्ने, अनुसन्धानमा पीडित तथा साक्षीको सहयोग लिने कुरामा सरकारी वकिलको महत्वपूर्ण भूमिका रहन्छ । साथै झुट्टा वा काल्पनिक रूपमा आउने अपराधका सूचनालाई अनुसन्धानको विषय नबनाउने कुरा पनि यससँगै आउने विषय हो। यस्ता कुरालाई निरूत्साहित गर्ने विषय पनि सरकारी वकिलको जिम्मेवारीको विषयअन्तर्गत पर्दछ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ अनुसार कसुरका सम्बन्धमा सूचना प्राप्त भएपछि अनुसन्धानकर्ताले सो सम्बन्धमा प्रारम्भिक अनुसन्धान गर्नुपर्दछ । प्रारम्भिक अनुसन्धान शुरू गरेपछि अनुसन्धानकर्ताले सोको प्रतिवेदन सरकारी वकिल समक्ष पठाउनु पर्ने र प्रतिवेदन प्राप्त भएपछि सरकारी वकिलले कसुरको अनुसन्धानको सम्बन्धमा सम्बन्धित प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्ने तथा अनुसन्धानका क्रममा कानूनी राय प्रदान गर्ने व्यवस्था समेत गरेको छ। यस व्यवस्थाअनुसार सरकारी वकिलले कसुरको अनुसन्धानको कानूनी कार्यविधि र उक्त कसुरमा संकलन गर्नुपर्ने प्रमाण, ती प्रमाणको वैधता र संकलन गर्नुपर्ने आवश्यक भौतिक प्रमाण र तिनीहरूको वैज्ञानिक परीक्षण लगायतका विषयमा निर्देशन गर्न सक्दछ । यसको उद्देश्य प्रभावकारी रूपमा फौजदारी कसुरको अनुसन्धान गर्न अनुसन्धानकर्तालाई आवश्यक सहयोग, सल्लाह र परामर्श सरकारी वकिलबाट प्राप्त हुन सकोस् भन्ने हो ।

अनुसन्धानकर्ताबाट कसुरको अनुसन्धान पूरा भएपछि अनुसन्धान प्रतिवेदन सहितको मिसिल सरकारी वकिल समक्ष प्राप्त हुन्छ । अनुसन्धान प्रतिवेदन सहितको मिसिल सरकारी वकिलले अध्ययन गरी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्नुपर्ने हुन्छ । अभियोजनको निर्णयका लागि आवश्यक देखिएमा थप प्रमाण संकलन गर्न अनुसन्धानकर्तालाई निर्देशन गर्न सक्दछ । थप प्रमाण अन्तर्गत अभियोजन गर्न आवश्यक पर्ने र संकलन हुन वा परीक्षण गर्न छुटेका सम्बद्ध कागज प्रमाण प्राप्त गर्ने भन्ने अभिप्राय रहेको देखिन्छ । यसै गरी बरामद गर्नुपर्ने बस्तु बरामद नभएको,

परीक्षण गरिनुपर्ने भौतिक प्रमाण परीक्षण नगरिएको वा परीक्षण प्रतिवेदन प्राप्त नभएको सम्बन्धमा सरकारी वकिलले थप निर्देशन दिन सक्दछ ।

**२.२ जाहेरी दर्ता, झुट्टा जाहेरी तामेली राख्ने र हिरासतमा राख्न म्याद थप लिने सम्बन्धी भूमिका**

फौजदारी कसुरको सूचना वा जाहेरी दरखास्त प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेकोमा त्यस्तो व्यहोरा खुलाइ सम्बन्धित व्यक्तिले सम्बन्धित सरकारी वकिल कार्यालयमा उजुर गर्न सक्छ । यसरी उजुर गरेकोमा सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयले त्यसको अभिलेख राखी आवश्यक कारबाहीका लागि पठाउनु पर्ने हुन्छ । यसमा सरकारी वकिललाई अन्यथा गर्ने कानूनी आधार देखिँदैन । अपराध पीडितको न्याय पाउने हक र राज्यको जिम्मेवारीसँग यो व्यवस्था सम्बन्धित छ । तथापि कसुर नै नभएको वा झुट्टा वा काल्पनिक जाहेरी वा सूचनाका सम्बन्धमा भने जाहेरी दर्ता हुनुपर्ने वा कारबाही गर्नुपर्ने अवस्था रहँदैन ।

कुनै कसुरको सम्बन्धमा प्राप्त जाहेरी दरखास्त वा सूचना भ्रमपूर्ण, झुट्टा वा काल्पनिक भई अनुसन्धान गर्न आवश्यक नभएमा वा निरर्थक देखिएमा सम्बन्धित प्रहरी कार्यालय वा अनुसन्धान अधिकारीले सोही कुरा खुलाई सम्बन्धित सरकारी वकिल कार्यालयमा प्रतिवेदन पठाउनुपर्ने हुन्छ। यस्तो प्रतिवेदन प्राप्त भएमा सम्बन्धित सरकारी वकिलले त्यस्तो कसूरको सम्बन्धमा तत्काल अनुसन्धान गर्न मनासिव आधार नदेखिएमा सोको कारण खुलाई थप प्रमाण प्राप्त हुन आएका वखत अनुसन्धान गर्न सकिने गरी तामेलीमा राख्ने वा वारदातको प्रकृति अध्ययन गर्दा तत्काल अनुसन्धान गर्नु उपयुक्त देखेमा कारण खुलाई थप अनुसन्धान गर्न अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्ने व्यवस्था रहेको छ । झुट्टा वा काल्पनिक जाहेरी दरखास्त वा सूचनालाई निरूत्साहित गर्न गरिएको यो व्यवस्थाको कार्यान्वयनमा सरकारी वकिलको महत्वपूर्ण भूमिका छ ।

कसुरको अनुसन्धानको सिलसिलामा पक्राउ परेको अभियुक्तलाई २४ घण्टा भन्दा बढी प्रहरी हिरासतमा राखी अनुसन्धान गर्न आवश्यक र मनासिव देखिएमा हिरासतमा राख्नुपर्ने आधार र कारण सहित म्याद थपका लागि अनुसन्धान अधिकारीले सरकारी वकिल मार्फत मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन गर्नुपर्ने हुन्छ । अभियुक्तलाई हिरासतमा राख्नुपर्ने आधार र कारण उल्लेख गरी अदालतलाई सन्तोषजनक रूपमा अनुसन्धान भइरहेको कुरामा

सन्तुष्ट गराउने र कानून बमोजिम म्याद थप लिने तथा सो अवधिभित्र अनुसन्धान कार्य सम्पन्न गर्न अनुसन्धानकर्तालाई निर्देशन गर्ने कार्यमा सरकारी वकिलको भूमिका रहेको छ ।

**२.३. अभियुक्तसँग बयान लिने**

मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १६ मा अनुसन्धान अधिकारीले सरकारी वकिल समक्ष सम्बन्धित अभियुक्तको बयान लिने व्यवस्था गरेको छ । अभियुक्तसँग लिइने बयानले अपराध अनुसन्धानका थुप्रै तथ्यहरू स्पष्ट हुन सक्दछन् । अभियुक्तको बयान लिने क्रममा कसुरको सम्बन्धमा खुलाउनु पर्ने कुरा र अभियुक्त वा अन्य व्यक्तिको संलग्नता लगायतका विषयमा अभियुक्तसँग सरकारी वकिल र अनुसन्धान अधिकारीले प्रश्न सोध्न सक्छन् । अभियुक्तसँग लिइने बयान अनुसन्धानको महत्वपूर्ण आधार हो। कसुरमा अभियुक्तको संलग्नता पुष्टि गर्न र अन्य प्रमाणका आधारमा बयानका कुराका सत्यता परीक्षण गर्न सकिन्छ।

**२.४. हिरासतमा रहेको व्यक्तिलाई धरौट वा तारिखमा वा हाजिर जमानीमा छाड्न सहमति दिने**

कसुरको अनुसन्धानको सिलसिलामा पक्राउ परी हिरासतमा रहेको व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक वा उपयुक्त नदेखिएमा सरकारी वकिलको सहमति लिई अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिबाट धरौट वा जमानत लिई वा निजलाई कुनै माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छाड्न वा तारेखमा राख्न सक्छ । यसरी धरौट वा हाजिरी जमानीमा छाड्ने वा तारेखमा राख्ने कार्यमा सरकारी वकिलसँग सहमति माग भएकोमा मिसिल हेरी सरकारी वकिलले मनासिव र उपयुक्तताको आधारमा छाड्ने सहमति दिन वा सहमति दिन इन्कार गर्न सक्छ । यसमा सरकारी वकिलले कसुरको प्रकृति, अभियुक्तको संलग्नता, पीडितको सरोकार जस्ता मनासिब आधारमा सहमति दिने वा नदिने भूमिका निर्वाह गर्न सक्ने देखिन्छ । कसुरमा संलग्न नदेखिएको वा हिरासतमा नै राखेर अनुसन्धान गर्ननपर्ने प्रकृतिका कसूरमा अभियुक्तलाई हाजिर जमानीमा छाड्ने वा धरौट तारिखमा राखी अनुसन्धान गर्ने नयाँ कानूनी व्यवस्थाको प्रयोगमा सरकारी वकिलले भूमिका खेल्न सक्ने देखिन्छ ।

**३.अभियोजन सम्बन्धी भूमिका**

महान्यायाधिवक्ताबाट प्रत्यायोजित अभियोजन सम्बन्धी अधिकारको अधिनमा रही सरकारी वकिलले अनुसन्धानबाट देखिएको तथ्य, संकलित सबुद प्रमाण, कसुरमा अभियुक्तको संलग्नता वा असंलग्नता जस्ता आधारमा अभियोजन

सम्बन्धी निर्णय गर्नुपर्ने जिम्मेवारी रहन्छ। यस अन्तर्गत सरकारी वकिलको जिम्मेवारी निम्नानुसार रहेको छ ।

**३.२. मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले अनुसन्धान प्रतिवेदन सहितको मिसिल प्राप्त भएपछि संकलित सबुद प्रमाणको मुल्याङ्कन गरी महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकारबमोजिम कसुर भएको देखिएको र संकलित सबुद प्रमाणबाट मुद्दा चल्ने पर्याप्तता देखिएकोमा मुद्दा चलाउने निर्णय गर्ने र सबुद प्रमाणको अभाव देखिएकोमा मुद्दा नचलाउने निर्णय गर्ने अधिकार सरकारी वकिलमा रहेको छ । नेपालको अभियोजन प्रणालीले प्रमाणको पर्याप्तता भएकोमा मुद्दा चल्ने र प्रमाणको अपर्याप्ततामा मुद्दा नचल्ने सिद्धान्तलाई अवलम्बन गरेको छ भने निष्पक्ष, स्वतन्त्र र वस्तुनिष्ट अभियोजनको सिद्धान्तलाई पनि स्वीकार गरिएको छ । तसर्थ, सरकारी वकिलले अभियोजनमा निष्पक्षता कायम गर्ने, प्रमाणमा आधारित भएर मात्र अभियोजन गर्ने, स्वच्छ र वस्तुनिष्ट अभियोजन गर्ने कुरामा भूमिका खेल्नुपर्ने हुन्छ । अभियुक्त र पीडितको अधिकारको सम्मान गर्ने, कसुरमा भएको संलग्नताका आधारमा कानूनले निर्धारित गरेको सजाय तथा व्यहोर्नु पर्ने क्षतिपूर्तिको लागि उत्तरदायी बनाउने गरी अभियोजन गर्ने कार्य गर्नुपर्दछ । मुद्दा चल्ने नचल्ने निर्णय गर्दा पीडितको सरोकार र धारणालाई पनि आत्मसात गर्नुपर्दछ । अभियोजनको निर्णय गर्ने आधार संकलित सबुद प्रमाण नै हो र त्यस्ता सर्वोत्तम प्रमाणको पर्याप्ततामा अभियोजन गर्नुपर्ने हुन्छ भन्ने व्याख्या सर्वोच्च अदालतले गरेको छ । फौजदारी मुद्दामा दोषी प्रमाणित गर्ने भार अभियोजन पक्षमा निहित रहने र अभियोजन पक्षले कसुर शंकारहित तवरबाट प्रमाणित गर्नुपर्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तको मर्मलाई सरकारी वकिलले अभियोजन गर्दा ध्यान दिनुपर्ने हुन्छ भने अपराध पीडितको न्याय पाउने हकको सुनिश्चितता तर्फ पनि उत्तिकै सजग हुनुपर्छ ।

**३.२.अभियोगपत्र तयारी र दर्ता**

सरकारवादी फौजदारी कसुरको अनुसन्धान पश्चात संलग्न अभियुक्तउपर मुद्दा चलाउने निर्णय भएपछि अभियुक्त उपर सजाय र क्षतिपूर्तिको मागदावी गरी सरकारी वकिलले अभियोगपत्र तयार गर्नुपर्दछ । अभियोग पत्र तयार गरी मिसिल, प्रमाण र पक्राउ परेका अभियुक्त सहित अदालतमा मुद्दा दायर गर्दछ । यही अभियोगपत्रबाट नै सरकारवादी फौजदारी मुद्दाको न्यायिक कारबाही प्रारम्भ हुन्छ । अभियोगपत्रमा लिइएको

सजायको मागदावी र सरकारी वकिलबाट पेस भएका सबुद प्रमाण समेतका आधारमा अदालतले कसुर ठहर हुने वा नहुने निर्णयमा पुग्ने हुँदा अभियोगपत्र तयार गर्ने कार्य सरकारी वकिलको महत्वपूर्ण जिम्मेवारीको कार्य हो । अभियुक्तले गरेको कसुर, सो कसुर पुष्टि गर्ने प्रमाणको विश्लेषण, कसुरमा कानूनले निर्धारण गरेको सजाय र दायित्व, पीडितले पाउने क्षतिपूर्ति, क्षेत्राधिकार जस्ता महत्वपूर्ण कुरा उल्लेख गर्नुपर्ने हुन्छ ।

**३.३.थप अभियोजन गर्ने**

एकपटक अभियोजन गरी अदालतमा मुद्दा दायर भइसकेपछि त्यस्तो मुद्दामा अन्य सम्बद्ध थप प्रमाणहरूबाट मुद्दा दायर भइसकेका अभियुक्त बाहेक अन्य अभियुक्तहरूउपर समेत अभियोजन गर्नुपर्ने भएमा वा मुद्दा दायर भई अभियुक्त कायम भइसकेका व्यक्तिउपर थप अभियोग लगाउनु पर्ने देखिएमा त्यसको कारण खुलाई थप अनुसन्धान गर्न लगाई अन्य थप अभियुक्तको हकमा समेत थप दावी लिई सरकारी वकिलले अभियोजन गर्न सक्ने व्यवस्था छ ।

**३.४ अभियोजन संशोधन**

पहिले अभियोजन गर्दा लिएको माग दावी संशोधन गर्ने कार्यको रूपमा अभियोजन संशोधनको व्यवस्था गरिएको छ । अभियोजन गरी अदालतमा दायर भएको मुद्दामा थप प्रमाण फेला परी पहिले लिएको अभियोग माग दावी नै संशोधन गर्नुपर्ने देखिएमा संशोधन हुनसक्ने नयाँ व्यवस्था गरिएको छ । यसका लागि सम्बन्धित सरकारी वकिलले महान्यायाधिवक्ताको स्वीकृति लिई शुरू तहको अदालतमा संशोधनका लागि कारण खुलाई निवेदन दिनुपर्ने हुन्छ । त्यस्तो निवेदनउपर सम्बन्धित अदालतले संशोधन गर्ने अनुमति दिएमा अभियोग संशोधन हुन्छ । दायर भई सकेको मुद्दामा नयाँ प्रमाण फेला परेमा वा प्राप्त भएमा र त्यस्तो प्रमाणले अभियोगमा संशोधन गर्नुपर्ने अनिवार्यता भएमा मात्र अभियोग संशोधनको प्रकृया सरकारी वकिलले अघि बढाउनुपर्ने हुन्छ ।

**३.५.सानातिना कसुरमा अभियोजन नगर्ने**

कुनै खास किसिमका सानातिना कसुरमा मुद्दा दायर गर्नु व्यावहारिक नभएकोमा वा सार्वजनिक हितलाई खास असर नपर्ने देखिएमा सरकारी वकिलले महान्यायाधिवक्ताको स्वीकृति लिई त्यस्तो व्यक्ति विरूद्ध अभियोजन नगर्ने निर्णय गर्न सक्छ। सरकारी वकिलले यस्ता कसुरमा अभियोजन नगर्ने निर्णय गर्नु पूर्व त्यस्तो अभियुक्तलाई भविष्यमा त्यस्तो कसुर नगर्ने कबुलियत

गराउनु पर्ने र कसुरको बिगो जफत गरी पीडित भए निजलाई र नभए कोषमा दाखिल गर्नुपर्दछ । सानातिना कसुर अन्तर्गत पहिलो पटक गरेको एक हजारसम्मको बिगोको बगलीमारा कसुर, पहिलो पटकको भिक्षा माग्ने कसुर र पहिलो पटक गरेको तीन हजारसम्म जरिवानाको सजाय हुने वा एक महिनासम्म कैद वा दुवै सजाय हुने अन्य कसुर रहेका छन् । सानातिना कसुरमा सार्वजनिक हित र औचित्यताका आधारमा अभियोजन नगर्ने अधिकारको प्रयोगमा सरकारी वकिल जिम्मेवार हुनपर्ने देखिन्छ ।

**३.६.सजायको मागदावीमा छुट दिई अभियोजन गर्ने भूमिका**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ मा कुनै अभियुक्तले अनुसन्धान अधिकारीलाई कसुरको अनुसन्धान गर्न सहयोग पुऱ्याएमा त्यस वापत कानूनबमोजिम हुने सजायमा छुट हुन अनुसन्धान अधिकारीले सरकारी वकिल समक्ष सिफारिस गर्न सक्छ । यसरी सिफारिस भई आएमा वा मिसिल संलग्न कागजातबाट अभियुक्तले अनुसन्धानमा सहयोग गरेको देखिएमा सरकारी वकिलले त्यस्तो सिफारिस वा सहयोग विचार गरी सजायमा छुटको प्रस्ताव गरी शर्त सहितको मागदावी लिई अभियोजन गर्न सक्ने अधिकार रहेको छ । यस्तो छुट अभियुक्तले आफूले गरेको कसुर अनुसन्धान अधिकारी वा सरकारी वकिल समक्ष पूर्ण रूपमा स्वीकार गरी साबिती भएमा हुने सजायमा २५ प्रतिशतसम्म र अभियुक्तले आफू समेत संलग्न भएको कसुरमा साबित भई सो कसुरमा संलग्न अन्य कसुरदार वा गिरोह वा मुख्य व्यक्ति वा कसुरमा संलग्न अन्य व्यक्तिलाई पक्राउ गर्न वा कुनै संगठित वा समूहगत रूपमा भएको कसुर भए सो कसुरमा संलग्न अन्य व्यक्ति वा स्थान देखाउन वा कसुर सम्बन्धी दशी प्रमाण बरामद गर्न वा जफत गर्न सघाउ पुऱ्याएको भए हुने सजायमा ५० प्रतिशतसम्म छुटको दावी लिन सक्छ । दुवै प्रकारको छुटको दावी गर्दा अभियुक्तले त्यस्तो सहयोग गरेकोकुरा प्रष्ट रूपमा देखिनुपर्ने हुन्छ।सरकारी वकिल वा अनुसन्धानकर्ताको स्वविवेकमा यो छुटको दावी गर्न सकिँदैन ।

तर अभियुक्तले अदालतमा फरक बयान दिएमा वा प्रतिकूल प्रमाण दिएमा वा कसुर गरेकोमा इन्कार गरेमा वा न्यायिक कारबाहीमा सहयोग नपुऱ्याएमा उक्त सुविधा पाउन सक्दैन । उल्लिखित अवस्थामा सरकारी वकिलले प्रस्ताव गरिएको छुट सजाय रद्द गरी थप सजायको माग गरी अदालतमा निवेदन दिनु पर्ने र त्यस्तो निवेदन सोही अभियोग पत्रको अभिन्न अङ्ग हुने

व्यवस्था रहेको छ ।

**३.७. प्रमाणको प्रस्तुति र बहस पैरवी सम्बन्धी भूमिका**

सरकारवादी फौजदारी मुद्दामा अदालतमा अभियोगपत्र दायर भएपछि मुद्दाको सुनुवाइमा वादी पक्षको प्रतिनिधित्व सरकारी वकिलबाट हुने संवैधानिक तथा कानूनी व्यवस्था रहेको छ । सोहीअनुसार मुद्दामा प्रमाण पेस गर्ने तथा अदालतले खोजेका दिन साक्षी उपस्थित गराउने र साक्षीको परीक्षण गर्ने कार्य सरकारी वकिलबाट हुन्छ । प्रतिवादीका साक्षीलाई जिरह गर्ने तथा प्रतिवादीका प्रमाणको खण्डन गर्ने दायित्व पनि सरकारी वकिलमा रहन्छ । साथै अदालतमा हुने त्यस्ता मुद्दाको सुनुवाइमा सहभागी भई सरकारको तर्फबाट तर्कपूर्ण बहस पैरवी गर्ने, फैसलामा चित्त नबुझेमा पुनरावेदन गर्ने जस्ता जिम्मेवारी सरकारी वकिलमा निहित रहेको छ । यो कार्यमा अपराध पीडित तथा साक्षीसँगको समन्वय, विशेषज्ञ तथा प्रहरीको सहयोग आवश्यक हुने हुँदा उनीहरूसँग समन्वय कायम गर्ने भूमिका सरकारी वकिलमा रहन्छ । साथै सम्बद्ध मिसिल, न्यायिक सिद्धान्त र कानूनको अध्ययन बहस पैरवीका लागि गर्न महत्वपूर्ण आधार हुने हुँदा सरकारी वकिलको यस कुरामा पनि ध्यान जान आवश्यक छ । ♦♦

भजन

## तिम्रै नाममा



✍ **दिपकराज विश्वकर्मा**

हर हर महादेव, हर हर महादेव..
यो मन यो तन अब तिम्रै नाममा
तिमीमै रैछ खुसी, तिमीमै रैछ शान्ति
अब हाँसी हाँसी यो जीवन तिम्रै नाममा......

दुःखको जीवन बाँचे सुखको जीवन बाँचे
कैले रोएँ, कैले हाँसे
लोभको जीवन बाँचे मैले, मोहको जीवन बाँचे
अब बाँच्न बाँकी यो जीवन तिम्रै नाममा
अब हाँसी हाँसी यो जीवन तिम्रै नाममा......

एक दिन त मर्नु छँदै छ, तर मरेर कहाँ हो जाने
आफै खरानी, के छ र लानी
लुटेर जीवन बाँचे, कहिले खोसेर जीवन बाँचे
साँची राखेको यो जीवन तिम्रै नाममा
अब हाँसी हाँसी यो जीवन तिम्रै नाममा......

# सार्वजनिक सरोकारको विवाद



✍ सहन्यायाधिवक्ता
सोमकान्ता भण्डारी °

मुद्दाका पक्षहरूको मात्र हित समावेश भएको नभई मुद्दामा पक्ष नबनेका वा तेस्रो पक्षको हित वा सरोकार भएको सार्वजनिक प्रकृतिका विवादलाई सार्वजनिक सरोकारको विवाद भनिन्छ । यो कानूनी सहायता प्रदान गरी सामाजिक, आर्थिक न्याय प्रदान गर्ने, न्याय सर्वसुलभ बनाउने, उजुर गर्ने हकदैयाको उदारता र न्यायिक सकृयताको अवधारणासँग सम्बन्धित विवाद हो । कुनै खास व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हक वा सरोकारमा मात्र सिमित भएको विवाद नभई सर्वसाधारण जनता वा कुनै जन समुदायको सामूहिक हक वा सरोकारसँग सम्बन्धित विवाद सार्वजनिक सरोकारको विवाद हो । सार्वजनिक हक वा सरोकारको विवाद व्यक्तिगत हक वा सरोकारमा मात्र सिमित भएको विवाद नभएर सर्वसाधारण जनता वा कुनै जनसमुदायको सामूहिक हित वा सरोकारसँग सम्बन्धित हुनु पर्दछ ।[१]

सर्वोच्च अदालतले[२] "सार्वजनिक हक वा सरोकारको विवाद भन्नाले कुनै खास व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हक वा सरोकारमा मात्र सीमित भएको विवाद नभएर नेपाल अधिराज्यको सर्वसाधारण जनता वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसँग सम्बन्धित भएको विवादको बोध हुन्छ, कुनै विवाद सार्वजनिक हक वा सरोकारको हो वा होइन भन्ने कुराको निर्णय त्यो विवाद सर्वसाधारण जनताको वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसँग सम्बन्धित छ वा कुनै खास

[°] सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं।

१. श्रीकृष्ण मुल्मी, सार्वजनिक सरोकारको विवाद, न्याय प्रशासनका आयामहरू, (२०७६), सोपान मासिक, काठमाडौं, पृ. ४९१ ।

२. राधेश्याम अधिकारी वि. मन्त्रिपरिषद् सचिवालय समेत, नेकाप २०४८, अंक १२, नि.नं. ४४३०, पृ. ८१० ।

व्यक्ति वा व्यक्तिहरूको हक वा सरोकारसँग सम्बन्धित छ भन्ने आधारमा गर्नुपर्ने" उल्लेख गरेको छ ।

सार्वजनिक सरोकारको विषयहरूमा प्रत्यक्षतः प्रभावित नहुने व्यक्तिले समेत अदालतमा प्रवेश गर्न पाउने र त्यस्ता विवादको सुनुवाइ गर्न अदालतलाई क्षेत्राधिकार रहन्छ । सर्वसाधारण जनता वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकार भन्नाको तात्पर्य जनसाधारणको संख्यात्मक गणनासँग सार्वजनिक हक वा सरोकारलाई सम्बन्धित गराउनु पनि होइन । कुनै हक वा सरोकारले सार्वजनिकताको रूप ग्रहण गर्नको लागि त्यो हक वा सरोकारमा सम्पूर्ण वा अधिकांश जनताको वा जनसमुदायको अधिकांश संख्याको हक वा सरोकार निहित हुनु आवश्यक छैन । यदि कुनै कुराले जनसाधारणको (जसको निश्चित संख्या साधारणतः थाहा हुँदैन) सामान्य हक हित वा स्वार्थको प्रतिनिधित्व गर्दछ भने त्यस कुरामा सकृय रूपमा चासो लिने वा त्यसबाट यथार्थमा लाभ प्राप्त गर्ने व्यक्तिहरूको संख्या अत्याधिक नभए पनि त्यो कुरा सार्वजनिक हक वा सरोकारको हुन सक्दछ ।[३] Public Interest Litigation का विवादहरूलाई असक्षम वा कमजोर पक्षको प्रतिनिधित्वको रूपमा पनि लिइन्छ । यस्ता मुद्दाहरूबाट सामाजिक, आर्थिक पछौटेपन लगायतका कारणबाट न्यायमा पहुँच नपुग्ने वर्गको सामाजिक आर्थिक हितको संरक्षण हुने विश्वास गरिन्छ । अमेरिकीहरूले यसलाई Public Law Litigation, भारतीयहरूले Social Action Litigation, बेलायतीहरूले Test Case र नेपालमा सार्वजनिक सरोकारको विवाद नामाकरण गरेको पाइन्छ ।

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको हक, हित वा सरोकार वा सार्वजनिक हित वा सरोकार निहित रहेको विवादमा अदालतको अनुमति लिई जुनसुकै व्यक्तिले फिरादपत्र दिन सक्ने व्यवस्था छ । त्यस्तो अनुमति लिनका लागि फिरादपत्रसँगै छुट्टै निवेदन दिनु पर्दछ । अदालतबाट अनुमति पाएमा फिरादपत्र दायर गर्न सकिने" व्यवस्था छ ।[४]

संविधानमा औपचारिक रूपमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ को उपधारा (२) ले कुनै

३. राधेश्याम अधिकारी वि. मन्त्रिपरिषद् सचिवालय समेत, नेकाप २०४८, अंक १२, नि.नं. ४४३०, पृ. ८१० ।

४. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ९१ ।

सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी वा संवैधानिक प्रश्नको निरूपण गर्ने क्षेत्राधिकार सर्वोच्च अदालतलाई दिइएको थियो । जुन व्यवस्थालाई पछिल्ला सबै संविधानहरूले निरन्तरता दिएका छन् ।

सार्वजनिक सरोकारको विवादको माध्यमबाट मानव अधिकारको संरक्षण हुन्छ । समानताको हक सुनिश्चित हुन्छ । मुलुकमा कानूनको शासन कायम राख्न मद्दत गर्दछ । सरकार र संसद संविधान र कानूनप्रति उत्तरदायी हुन्छ । सामाजिक न्याय प्रदान गर्न सकिन्छ । कमजोर र असहाय पक्षको प्रतिनिधित्व गर्न मद्दत गर्दछ । न्यायमा पहुँच वृद्धि गर्दछ । समग्रमा मुलुकको सामाजिक, सांस्कृतिक, आर्थिक रूपान्तरणमा यसले सकारात्मक प्रभाव पार्दछ ।

सार्वजनिक सरोकारको विवादका क्षेत्र यति नै भनी किटान गर्न सकिँदैन । सर्वसाधारण जनता वा कुनै जनसमुदायको सामूहिक हित वा स्वार्थको प्रतिनिधित्व गर्ने वा त्यस्तो हित वा स्वार्थ अनुकूल वा प्रतिकूल प्रभाव पार्ने कुनै पनि कुरा सार्वजनिक सरोकारको विषय हुन सक्दछ । देशको सुरक्षा, शासन व्यवस्था, सामाजिक शान्ति, जनसाधारणको शिक्षा, स्वास्थ्य र नैतिकता, देशको आर्थिक अवस्था, मूल्य वृद्धि, संविधानमा राज्यका नीति, निर्देशक सिद्धान्तको रूपमा व्यवस्थित सामाजिक न्यायका कुराहरू इत्यादि विभिन्न कुराहरूसँग जनसाधारणको सरोकार रहेको हुन्छ । यथार्थमा सार्वजनिक सरोकारको विषय यति नै हो भनेर किटान गर्न सकिन्न ।[५] सर्वोच्च अदालतले एक रिट निवेदनमा सार्वजनिक सरोकारका विवादहरू देहाय बमोजिम हुन सक्ने उल्लेख गरेको छ :[६]

- राज्यको ढिलाइ वा Inaction को कारण विभिन्न वर्ग, जातजाति, लिङ्ग, समूह, भाषा भाषी आदि नागरिकको विभिन्न समूह संविधानको भाग ३ ले प्रदान गरेको मौलिक हक उपभोग गर्नबाट वञ्चित हुनु परेको विषय,
- राज्यले क्रमशः लागू गर्ने निर्देशक सिद्धान्तलाई वेवास्ता गरेको कारण मौलिक हक उपभोग गर्नबाट वञ्चित हुनु परेको विषय,
- राज्यको तर्फबाट वर्तमान संविधानको प्रस्तावना खास गरी प्रस्तावनाको

५. राधेश्याम अधिकारी वि. मन्त्रिपरिषद् सचिवालय समेत, नेकाप २०४८, अंक १२, नि.नं. ४४३०, पृ. ८१० ।

६. सुनिलबाबु पन्त वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेकाप २०६५, अंक ४, नि.नं. ७९५८, पृ. ४८५ ।

चौथो प्रकरणको व्यवस्था र भावना विपरीत हुने कार्य भएको अवस्थामा,

- न्यायपालिकाको स्वतन्त्रता र संविधान बमोजिम स्वतन्त्र भएर काम गर्नुपर्ने अन्य संवैधानिक निकायको स्वतन्त्रतामा हस्तक्षेप सम्बन्धी विषय,
- वातावरण प्रदूषण सम्बन्धी विषय,
- संविधानको धारा १३(३) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएका विशेष व्यवस्था गरी संरक्षण र सशक्तीकरण गर्न सकिने जातजाति वा व्यक्ति वा वर्गको हक, हित सम्बन्धी विषय,
- संविधानको भाग ३ र ४ मा उल्लिखित अन्य व्यक्ति वा समूह वा वर्गको हक, हित सम्बन्धी विषय,
- नेपालको प्राकृतिक श्रोत सम्पदा जस्तैः सार्वजनिक जग्गा, नदीनाला, वनजंगल आदि Public Trust Doctrine अन्तर्गत पर्ने विषय,
- नेपालको सांस्कृतिक सम्पदा सम्बन्धी ऐतिहासिक र पुरातात्विक विषयहरू,
- कार्यपालिकाले आफ्नो संवैधानिक कर्तव्य पालना नगरेको कारणबाट नागरिकहरूको कुनै वर्ग वा समूह वा जातजाति पीडित हुन परेको विषय आदि ।

यस प्रकृतिको विवादमा हकदैया उदार हुन्छ । सार्वजनिक सरोकारको विवादमा मर्का पर्ने व्यक्ति नै निवेदन लिएर आउन पर्छ भन्ने हुँदैन तर त्यो विवादको विषय वस्तुसँग निजको सार्थक सम्बन्ध (Meaningful Relation) वा तात्विक सरोकार (Substantial interest) हुनै पर्छ र साथै विवादमा मुछिएको सार्वजनिक हक वा सरोकारसँग सम्बन्धित जनसाधारणको प्रतिनिधित्व निजले सही रूपमा गर्न सक्दछ भन्ने कुराको पनि निजले अदालतलाई विश्वास गराउन सक्नु पर्छ ।[७] यसमा उजुरकर्ता, विपक्षी र न्यायकर्ता सबैको एउटै उद्देश्य सार्वजनिक हित कायम गर्नु हुन्छ । कुनै पक्ष वा विपक्ष भन्ने हुँदैन । परम्परागत मुद्दामा जस्तो प्रतिद्वन्द्वात्मक Party Structure हुँदैन । सार्वजनिक सरोकारको विवादमा जे आदेश भए पनि कुनै पक्षको हार वा जित भएको नभई सार्वजनिक हित रक्षा भएको मानिन्छ ।

न्यायिक सक्रियता र सार्वजनिक सरोकारको विवादसँगसँगै हिंड्ने विषय हुन् ।[८] यिनीहरू एउटै सिक्काका दुई

७. राधेश्याम अधिकारी वि. मन्त्रिपरिषद् सचिवालय समेत, नेकाप २०४८, अंक १२, नि.नं. ४४३०, पृ. ८१० ।

८. सर्वोच्च अदालतद्वारा जारी गरिएका निर्देशनात्मक आदेशहरूको कार्यान्वयनको अवस्था, (२०७१), राष्ट्रिय न्यायिक प्रतिष्ठान, हरिहरभवन, ललितपुर, पृ. १ ।

पाटाका रूपमा लिइन्छ । न्यायिक सकृयताबाटै सार्वजनिक सरोकारको विवाद हेर्ने र आदेश दिने गरिएको पाइन्छ । राज्यका निकायहरूले आफ्नो संवैधानिक र कानूनी जिम्मेवारी जनताप्रति उत्तरदायी भई संविधान र कानून अनुकूल निर्वाह गर्दासम्म अदालतले न्यायिक सक्रियता वा सार्वजनिक सरोकारको विवाद मार्फत हस्तक्षेप गर्दैन । सार्वजनिक सरोकारको विवादको विषयले मूलतः देहायका विषेशताहरूलाई समेटेको पाइन्छ :[९]

- समाजका सीमान्तकृत जनताको संवैधानिक र कानूनी हक अधिकार संरक्षण र प्रचलन गराउने । त्यसमा उनीहरूको सहज पहुँच कायम गराउने,
- सरकारको असक्षमता र अकर्मण्यताको कारणले सिर्जना भएका जनसरोकारका मुद्दाहरूलाई उजागार गराउने, तिनको सम्बोधन गराउने । सरकारलाई जनताप्रति उत्तरदायी बनाउने ।
- जनसरोकारका विषयहरूको नीति निर्माणमा नागरिक समाजको संलग्नता गराउने ।
- संवैधानिक प्रकृतिका विवादहरूको निरोपणमा जनसहभागिताको अभिवृद्धि गर्ने ।

सार्वजनिक सरोकारका विवादले पारेका सकारात्मक पक्षहरू देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :

- आर्थिक, सामाजिक, सांस्कृतिक न्याय प्रदान गर्न,
- सामाजिक समावेशीकरण कायम गर्न,
- कानूनी शासनको प्रत्याभूति गर्न,
- कमजोर र असहाय पक्षको प्रतिनिधित्व गरी न्यायमा पहुँच पुऱ्याउन,
- पूर्ण न्यायको प्रत्याभूति गर्न,
- अदालतप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्न,
- परम्परागत मुद्दाको संरचना र स्वरूपमा परिवर्तन गर्न,
- सरकार र संसदलाई संविधान र कानूनप्रति उत्तरदायी बनाउन,
- मानव अधिकारको संरक्षण गर्न,

यसै गरी यसका नकारात्मक पक्षहरू पनि रहेका छन् । जुन निम्न बमोजिम उल्लेख गर्न सकिन्छ :

- व्यक्तिगत वा समूहगत स्वार्थका लागि प्रयोग भएको,
- प्रकृयागत रूपमा सुधार नभएको,
- मूल रूपमा कानून व्यवसायी र सीमित गैरसरकारी संस्थाहरूबाट मात्र प्रयोग भएको,
- निश्चित मापदण्डहरूको विकास नभई न्यायाधीशको व्यक्तिगत स्वभाव र प्रवृत्तिबाट प्रभावित भएको,
- Real needy people को हित

९. ऐजन, पृ. ९ ।

संरक्षण हुन सकेको छैन । Elite वर्गको हित भएको छ ।

- अदालतको कार्यबोझ अत्याधिक बढेको छ । कैयौं पुराना र गम्भीर मुद्दाहरू ओझेलमा परेका छन् ।
- मूलतः शहर केन्द्रित समस्यामा मात्र केन्द्रित भएको छ । ♦♦♦

लघुकथा

# चुनावी ज्वरो



✍ **देवकी के.सी**

रत्नमाया पचास कट्नै आँटेकी थिइन् । अकालमै लोग्ने गुमाउँदा पनि एक्लो छोरो रतनको मुख हेरेर रत्नमायाले अर्को घरबार जोड्न चाहिनन् । स्थानीय निर्वाचन नजिकिँदै गर्दा गाउँमा नयाँ पार्टी खोल्ने, पार्टी परिवर्तन गर्न, सदस्यता लिनेको लहर बढेको थियो ।

कखहरा समेत नजानेकी रत्नमायालाई पनि गाउँमा भर्खरै खोलेको कुनै नयाँ पार्टीले गाउँपालिकाको उमेदवार बनायो । गाउँमा पहिलेदेखि नै राजनीतिमा सकृय रतनलाई नि अर्को पार्टीले गाउँपालिका प्रमुखको उमेदवार बनायो । आफ्ना आफ्ना पार्टीका नेताका झोला र घोषणापत्र बोकेर चुनाव प्रचारप्रसारमा आमाछोरा गाउँ गाउँ डुल्न थाले । आफ्नै छोरालाई हराउनका लागि परेको भन्दै रतन आमासित निकै रिसायो । चुनाव नजिकिँदै गर्दा आमाछोराको बोलचालनै बन्द भयो ।

स्थानीय निर्वाचन सकियो । नतिजा आउने क्रम चल्दै थियो । चुनावमा न त रत्नमायाको जित भयो, न त रतनको नै । बेकारमा आमा र छोराको सम्बन्धमा दरार उत्पन्न भयो चुनावले । चुनावको हारको तनावले रतनलाई हनहन्ती ज्वरो आएर थला पर्‍यो ।

छोरो थला परेपछि आमाको मन निकै दुख्यो । रत्नमाया सधैं बिरामी छोराको सेवा गर्न थालिन् । आफू बिरामी हुदाँ आफ्नो आमालाई अघिल्तिर देखेर उनको हातको स्पर्शले रतनको खुसीको सिमानै रहेन । हिजो पार्टी, सिद्धान्त र नेता भनेर जति रीस गरे पनि आमाको साथ भन्दा ठूलो पार्टी हुन्न रैछ रतनले मनमनै सोच्यो । ओछ्यानबाट नै रतनले रत्नमायाको मुहार हेरेर मुस्कुराउँदै भन्यो-आमा ।

# दर्शनशास्त्रको अनुभव र अध्ययन



✍ पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

भागवद् गीताको २-११ देखि लिएर २-३० श्लोकसम्म भगवान श्री कृष्णले विशेष रूपबाट देही-देह, नित्य-अनित्य, सत्-असत्, अविनाशी-विनाशी, यी दुवैलाई विवेकको लागि अर्थात यी दुवैलाई अलग-अलग बताउनको लागि नै हो किनकी जबसम्म "देही अलग हो र देह अलग हो" यो विवेक हुँदैन, तबसम्म कर्मयोग, ज्ञानयोग, भक्तियोग आदि कुनै पनि योग अनुष्ठानमा आउँदैन । यति मात्र होइन, स्वर्गादी लोकहरूको प्राप्तिको लागि पनि देही- देहको भेदलाई सम्झनु आवश्यक छ किनकी यदि देह भन्दा अलग देही हुँदैन भन्ने, देह मरेपछि स्वर्ग को जान्छ ? अतः जति पनि आस्तिक दार्शनिक छन्, ती चाहे अद्वैतवादी हुन्, चाहे द्वैतवादी हुन्, कुनै पनि मत अथवा विचार किन नहुन्, सबै शरीरी-शरीरको भेदलाई मान्दछन् । त्यही कुरा भगवान श्री कृष्णले गीतामा स्पष्ट गर्न खोज्नु भएको हो ।

यस विषयमा माथि उल्लेखित श्लोकहरूमा भगवानले जे कुरा भन्नु भएको छ । त्यो प्रायः सम्पूर्ण मनुष्यहरूको अनुभवको कुरा छ । जस्तो, देह बदलिन्छ र देही बदलिँदैन । यदि देही बदलिएको भए, तब देह बदलिएको कसले जान्दथ्यो ? पहिले बाल्यावस्था थियो, फेरि जवानी आयो, कहिले बिमारी आयो, कहिले बिमारी निको भयो । यस प्रकार अवस्था त बद्लिरहन्छ तर यी सबै अवस्थाहरूलाई जानेवाला देही त्यही रहन्छ । अतः बदल्नेवाला र नबदल्नेवाला यी दुवै कहिले पनि एक हुन सक्तैनन् । यसको सबैलाई प्रत्यक्ष अनुभव छ । यस कारण भगवानले यस विषयमा आत्मा- अनात्मा, ब्रह्म-जीव प्रकृति-पुरूष, जड-चेतन, माया-अविधा आदि दार्शनिक शब्दहरूको प्रयोग गर्नु भएको छैन । किनकी मानिसहरूले दार्शनिक कुराहरू (शब्दहरू) केवल सिकाउनको लागि मानिराखेका छन् अर्थात यी कुराहरूलाई पढाइको विषय मानिरहेका छन् । यी कुराहरूलाई विचार गरेर भगवानले यस प्रकरणमा दार्शनिक

शब्दहरूको प्रयोग नगरेर, देह-देही, शरीर -शरीरी असत्-सत, विनाशी-अविनाशी आदि शब्दहरूको प्रयोग गर्नु भएको छ । जसले यी दुवैको फरक (भेद) जान्दछन् । उनीहरूलाई कति पनि शोक हुँदैन तर जो खाली दार्शनिक कुरा मात्र सिक्दछन् उनीहरूको शोक (चिन्ता) दुर हुँदैन ।

दर्शनशास्त्रको पढाइ गर्नु र अनुभव गर्नु फरक कुराहरू हो । यसमा धेरै ठूलो अन्तर छ । पढाइमा ब्रह्म ईश्वर जीव, प्रकृति र संसार यी सबै ज्ञानको विषय हुन्छन् अर्थात पढाइ गर्नेवाला त ज्ञात हुन्छन् र ब्रह्म, ईश्वर आदि इन्द्रियहरूको र अन्तःकरणको विषय हुन्छ । पढाइ गर्नेवाला त जानकारी बढाउन चाहन्छन् । विद्याको संग्रह गर्न चाहन्छन् तर जो साधक मुमुक्ष, जिज्ञासु र भक्त हुन्छन्, उनीहरू अनुभव गर्न चाहन्छन् अर्थात प्रकृति र संसारबाट सम्बन्ध-बिच्छेद गरेर तथा आफूले आफूलाई जानेर, ब्रह्मको साथ अभिन्नताको अनुभव गर्न चाहन्छन्, ईश्वरको शरण हुन चाहन्छन् ।

सत्- असत्को विवेक मानिस यदि आफ्नो शरीरमाथि गर्दछ भन्ने ऊ साधक हुन्छ र यदि संसार माथि गर्दछ भन्ने विद्वान हुन्छ । आफूलाई अलग राखेर संसारमा सत्-असत्को विवेक गर्ने वाला मनुष्यवाचक (सिकेको) ज्ञानी त बन्दछ तर उसलाई अनुभव हुन सक्दैन । परन्तु आफ्नो देहमा सत् असतको विवेक गर्नाले मनुष्य वास्तविक (अनुभवी) ज्ञानी हुन सक्दछ । यसको तात्पर्य यो हो कि संसारमा सत्-असत्को विवेक केवल पण्डित्याँइको लागि हो । जबकी गीता पण्डित्याँइको लागि होइन । यस कारण भगवानले दार्शनिक शब्दहरूको प्रयोग नगरेर देह-देही, शरीर-शरीरी जस्तो सामान्य शब्दहरूको प्रयोग गर्नु भएको छ । जो संसारमा सत्-असत्को विचार गर्दछन्, उनीहरू आफूलाई अलग राख्दै, आफूलाई ज्ञानको अधिकारी बनाउदछन् परन्तु आफूमा देह-देहीको विचार गर्नाले मनुष्य मात्र ज्ञान प्राप्तिको अधिकारी हो । अनुभव गर्नको लागि देह-देहीको विवेचना उपयोगी छ साथै सिरवनको लागि तत्वको विवेचना उपयोगी छ । यस कारण साधक अनुभव गर्न चाहन्छ भने सब भन्दा पहिले उसले शरीरबाट आफूलाई अलग अनुभव गर्न पऱ्यो । शरीर शरीरीको सम्बन्धबाट रहित छ र शरीरी शरीरको सम्बन्धबाट रहित छ अर्थात "म शरीर होइन" उसले जति सच्चाइबाट, दृढताबाट, विश्वासबाट र निःसन्देहताबाट शरीरको सत्ता-महत्ता मानेको छ, उति नै सच्चाइबाट दृढताबाट, विश्वासबाट र निःसन्देहबाट स्वयम् (स्वरूप) को सत्ता-महत्ता मान्नु पऱ्यो र अनुभव गर्नु पऱ्यो ।

शरीर केवल कर्म गर्ने साधन

हो र कर्म केवल संसारको लागि हुन्छ । जस्तो जब कुनै लेखक जब लेख्न बस्दछ तब ऊ लेखनीलाई ग्रहण गर्दछ र जब लेख्न बन्द गर्दछ तब लेखनीलाई यथास्थानमा राखिदिन्छ । यस्तै साधकले कर्म गर्न समयमा शरीरलाई स्वीकार गर्नु पर्‍यो र कर्म समाप्त भएपछि शरीरलाई ज्यों-का-त्यो राखिदिनु पर्‍यो । उसबाट असंग भइहाल्नु पर्‍यो किनकी हामीले केही पनि गर्दैनौं शरीरको जरूरत नै हुँदैन । साधकको लागि खास कुरा यो हो कि, जानेको असत्‌को त्याग, साधक जसलाई असत् जान्दछ, उसलाई उसले त्याग गरिदियोस् यति गर्न सक्यो भन्ने उसको साधन सहजै, सुगम भइहाल्छ र जल्दी सिद्ध भइहाल्दछ । साधकलाई आफ्नो साध्यमा जो प्रियता छ, त्यही साधन भनिन्छ । त्यो प्रियता कुनै वस्तु, व्यक्ति, योग्यता, सामर्थ्य आदिद्वारा अथवा कुनै अभ्यासद्वारा प्राप्त हुँदैन, प्रत्युत साध्यमा आफ्नोपन हुनाले प्राप्त हुन्छ । साधक जसलाई आफ्नो मान्दछ, उसमा उसको प्रियता स्वतः भइहाल्छ तर वास्तविक आफ्नोपन त्यस वस्तुबाट हुन्छ जसमा चारवटा कुराहरू हुन्छन् ।

१. जोसँग हाम्रो सधर्मता अर्थात स्वरूपगत एकता हुन्छ ।
२. जोसँग हाम्रो सम्बन्ध नित्य रहनेवाला हुन्छ ।
३. जोसँग हामी कहिले केही चाहँदैनौं ।
४. हामीसँग जे छ, यो सब उसलाई समर्पित गरिदिनु पर्छ ।

यी चारै कुरा भगवानमा नै लाग्न सक्छ किनकी शरीर र संसारसँग हाम्रो सम्बन्ध नित्य रहनेवाला छैन । साथै शरीर र संसारसँग हाम्रो स्वरूपगत एकता पनि छैन। प्रतिक्षण बदल्नेवालासँग, कहिले नबदल्नेवालाको एकता कसरी हुन सक्छ ? शरीरसँग जो एकता देखिन्छ त्यो वास्तविक होइन । प्रत्युत मानिएको हो । मानिएको एकता कर्तव्य पालन गर्नाको लागि हो । यसको तात्पर्य यो हो कि जससँग हाम्रो मानिएको एकता छ, उसको सेवा त हुन सक्दछ तर उसँग आफ्नोपन हुन सक्दैन ।

जानिएको असत्‌लाई त्याग गर्नको लागि यो आवश्यक छ कि साधकले विवेक विरोधी सम्बन्धलाई त्याग गर्नुपर्दछ । जससँग हाम्रो न त नित्य सम्बन्ध छ र न स्वरूपगत एकता नै छ यसलाई आफ्नो र आफ्नो लागि मान्नु विवेक विरोधी सम्बन्ध हो । यस दृष्टिबाट शरीरको आफ्नो र आफ्नो लागि मान्नु विवेक विरोधी हो । विवेक विरोधी सम्बन्ध रहँदा सम्म कुनै पनि साधना सिद्ध हुन सक्दैन । शरीरसँग सम्बन्ध रहे सम्म कोही कसैले जस्तोसुकै तप गरोस्, समाधी लगाओस् लोक-लोकान्तरमा घुमेर आओस्, तैपनि उसको मोहको नाश त त्यो सत्य तत्वको प्राप्ति

हुन सक्दैन । विवेक विरोधी सम्बन्धको त्याग हुने वित्तिकै मोहको नाम भइहाल्छ तथा सत्य तत्वको प्राप्तिको भइहाल्छ । यस कारण विवेक विरोधी सम्बन्धको त्याग नभए सम्म साधकले चैनसँग बस्नु हुँदैन । यदि हामी शरीरबाट मानिएको विवेक विरोधी सम्बन्धलाई त्याग नगरे पनि शरीर हाम्रो त्याग गरिदिन्छ । जो हाम्रो त्याग आवश्यक गर्दछ, उसलाई त्याग गर्नेमा के कठिनाइछ ? यस कारण कुनै पनि मार्गमा कुनै पनि साधक किन नहोस् उसले यस सत्यलाई स्वीकार गर्नु पर्दछ । कि "शरीर म होइन" शरीर मेरो होईन "र शरीर मेरो लागि होइन" किनकी म अशरीरी हुँ, मेरो स्वरूप अव्यक्त छ ।

जबसम्म साधकको शरीरसँग म र मेरोपन सम्बन्ध रहन्छ, तबसम्म साधना गर्दा पनि सिद्धि हुँदैन र ऊ शुभ कर्महरूबाट सार्थक चिन्तनबाट र स्थितिको आसक्तिबाट बाधिई रहन्छ । त्यो यज्ञ, तप, दान आदि ठूला-ठूला शुभ कर्म गरून्, आत्माको अथवा परमात्माको चिन्तन गरून अथवा समाधिमा पनि स्थित भइहाल्नु तैपनि उसको बन्धन सर्वथा मेटिँदैन किनकी शरीरको साथ सम्बन्ध सर्वथा मेटियो भने उसद्वारा अशुभ कर्म हुँदैन, शुभ कर्ममा पनि आसक्ति रहदैन । उसद्वारा निरर्थक चिन्तन त हुँदै हुँदैन, सार्थक चिन्तनमा पनि आसक्ति रहँदैन । उसमा चन्चलता त रहदै रहँदैन । समाधिमा स्थिरतामा अथवा निर्विकल्प स्थितिमा पनि आसक्ति रहदैन । त्यस प्रकार स्थल शरीरबाट हुनेवाला कर्ममा, सुक्ष्म शरीरबाट हुनेवाला स्थिरतामा आसक्तिको नाश भएपछि उसको साधना सिद्ध भइहाल्छ अर्थात मोह नष्ट भइहाल्छ र सत्य तत्वको प्राप्ति भइहाल्छ । यस कारण भगवानले आफ्नो उपदेशको आरम्भमा शरीरको सम्बन्ध सर्वथा मिटाउनको लागि शरीर-शरीरीको विवेकको वर्णन गर्नु भएको हो । ♦♦

## मुक्तक



✍ **मात्रिका घिमिरे**

गल्ती जानेर वा भुक्किएर नजानी हुने हो
सदुपयोग नगरे समय, बगेको पानी हुने हो
फाईँफुट्टी लाउदै कुरा, जति गरे पनि ठूला
जिन्दगी जलेर एक दिन, खरानी हुने हो

रिसराग हुन्छ कोहीमा, के ले अप्ठ्यारो भाको होला ?
कोहीसँग माया पाउनलाई, किन गाह्रो भाको होला ?
खुसी दिन खुसी लिन, माया ममता नभई नहुने
कहिलेदेखि माया शब्द, यति प्यारो भाको होला ?

# सरकारवादी फौजदारी मुद्दाको मिलापत्रमा प्रहरीको भूमिका



✍ प्र.उ. मोहन कुमार थापा

**विषय प्रवेशः–**

सामान्यतया अड्डा अदालतमा चलिरहेको मुद्दामा झगडाको अन्त्य गरी विवाद समाधान गर्ने कुरामा मुद्दाका पक्षहरू बीच सहमति जनाई लिखित रूपमा अदालतमा पेश गरी प्रमाणित गराइने लिखतलाई मिलापत्र भनिन्छ । मिलापत्र मुद्दाका पक्षहरू बीच भएको आपसी सहमति हो । मुद्दामा हुने मिलापत्रले समय, श्रम र धनको क्षति हुनबाट मात्र जोगाउने होइन, मिलापत्रबाट दुवै पक्षको जित सुनिश्चित गर्दछ । अदालतबाट हुने फैसलाबाट एक पक्षको जित र अर्को पक्षको हार हुन्छ भने मिलापत्रबाट दुवै पक्षको जित हुन्छ । मिलापत्रबाट विवादको समाधान भई मुद्दा मामिलाबाट हुन सक्ने अशान्ति र विभिन्न फौजदारी घटनाहरूको सिर्जना हुन पाउदैन । त्यसैले मिलापत्रलाई शान्तिको प्रतिक पनि मानिन्छ । प्रमाण ऐन, २०३१ को दफा ९(२) (ग) अनुसार मिल्ने उद्देश्यले कुनै पक्षले आफ्नो दावी पुरै वा आंशिक रूपमा छोड्न वा कुनै व्यक्तिलाई कुनै रकम वा कुनै सेवा प्रदान गर्न स्वीकार गरेको कुरा निजको विरूद्ध प्रमाण लिन हुँदैन भन्ने व्यवस्था छ । मिलापत्र गर्ने उद्देश्यले व्यक्त गरेको कुरालाई प्रमाणमा लिने हो भने मिलापत्रको प्रकृयामा मुद्दाका पक्षहरू जान समेत डराउने सम्भावना भएकोले प्रमाण ऐनमा यो व्यवस्था गरिएको हो ।

फौजदारी न्याय प्रणालीको प्रमुख उद्देश्य कसुरको निष्पक्ष अनुसन्धान र स्वचछ पुर्पक्ष गरी कसुरदारलाई दण्ड दिनु, पीडितलाई न्याय प्रदान गर्नु र निर्दोषलाई संरक्षण गर्नु भएकोले सरकारवादी हुने फौजदारी मुद्दाहरूमा सामान्यतया कानूनी रूपमा अदालतमा मिलापत्र गरिँदैन । यद्यपि राज्यको स्वार्थ नजोडिएको वा कसुरदारलाई सजाय नै गर्नुपर्ने किसिमको सार्वजनिक स्वार्थ नरहेका देवानी दायित्व भित्र पर्ने कतिपय

मुद्दाहरूमा मिलापत्र गर्ने कानूनी व्यवस्था विश्वका धेरै देशहरूमा रहेको पाइन्छ ।

नेपालमा समेत साविक मुलुकी ऐन, २०२० र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा समेत सरकारवादी हुने फौजदारी मुद्दामा मिलापत्र हुने व्यवस्था भएको भए तापनि सरकारवादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्ने अभ्यासको कमी थियो । हाल प्रचलनमा रहेको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ मा फौजदारी मुद्दामा मिलापत्र हुन सक्ने कानूनी व्यवस्था रहेको छ । जसअनुसार नेपाल सरकार वादी भई चलेको मुद्दा भए तापनि सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा मिलापत्रको माध्यमबाट विवादको समाधान गर्न सकिने व्यवस्था रहेको छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले मिलापत्र सम्बन्धी गरेको कानूनी व्यवस्थाको अभ्यास हुन थालेको देखिन्छ । यस कानूनी व्यवस्थाको धेरै भन्दा धेरै अभ्यास गर्न सकिएमा अदालत, सरकारी वकिल र प्रहरीमा हुने मुद्दाहरूको चापलाई व्यवस्थापन गर्न सहज हुने देखिन्छ । यसका लागि अदालत र महान्यायाधिवक्ताको कार्यालयबाट समेत विभिन्न प्रयास र पहल समेत हुँदै आइरहेका छन् । मिलापत्र सम्बन्धी कानूनी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वियन गर्न र कार्यविधिमा एकरूपता कायम गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयबाट विभिन्न परिपत्रहरू जारी गरिएका छन् । मिलापत्र हुने मुद्दाहरू, मिलापत्र सम्बन्धी कानूनी व्यवस्थालाई कार्यान्वियन गर्ने प्रकृया, यसमा प्रहरीको भूमिका र यसको प्रभावकारी अभ्यास र कार्यान्वियनको सम्बन्धमा अझै पनि प्रहरीमा अन्यौल र दुविधा रहेकोले यस लेखमा यसैमा केन्द्रित भई विस्तृत रूपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

**सरकारवादी हुने फौजदारी मुद्दाहरूः**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २ (ठ) अनुसार फौजदारी मुद्दा भन्नाले अनुसूची-१, अनुसूची-२, अनुसूची-३ र अनुसूची-४ अन्तर्गतका कसुर सम्बन्धी मुद्दा सम्झनु पर्दछ भन्ने व्यवस्था गरेको छ । सरकारवादी फौजदारी मुद्दाको परिभाषा कार्यविधि संहिताले नगरेको भए तापनि अनुसूची-१ र अनुसूची-२ अन्तर्गतका मुद्दाहरू नेपाल सरकारवादी फौजदारी मुद्दाहरू हुन । सरकारवादी फौजदारी मुद्दा सरकार स्वयम् वादी भई दायर गरिने मुद्दा हुन । व्यक्तिलाई मात्र असर नगरी समग्र समाजलाई

नै असर पुऱ्याउने जघन्य र गम्भीर प्रकृतिका आपराधिक कार्य सम्बन्धी फौजदारी मुद्दाहरू सरकारवादी भई चल्ने व्यवस्था कानूनले गरेको हुन्छ । त्यस्ता मुद्दाहरू सरकारको तर्फबाट अदालतमा दायर गरिन्छ । सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान तहकिकात गरी कसूरदार पत्ता लगाई सजायको मागदावी लिई अदालतमा अभियोगपत्र दर्ता गर्ने, बहस पैरवी र प्रमाण प्रस्तुति गर्ने लगायतका सबै कार्यहरू सरकारको तर्फबाट गरिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५६ मा "दफा ५२(२) बमोजिमको उजुरीबाट चलेको मुद्दा बाहेक अनुसूची-१ र अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दामा नेपाल सरकारलाई वादी कायम गरी मुद्दाको कारबाही चलाइनेछ" भन्ने व्यवस्था गरेको छ । सरकारवादी हुने फौजदारी मुद्दाहरूले सामाजिक संवेदना जोडिएका जघन्य र गम्भीर खालका अपराधहरूलाई यसले सरकारवादी मुद्दाको सूचीमा समावेश गरेको पाइन्छ । यी अपराधहरूमा पीडित वा समाजका तर्फबाट राज्यले अनुसन्धान अभियोजन र अदालती प्रकृया पूरा गर्ने काम गर्दछ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ भित्रका मुद्दाको अनुसन्धान नेपाल प्रहरीले गर्दछ भने सरकारी वकिलले अनुसूची-१ र २ अन्तर्गतका फौजदारी मुद्दाहरूको अभियोगपत्र अदालतमा दायर गर्ने, बहस पैरवी गर्ने लगायतका कार्यहरू गर्दछ । अनुसूची-३ अन्तर्गतका कसुर सम्बन्धी मुद्दा उजुरी वा प्रतिवेदनको रूपमा नेपाल सरकार, संवैधानिक निकाय, अदालत वा कुनै सार्वजनिक अधिकारीले र अनुसूची-४ अन्तर्गतको कसुर सम्बन्धी मुद्दा फिरादपत्रका रूपमा त्यस्तो मुद्दा दायर गर्न सक्ने हकदैया भएको वा सरोकारवाला व्यक्तिले सम्बन्धित अदालतमा दायर गर्न सक्नेछन् । यसरी दायर भएका मुद्दाहरूमध्ये अनुसूची-३ र अनुसूची-४ अन्तर्गतका कसुर सम्बन्धी कुनै मुद्दामा मुद्दाका पक्षहरूको मञ्जुरीले जुनसुकै अवस्थामा मिलापत्र गर्न सकिन्छ तर अनुसूची-१ र अनुसूची-२ अन्तर्गतका मुद्दाहरूमा सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराई पाऊँ भनी सम्बन्धित सरकारी वकिल समक्ष निवेदन दिन सक्दछन् । यस कानूनी व्यवस्था बमोजिम निवेदन दिएमा र त्यस्तो व्यहोरा मनासिव लागेमा महान्यायाधिवक्ताले त्यस्तो मुद्दामा सरकारी वकिल मार्फत मिलापत्र गराउन आदेश दिन सक्ने व्यवस्था छ ।

**सरकारवादी फौजदारी मुद्दामा मिलापत्र**

**सम्बन्धी कानूनी व्यवस्थाः-**

मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ११७ मा "सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराई पाऊँ भनी सम्बन्धित सरकारी वकिल समक्ष दिएको निवेदन उपर कारबाही हुँदा त्यस्तो व्यहोरा मनासिब लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्नेछ" भन्ने व्यवस्था रहेको छ । जसअनुसार मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-२१ अन्तर्गतका कसुरहरू मध्ये सर्वसाधरणको ठगी वा सर्वसाधरणको सम्पत्तिको हानि, नोक्सानीसँग सम्बन्धित कसुरहरू, वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा मिलापत्र हुन सक्छ ।

उल्लिखित कानूनी व्यवस्थालाई महान्यायाधिवक्ताको कार्यालयको व्यवस्थापन समितिको मिति २०७७ चैत्र २६ गतेको बैठकले मिलापत्र सम्बन्धमा थप निर्देशन दिएको छ । जसअनुसार मुलुकी फौजदारी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) अनुसार मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका फौजदारी मुद्दामा कसुर कायम भई प्रतिवादीको पुनरावेदन/दोहोऱ्याई पाउने/पुनरावलोकन निवेदन परेको तर प्रत्यर्थी भिकाउने आदेश वा निस्सा नभइसकेका मुद्दाहरूमा पनि मिलापत्र सम्बन्धी प्रकृया अगाडि बढाउने, मुद्दासँग सरोकार नराख्ने पीडित उपस्थित नभए पनि मिलापत्र हुने, बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) (चेक बाउन्स) अनुसारका सर्वसाधारण पीडित भएको बैंकिङ्ग कसुर मुद्दामा पीडित पक्ष र प्रतिवादीले मिलापत्र गराई पाऊँ भनी निवेदन दिएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) अनुसार मिलापत्र सम्बन्धी कारबाही अगाडि बढाउने, चेक अनादर सम्बन्धी बैंकिङ्ग कसूर मुद्दामा कानून बमोजिम मिलापत्र हुन सक्ने र मिलापत्र गर्न उपयुक्त हुने प्रकृतिका सरकारवादी फौजदारी मुद्दामा अनुसन्धानकै क्रममा वा अभियोजन गर्नु अगाडि पीडित र प्रतिवादी मिलापत्र गर्न सहमत भएका मुद्दामा सामान्यतया अभियोजन गरिने छैन भन्ने महान्यायाधिवक्ताको कार्यालयको नीति रहेकोले यस प्रकृतिका मुद्दामा अभियोजन पूर्व प्रतिवादीबाट पीडितले रकम प्राप्त गरिसकेको भए प्रतिवादीले पीडितलाई बिगो बुझाइसकेको अवस्थामा मुद्दा नचलाउने निर्णय गर्ने र अदालतमा मुद्दा नचलाउने र पुनरावेदन नगर्ने भन्ने व्यवस्था समेत रहेको छ । उल्लिखित

निर्देशनले मिलापत्र सम्बन्धी कानूनी व्यवस्थालाई कार्यान्वयन गर्न केही हदसम्म सहज भएको छ ।

अदालतमा दर्ता भएका मुद्दाहरूको हकमा मिलापत्र हुने कानूनी व्यवस्था रहेकोले अदालतमा दायर हुनुपूर्व मुद्दा मिलापत्र हुने अवस्था रहदैन । मुद्दा अदालतमा दायर हुनुपूर्व मिलापत्र हुने मुद्दाहरूमा प्रतिवादी र पीडित बीच मिलापत्र हुने अवस्था आएमा अर्थात पीडितलाई प्रतिवादीले तिर्नुपर्ने रकम दिएमा मुद्दा नचल्ने निर्णय गरी अदालतमा मुद्दा दायर (अभियोजन) गरिँदैन । अदालतमा दायर भएका मुद्दाको मिलापत्र हुने प्रकृया र कार्यविधिका सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११८ मा उल्लेख गरिएको छ । जसअनुसार दफा ११७ बमोजिम मिलापत्र गर्न चाहेमा पक्षहरूले वादी दावी भित्र सीमित रही मिल्न खोजेको व्यहोरा खुलाई दुवै पक्षले सहिछाप गरी अदालतमा संयुक्त निवेदन पेश गर्नुपर्नेछ । अदालतले मिलापत्र गर्न चाहेको हो, होइन पक्षहरूसँग सोध्दा मिलापत्र गर्न चाहेको जवाफ दिएमा निवेदनमा उल्लेख भए बमोजिमका शर्तहरूको अधीनमा रही मिलापत्रको लिखत तयार गरी पक्षहरूको सहिछाप गराउनु पर्ने भन्ने व्यवस्था गरेको छ । त्यसै गरी वारिसबाट समेत मिलापत्र हुन सक्ने, वारिस मार्फत मिलापत्र गर्दा मञ्जुरीनामा पेश गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी मिलापत्र भएकोमा सोही बमोजिम सोही पक्षहरूका बीचमा पछि कुनै कारबाही वा मुद्दा चल्ने छैन तर मिलापत्रमा उल्लेख भएको शर्तबमोजिम कुनै पक्षले कुनै काम नगरेमा त्यस्तो कुराको उजुरी दिन बाधा पर्ने छैन भन्ने व्यवस्था रहेको छ ।

त्यसै गरी मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ६६ मा अदालतले मिलापत्र गराउँदा ३ प्रति लिखत तयार गरी दुवै पक्षहरूको सहिछाप गराइ १ प्रति मिसिलमा राखी १/१ प्रतिवादी प्रतिवादीलाई बभाउनु पर्ने भन्ने उल्लेख गरेको छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११८ र मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ६६ मा उल्लिखित कानूनी व्यवस्था सबै फौजदारी मुद्दाहरूमा मिलापत्रसम्बन्धी कानूनी प्रकृया हो । सरकारी वकिल सम्बन्धी नियमावली, २०७७ को नियम ३३ मा भने सरकारवादी फौजदारी कसूरका मुद्दाको मिलापत्रमा सरकारी वकिलले गर्ने कार्यविधिका बारेमा निम्नानुसार उल्लेख गरिएको पाइन्छ ।

- मुलुकी फौजदारी कार्यविधि संहिता,

२०७४ को दफा ११७ (२) बमोजिम नेपाल सरकार वादी भएको मुद्दामा मिलापत्र गर्नका लागि प्रतिवादी र पीडित सहमत भएमा दुवै पक्षले सम्बन्धित सरकारी वकिल कार्यालय समक्ष संयुक्त निवेदन दिनुपर्छ ।

- मिलापत्र गर्नका लागि प्रतिवादी र पीडित दुवै पक्षको संयुक्त निवेदन परेमा सम्बन्धित सरकारी वकिलले प्रतिवादी र पीडितको पहिचान गरी मिलापत्र गर्न मनासिब देखिएमा दुवै पक्षलाई निवेदन सनाखत गराई आफ्नो राय सहित सम्बन्धित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ ।
- मिलापत्रका लागि जिल्ला सरकारी वकिल कार्यालयले पठाएको जानकारी सम्बन्धित उच्च सरकारी वकिल कार्यालयलाई समेत दिनुपर्नेछ ।
- महान्यायाधिवक्ताको कार्यालयले मिलापत्रका लागि आफू समक्ष प्राप्त हुन आएको निवेदन सहितको मिसिल अध्ययन गर्दा निवेदन माग बमोजिम गर्न उपयुक्त देखिएमा महान्यायाधिवक्ता वा महान्यायाधिवक्ताले अधिकार प्रत्यायोजन गरेको नायब महान्यायाधिवक्ताले मिलापत्र गर्ने आदेश गरी सो आदेश कार्यान्वयनका लागि सम्बन्धित सरकारी वकिल कार्यालयमा मिसिल सहित पठाउनु पर्नेछ ।
- महान्यायाधिवक्ताको कार्यालयबाट मिलापत्र गर्ने आदेश प्राप्त भएपछि सम्बन्धित सरकारी वकिल कार्यालयले सो आदेश कार्यान्वयनका लागि मुद्दा हेर्ने अधिकारी समक्ष मिलापत्रको लागि सम्पूर्ण कागजात सहित निवेदन दिनु पर्दछ ।
- महान्यायाधिवक्ता कार्यालय वा उच्च सरकारी वकिल कार्यालयमा मिलापत्रको निवेदन पर्न आएमा आवश्यक कारबाहीको लागि सम्बन्धित सरकारी वकिल कार्यालयमा पठाउनु पर्नेछ ।

**सरकारवादी फौजदारी मुद्दामा मिलापत्र सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्थाः**

सर्वसाधारणको ठगीको विषय मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ अनुसार कसूरजन्य कार्य अन्तर्गत पर्दछ । यस दफालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले अनुसूची-१ मा समावेश गरेको देखिन्छ । वैदेशिक रोजगार ऐन, २०६४ अन्तर्गतको मुद्दा पनि नेपाल सरकारवादी हुने मुद्दा हो । यसरी अनुसूची-१ मा उल्लेख भए बाहेक नेपाल सरकारवादी भई चलाइने फौजदारी मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-२ मा पर्ने देखिन्छ । सर्वसाधारणको सम्पत्तिको

हानि नोक्सानी सम्बन्धी कसुर मुद्दामा नेपाल सरकार वादी भएको अवस्थामा समेत मिलापत्र हुन सक्दछ । तर यसको सीमा वा क्षेत्र कति हुने र कुन-कुन कसुरमा मिलापत्र गर्न सक्ने हो भन्ने सम्बन्धमा कानूनले स्पष्ट उल्लेख गरेको छैन तापनि कसुरको प्रकृति सर्वसाधारणको सम्पत्तिसँग सम्बन्धित विषय छ र त्यसलाई राज्यको फौजदारी कानूनले कसुर परिभाषित गरी सरकारवादी भई मुद्दा चल्ने व्यवस्था गरेको छ भने पनि त्यस्ता मुद्दाहरू मिलापत्र हुन सक्ने देखिन्छ । सर्वसाधारणको सम्पत्तिको हानि नोक्सानी सम्बन्धी अन्य सामान्य कसुरहरूमा पनि मिलापत्र हुने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ । सर्वोच्च अदालतले सर्वसाधारणको सम्पत्तिको हानि नोक्सानी सम्बन्धी कानूनी व्यवस्थालाई व्याख्या गर्ने क्रममा बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) बमोजिमको आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटी दिएको बैंकिङ्ग कसुर (चेक अनादार) सम्बन्धी मुद्दामा समेत मिलापत्र गर्न सकिने आदेश गरेको छ र सोही बमोजिम महान्यायाधिवक्ता कार्यालय व्यवस्थापन समितिको निर्देशन अनुसार चेक अनादार सम्बन्धी बैंकिङ्ग कसुर मुद्दामा मिलापत्र हुँदै आएको पाइन्छ ।

यसरी मुलुकी फौजदारी कार्यविधि संहिता २०७४, जारी भएपश्चात नेपाल सरकारवादी हुने फौजदारी मुद्दाहरूमा चेक अनादार सम्बन्धी बैंकिङ्ग कसुर र ठगीमा मुद्दामा मिलापत्र हुँदै आइरहेको पाइन्छ । यस्ता मुद्दाहरूमा मिलापत्र हुने मुद्दाको संख्यामा वृद्धि भइरहेको छ । यसले गर्दा अदालतमा दायर भएको मुद्दाको चापमा कमी भइरहेको छ । एकै प्रकारको कसुर विभिन्न व्यक्तिहरू मिली संगठित रूपमा योजनाबद्ध तरिकाले पटक-पटक गरेको देखिएमा त्यस्तो प्रकारको ठगीलाई निरूत्साहित गर्नका निम्ति मिलापत्रको प्रकृया अवलम्बन गर्न मनासिब हुने देखिँदैन । यस्ता मुद्दाहरूमा प्रमाणको मूल्याङ्कनको आधारमा हुने फैसलाको प्रकृयाबाट मुद्दाको टुंगो लगाउनु उपयुक्त हुन्छ भनी महान्यायाधिवक्ताको कार्यालयबाट मिलापत्रको लागि आदेश दिइएको देखिदैन । कानूनले नभनेको भएता पनि यसलाई महान्यायाधिवक्ताको कार्यालयबाट भएको सकारात्मक निर्णय मान्नु पर्दछ ।

**मिलापत्रमा प्रहरीको भूमिकाः-**

सरकारवादी फौजदारी मुद्दाको मिलापत्रमा प्रहरीको प्रत्यक्ष भूमिका नरहे तापनि मिलापत्र गर्ने सन्दर्भमा प्रहरीको अप्रत्यक्ष भूमिका रहन्छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ भित्र पर्ने सरकारवादी फौजदारी मुद्दाहरूको अनुसन्धान नेपाल प्रहरीले गर्ने भएकोले अनुसन्धानकै चरणमा कानून बमोजिम मिलापत्र हुन सक्ने मुद्दाहरूमा सम्बन्धित पक्षलाई मिलापत्र हुनसक्ने कानूनी व्यवस्था र मिलापत्रको प्रकृया, कार्यविधि, मिलापत्र हुने अवस्था र कसुरका बारेमा जानकारी दिने, मिलापत्रका लागि निवेदन प्राप्त भएमा सम्बन्धित सरकारी वकिल समक्ष निवेदन दिनका लागि सहजिकरण गर्ने लगायतका कार्यहरू प्रहरीले गर्न सक्दछ । त्यसै गरी कानूनबमोजिम मिलापत्र हुन सक्ने र मिलापत्र गर्न उपयुक्त हुने प्रकृतिका सरकारवादी फौजदारी मुद्दामा अनुसन्धानकै क्रममा वा अभियोजन गर्नु अगाडि पीडित र प्रतिवादी मिलापत्र गर्न सहमत भएका मुद्दामा अभियोजन नगरिने भएकोले यस प्रकृतिका मुद्दामा अभियोजन पूर्व प्रतिवादीबाट पीडितले रकम प्राप्त गरिसकेको भए प्रतिवादीले पीडितलाई बिगो बुझाइसकेको अवस्थामा मुद्दा नचलाउने गरी प्रहरीले अनुसन्धान प्रतिवेदन सरकारी वकिल समक्ष पठाउनु पर्ने देखिन्छ । प्रतिवादी अनुसन्धानको सिलसिलामा हिरासतमा थुनामा भएमा प्रतिवादीले पीडितलाई रकम बुझाइसकेपछि सरकारी वकिलको सहमति लिई तुरून्तै प्रतिवादीलाई हिरासतबाट छाड्न समेत सक्दछ ।

**निष्कर्षः**

मुलकी फौजदारी कार्यविधि संहिता, २०७४ ले नेपाल सरकारवादी हुने सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी फौजदारी मुद्दाको मिलापत्र हुन सक्ने व्यवस्था गरेको छ । प्रचलित कानूनी व्यवस्था बमोजिम मिलापत्र हुन सक्ने सरकारवादी फौजदारी मुद्दाको अन्तिम फैसला नहुन्जेल जुनसुकै तहमा पनि मिलापत्र हुन सक्दछ । सुरू अदालतले कसुर ठहर गरी सजाय गरेको मुद्दामा मिलापत्र गर्दा ठहर भएको कैद र जरिवानालाई समेत कायम नहुने गरी मिलापत्रमा सहमति भएको अवस्थामा उक्त सजाय कायम नहुने गरी मिलापत्र हुन सक्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ (२) बाहेकका सरकारवादी हुने फौजदारी मुद्दाहरूमा मिलापत्र हुन सक्दैन । मुलुकी अपराध संहिता, २०७४ ले जबरजस्ती करणी सम्बन्धी कसुर भएपछि कसुरदार र पीडित वा पीडितको पारिवारिक सदस्य बीच मिलापत्र गराउन वा

त्यसको लागि दबाब दिन वा प्रभावमा पार्ने कार्य गरेमा कसुर मानी तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवानाको सजाय हुने व्यवस्था समेत गरेको छ ।

उक्त कसुर सार्वजनिक पद धारणा गरेको व्यक्तिले गरे वा गराएमा निजलाई उल्लेखित सजायमा थप छ महिना कैद सजाय हुने कानूनले व्यवस्था गरेको छ । सरकारवादी फौजदारी मुद्दामा मिलापत्रको प्रारम्भिक कारबाही प्रकृया अगाडि बढाउने जिम्मेवारी सरकारी वकिललाई तोकिएको छ । कानूनबमोजिम मिलापत्र हुन सक्ने कसुरहरूको जाहेरी दर्ता भएपश्चात अनुसन्धानको सिलसिलामा प्रहरीले मिलापत्र गराउन सक्ने व्यवस्था नभए तापनि महान्यायाधिवक्ता कार्यालयको व्यस्थापन समितिको मिति २०७७।१२।२६ को निर्देशन अनुसार प्रहरीले मुद्दा नचलाउने राय सहितको अनुसन्धान प्रतिवेदन सरकारी वकिल समक्ष पेश गर्न सक्दछ । त्यसैगरी अदालतमा चलेको मुद्दामा मिलापत्रको लागि प्रहरीमा निवेदन आएमा सम्बन्धित सरकारी वकिल कार्यालयमा निवेदन लिई मुद्दाका सम्बन्धित पक्षहरूलाई पठाउनु पर्दछ । सर्वसाधारणको सम्पत्तिको हानि नोक्सानीको व्याख्या गरी मिलापत्र हुन सक्ने मुद्दाहरूको दायरालाई अझ विस्तार गर्नुपर्ने देखिन्छ । मिलापत्र सम्बन्धी कानूनी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिएमा अदालतमा मुद्दाको चाप समेत कम हुन सक्ने देखिन्छ । सानातिना मुद्दाहरूमा अनुसन्धानको सिलसिलामै प्रहरी र सरकारी वकिल कार्यालयबाटै मिलापत्र गर्न सकिने कानूनी व्यवस्था भएमा मुद्दाको चाप अझ घट्ने र पीडितले तत्काल न्याय पाउन सक्ने समेत देखिएकाले कानून संशोधन गर्नु समेत जरूरी छ ।

**सन्दर्भ सामाग्रीहरू:**


- ♦ मुलुकी अपराध संहिता, २०७४
- ♦ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- ♦ मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५
- ♦ सरकारी वकिल सम्बन्धी नियमावली, २०७७
- ♦ कार्यविधि कानून, ज्ञाइन्द्र बहादुर श्रेष्ठ
- ♦ महान्यायाधिवक्ता कार्यालयको व्यस्थापन समितिको मिति २०७७।१२।२६ को निर्देशन
- ♦ सर्वोच्च अदालतबाट भएका फैसलाहरू
- ♦ महान्यायाधिवक्ताको कार्यालयहरूबाट प्रकाशित जर्नलहरू । ♦♦♦

नियात्रा

# राङरुङमा बितेको रात



✍ युवराज नयाँघरे

पाइलैपिच्छे फस्यो गाडी !

बल्लतल्ल पुगियो बालुवा । भनेकै समयमा भने नि हुने । तीनको सेरोफेरो भनेथें-भनेजस्तै भो । बाटाभरि फसेको समय हिसाब नगर्दा गाडी तीन बजे दिउँसो पुगेको भन्न मिल्छ । टाकनटुकुन तीस ठाउँमा त फसेकै हो गाडी । हिलो हारेथ्यो यति बेला ।

अनि पो मैले चार बजे पुगेको समयलाई एक घन्टा घटाएर तीन बजेको भनेको हुँ । हो, बालुवामा पुग्दा गर्मीले तताएथ्यो । तीस-पैंतीस घर थिए छरपस्ट । गाडीभित्रैबाट एकसरो बालुवाको संसार हेरें । अनि ओर्लिएँ म । साथी थिए उत्तम भट्टराई ।

भ्यागुते झोला भिरेर पूर्वतिर लाग्दा झोलुङ्गे पुल छेउमा चार पुलिस देखिए । मास्तिर गन्जी, तल्तिर टाटेपाटे जाँघे लाएर रूखमुनि हावा खाइरहेका पुलिस देख्दा मैले भनें-'कि नलाउनु, लाए पुरै लाउनु ।'

यतिञ्जेल हामी अलिक मास्तिर लम्किसकेथ्यौं । पहाड र खोलाको रूपले छातीमा उल्लास ओर्लियो । बाटाभरि भारी बोकेर मास्तिर जानेहरूको लर्कन देखियो । बिहान चार गाँस टिपेको भातभान्साले दमपच ठोकिसकेको थियो । बाटामा क्यै खाम्ला भनेर थामथुम पार्दै लम्केको छु । भाइले भन्न छोडेका छैनन्-'आमाले सखर-च्यूरा हाल्दिनु भा'छ झोलामा । भरे थकाइ मार्दा चबाउँला ।' तर त्यो चानस परेको छैन । ठ्याम्मै परेको छैन ।

दरौंदी तर्नुअघि खान खोजियो-मौकै परेन । चारैतिरबाट अँध्यारो धेरै आएको हुनाले पनि खुट्टा चाँडचाँडो लम्के । मनलाई भन्दा खुट्टालाई हतारो ।

च्वाँक भाले बोकेर एकजना बाहुन अनुहार भेटिए । 'पाल्न कि ?' मैले अनायासै सोधें। 'भोलिको जनै पूर्णिमा मान्न !' ती बाहुनले परिवर्तित चलनबारे सिकार बनाउने कुरा भने ।

ऊ बेलामा पूर्खाले 'चल्ला' भनेको मिल्दै गएको कुरा भयो भट्टराई र म बीचमा ।

दरौंदीको लामो पुल तरियो । हल्लिएर गाह्रै पऱ्यो पुल तर्न । फर्किउँला झैं हुन्थ्यो पुल पनि । फेरि वारि-पारि बसेका तन्नेरीले हामी अगिल्तिर नारदकुण्डको मेला भर्न गएका तरूनीको बथान देखेर नि हल्लाए बेस्सरी पुल । हत्तेरिका, कति थोकको हमला हाम्लाई ?

सकससँग पुल तऱ्यौं । सेता छालमा दरौंदी निकै कोलाहलमय थियो । कत्रो गर्जना हँ, खोलाको । मनमा कौतुहल भइरह्यो–पटक पटक ।

'भाइ म त पाइलै सार्न नसक्ने भएँ !' पुल नाघेपछि भनें ।

अनि भुरूप्प बस्ती भए ठाउँमा क्यै पाइएला कि भनी धुवाइँरहेका छाप्रामा चिहायौं । धुवाँमा हराए पनि चुरोटका धुँवा खाइरहेका बूढीहरू ख्वाइँ ख्वाइँ खोकिरहेका देखिन्थे । अनि दाउरा ठोसिरहेका देखिन्थे । तीनपानेका भाँडा हुन्थे चुलोमा । कति गर्दा नि चिया पाकेन । हाम्रो बिन्ती त फुस्सा !

निकै चिहाइपछि चिया पाक्यो, बस्तीदेखि पुछारको छाप्रोमा ।

'यतै बास बस्ने कि ?' कुरा पटक पटक नि भए हाम्रा । कारण एउटै थियो, पहाडबाट आइरहेको अँध्यारो । अग्ला-अग्ला डाँडाको चेपबाट सोहोरिएर आएको बर्खाको बादल र आकाससँग अँध्यारोको नजिकको नातो हुँदो रहेछ ।

हिउँदमा मजाले धुलो उड्ने बाटोमा पनि बर्खाको भेल स्वात्तै कुलाकुलाइ रहेथ्यो । जुत्ता त भ्यातभ्याती-पानीमा । जतिसुकै जोगाउन खोजे पनि क्यै सीप लागेन । म के फड्किनु र जुत्ताले टेकेर उच्छिटिएका छप्लाङले कम्मरमुनि ल्याफल्याफी भई त गो । एकलासलाई साथी बनाएर निकै लम्क्यौं ।

'हामी काँसम्म पुगौंला ?' बाटामा भेडा धपाइरहेकी जसमाया गुरूङसँग सोधें । 'हाम्लाई त यो बाटो घन्टा भएको नि छैन तर तपैंहरूलाई पो ...!' उनले हामीप्रति दया देखाइन् । हाम्रा तन्नेरी छाती पनि उनका निम्ति निम्छरा भए । हत्तेरिका, कमजोर पो भइयो त ।

खुट्टा बाउँडिएर दुख्न थाले । ब्याग गह्रुङ्गो हुन थाल्यो झन् झन् । आइरहेको अँध्यारोले डस्न थाल्यो बेस्सरी । बाटो एकलास र जंगलले ढाकिएको छ ।

देब्रेपट्टि गर्जिरहेको छ- दरौंदी । कति कठोर, कति कडा, कति आवेग, कति भयानक । ढुङ्गा, सुरूङ, खोंच र बालुवाका थुप्रोमा के रोकिन्थ्यो र नदीको गर्जना !

झमक्क साँझमा राइरूङ पुग्यौं । धेरै परदेखि देखिएको टिनछाने छाप्रोमा अल्मलियौं । अघि जाँदा बास नपाइला भन्ने निक्यौंल भयो ।

'झोला बिसाऊँ त !' सल्लाह यै भो । अनि बास र गाँसको जोहो गर्न थाल्यौं । धने घले थिए-छाप्रोका मूली ।

उनलाई हामीले नातो लायौं-वारपाकी कृष्ण घलेको ।

'ए, उनी त मेरा भान्जा । राम्रा मान्छे । यता आउँदा यै कोठामा बस्छन् । यतै खान्छन् । यतै रमाउँछन् ।' धनेले बयान गरे कृष्णको ।

तर हामी दुवैले ती कृष्णको नाकमुख क्यै देखेका छैनौं । जे होस्, असल मान्छेको नाम भन्नाले हाम्रो सत्कार पनि राम्रै हुने देखियो ।

'यी बस्नु, तपाईंहरू पनि । जहानले नमान्ली । तर म त केटाकेटी सुत्ने ओछ्यानै तपाईंहरूलाई मिलाइ दिऊँला, एकरातलाई ।' उनी फूर्तिफार्ती गर्न थाले । हामी सडक मास्तिरको टहरोमा झोलाझाम्टा थन्क्याएर वारिपट्टिको छाप्रोमा खर्किन थाल्यौं ।

नजिकै बगेको दरौंदीले संसारका सबै स्वर निलेजस्तो लाग्छ । चर्को आवाज एकै ठाउँमा मिसाएजस्तो लाग्छ । सारा ध्वनिलाई एउटै सुरूङमा कोचेर बाहिर पठाएजस्तो लाग्छ । ठूलै गर्जनामा कराइरहेको छ-दरौंदी ।

नदीको तीर । बर्खाको नदी । चर्कोसँग उर्ली-उर्ली कराइरहेका । अरू बर्खामा कराउने झ्याउँकीरीहरू कता बेपत्ता कता ! रूख-रूखमा गीत उराल्ने चरा कता हराए कता ! टोड्का टोड्कामा बसेर कराउने कालिजहरू कता बिलाए कता ! विरह गाउने न्याउली कता छेलिए कता ! दरौंदीले सबैलाई सोहोरेर पूरपार गऱ्यो । एकनासले उसकै गर्जनाले सबैलाई छोयो । गड्ड-गड्ड यही स्वर । स्वाँ... स्वाँ...यही आवाज ।

म हेरिरहेको छु-सेता छालमा बटारिएर बगेका पानीका भँगाला । म पढिरहेको छु-निर्मल लहरमा हेलिएका पानीका भुँवरी । दरौंदीको आवाज रातको निरन्तरतासँगै बहन थाल्यो । चकमन्न रातमा झन् गर्जी-गर्जी कराउन थाल्यो-नदीको आभा ।

चर्को भएछ-सुकुटी माछा । दरौंदीको सिकार हो भन्ठानेर अल्याङ मल्याङ गर्दै गोजेरो उक्साइयो । भाइले त यतिसम्म भन्न भ्याए-'नुन क्षेत्रकै माछा पो थिए कि हाम्ले खाएका ?'

राति चट्याङ पनि पऱ्यो । तिर्खा पनि लाग्यो । पहिराको डर पनि आइरह्यो । लामखुट्टेले डसेर हैरान पनि भइरह्यो । बढ्ता त दरौंदीको होहल्लाले कान बजिरहे एकोहोरो ।

मेरा कचपल्टिला आँखा देखेर बिहान भाइले सोधें- 'निद्रा परेन ?' मैले भनी छाडें-'रात रूङ्न राङरूङ आइएको रहेछ !' हुन पनि गोर्खाको यो अभेगमा पुग्दा आँखाले आराम पाएनन् । दरौंदीको ह्वाङ ह्वाङ गर्जनाले राङरूङको पाले भइयो-पुरै जागराम । नदीको गार्ड !

कानको ओखती चैं भएको हुनुपर्छ-दरौंदीको गडङ-गडङले ! ♦

# नेपालमा वैदेशिक रोजगार तथा विप्रेषणको वर्तमान अवस्था



✍ गम्भीर बहादुर हाडा

देशमा रहेका विभिन्न व्यक्तिहरू आफ्नो जीवनयापनको लागि विभिन्न प्रकारका क्रियाकलापहरूमा संलग्न भइरहेका हुन्छन् । वर्षमा धेरै जसो समय वा थोरै समय भए पनि आम्दानी हुने व्यक्तिले गरेको खास काम उसको पेसा हुन्छ । व्यक्तिले नियमित रूपमा गर्ने आर्थिक क्रियाकलापलाई नै पेसा भनिन्छ । विभिन्न व्यक्तिहरूले गर्ने पेसाहरूलाई कार्य प्रकृति, स्वभाव तथा त्यसको लागि आवश्यक सीप तथा क्षमताको आधारमा मिल्दोजुल्दो पेसाहरूलाई एकै समूहमा पर्ने गरी समूहकृत बनाउन सकिन्छ र यसरी समूहकृत क्रियाकलापहरूलाई पेसा वर्गीकरण भनिन्छ । यसले गर्दा विभिन्न आर्थिक क्रियाकलापहरूमा संलग्न जनसङ्ख्याको विश्लेषणात्मक अध्ययन गर्न निकै सजिलो हुन्छ । यसले योजनाकार तथ्याङ्कविद् तथा अन्य अनुसन्धानकर्ताहरूलाई सहयोग पुग्दछ । विभिन्न व्यक्तिले गरेको विभिन्न काम अनुसार उनीहरूको पेसा पनि फरक हुन्छ ।

वैदेशिक रोजगार भन्ने बित्तिकै एक देशबाट अर्को देशमा गएर कुनै प्रकारको कामका लागि आफूलाई समावेश गर्नुलाई नै वैदेशिक रोजगार भनिन्छ । विशेष गरेर हिन्द महासागरका देशहरू जस्तै भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र नेपालका नागरिकहरू नै विशेष गरी खाडी देशहरूमा काम गरिरहेका छन् । खास गरेर यो (Exodus) (बाहिर जाने काम) देशको गरिबी र बेरोजगारीको प्रतिफल नै हो भन्नुमा अत्युक्ति नहोला । खाडी क्षेत्रका केही देशहरूमा सन् १९७० को दशकमा भएका निर्माणको कार्यबाट सिर्जित रोजगारका अवसरमा विदेशी नागरिकहरूको माग बढेको र ती देशहरूमा पाइने आकर्षक वेतन तथा अन्य सुविधाबाट प्रभावित भई नेपाल लगायत दक्षिण पूर्वी एसियाली देशहरूबाट ठूलो सङ्ख्यामा मानिसहरू मुलुक बाहिर रोजगारीमा जान थालेका देखिन्छन् ।

विश्वमा आप्रवासनमा जाने जनसंख्याको आङ्कलन गर्दा ३ प्रतिशतको हाराहारीमा रहेको तर नेपालमा अनुपस्थित जनसंख्या करिब ७.५ प्रतिशत हुनाले मुलुकमा आप्रवासनको गहनता दर्शाउँछ । वैदेशिक रोजगारीबाट देशले पाएको मुख्य फाइदामध्ये एक विप्रेषण नै हो । गत आर्थिक वर्षमा मात्रै नेपालले झन्डै २ खर्ब ७२ अर्ब रूपैयाँ रेमिट्यान्सको रूपमा भित्रिएको छ । विकासोन्मुख मुलुकहरूमा विप्रेषण आयलाई आर्थिक विकासको बहसको केन्द्रविन्दु र विकासको रणनीतिको रूपमा लिने प्रवृत्ति बढेको छ । नेपालीहरू विदेशमा गई काम गर्ने प्रचलन परापूर्व कालदेखि रहँदै आएको छ । नेपाल-भारतबीच खुला सीमाना हुनुका साथै पारिवारिक, सामाजिक र सांस्कृतिक घनिष्टता तथा श्रम र पूँजीको खुकुलो आदान प्रदान भएका कारण नेपालीहरू भारतमा र भारतीयहरू नेपालमा आई काम गर्ने प्रचलन लामो समयदेखि रहँदै आएको हो । यसै कारणले गर्दा भारतमा रहेका नेपाली कामदारहरूको संख्यात्मक विवरणको यथार्थ अभिलेख समेत उपलब्ध छैन । नेपालीहरू भारत बाहेक अन्य मुलुकहरूमा गई रोजगारी गर्ने प्रचलन भने धेरै पछि मात्र सुरू भएको हो । खास गरी सन् १९९० को दशकदेखि एकातिर पूर्वी एसिया र खाडी मुलुकहरूमा उच्च आर्थिक वृद्धि तथा श्रमिकको बढ्दो माग र अर्कोतर्फ नेपालमा सशस्त्र द्वन्द्वका कारण रोजगारीमा नकारात्मक असर पर्दै गएका कारण बढ्दो बेरोजगारीको समस्या समाधान गर्न भारत बाहेक अन्य मुलुकहरूतर्फ रोजगारीको लागि संस्थागत पहल हुन थाल्यो ।

वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्दै सो व्यवसायलाई सुरक्षित, व्यवस्थित, मर्यादित बनाई वैदेशिक रोजगारीमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहित संरक्षण गर्नको लागि वैदेशिक रोजगार सम्बन्धी ऐन, २०६४ जारी भई हाल कार्यान्वयनमा आइसकेको छ । नेपाल जीवनस्तर सर्वेक्षण, २०६६/६७ अनुसार एक वर्षमा देशभरका ५६ प्रतिशत परिवारले विप्रेषणको रकम प्राप्त गरेका छन् । परिवारले प्राप्त गरेको विप्रेषणको अनुमानित औषत रकम गार्हस्थ मूल्यमा रू. ८०,४३६ रहेको छ । प्रति व्यक्ति विप्रेषणको रकम हिसाब गर्दा गार्हस्थ मूल्यमा रू. ९,२४५ हुन आउँछ । यसरी विप्रेषण प्राप्त गर्नेको सङ्ख्या मध्ये ५८ प्रतिशत स्वदेशबाट, १९ प्रतिशत भारतबाट र २३ प्रतिशत अन्य मुलुकहरूबाट प्राप्त भएको छ । विगत १५ वर्षमा विप्रेषण प्राप्त गर्ने परिवारहरूको प्रतिशत क्रमशः बढ्दै गएको छ । पहिलो सर्वेक्षणले जम्मा २३ प्रतिशत परिवारले विप्रेषण

प्राप्त गरेको देखाएकोमा अहिले तेस्रो सर्वेक्षणमा विप्रेषण प्राप्त गर्ने परिवार ५६ प्रतिशत पुगेका छन् । परिवारको जम्मा आम्दानीमा विप्रेषणको हिस्सा पनि बढ्दै गएको छ ।अन्तर्राष्ट्रिय बजारको माग अनुरूप ज्ञान र सीप प्रदान गरी प्रतिस्पर्धी श्रम शक्तिको विकास गर्ने, सुरक्षित, व्यवस्थित र मर्यादित वैदेशिक रोजगारको सञ्चालन र वैदेशिक रोजगारमा महिलाका सरोकारको सम्बोधन गर्ने मूल उद्देश्य रहेको वैदेशिक रोजगार नीति, २०६८ जारी भई कार्यान्वयनको दिशामा अघि बढेको छ । त्यस्तै तीन वर्षीय योजनाले देशको बेरोजगारी अवस्थामा कमी ल्याउन, गरिबी न्यूनीकरण गर्न र अर्थतन्त्रको सुदृढीकरणमा वैदेशिक रोजगारको योगदानलाई बढाउनुका साथै सुरक्षित तथा मर्यादित वैदेशिक रोजगारको व्यवस्थापन गर्ने उद्देश्य राखेको छ ।

मुलुकले दिगो, समावेशी आर्थिक विकास तथा दिगोपनको दीर्घकालीन सोच हासिल गर्न नागरिकलाई गरिबीको चक्रबाट मुक्त गराउन आवश्यक छ । गरिबी निवारण गर्दै समतामूलक समाज निर्माण गर्ने दीर्घकालीन सोच अनुरूप आर्थिक असमानता न्यूनीकरण गर्ने राष्ट्रिय लक्ष्य तय गरिएको छ । तीनै तहका सरकारका साथै निजी, सरकारी तथा गैरसरकारी क्षेत्रको समन्वय र सहकार्यबाट गरिबी निवारणको राष्ट्रिय लक्ष्य प्राप्त गर्ने गरी राष्ट्रिय विकास रणनीति अवलम्बन गरिएको छ । गरिबीको फैलावट, विषमता र गहनतालाई विश्लेषण गरी लक्षित कार्यक्रम सञ्चालनमा प्रभावकारिता ल्याउन गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सञ्चालनमा छ । आर्थिक वर्ष २०७७/२०७८ बाट सङ्कलित २३ जिल्लाका २१४ स्थानीय तहको तथ्याङ्क प्रशोधन गरी २ लाख २७ हजार गरिब घर परिवार पहिचान गरिएको छ । त्यसै गरी आर्थिक वर्ष २०७८/२०७९ को फागुनसम्म १५ जिल्लाका १८३ स्थानीय तहका ११ लाख ५० हजार तथ्याङ्क प्रशोधन कार्य शुरू भएको छ । यसबाट सम्बन्धित जिल्लाका गरिब लक्षित कार्यक्रम सञ्चालन गर्ने आधार तय भएको छ । सामाजिक आर्थिक क्षेत्रमा विनियोजन हुनुपर्ने बजेट कोरोना रोकथाम तथा नियन्त्रणका लागि खर्च गर्नु पर्दा यस क्षेत्रको बजेट कम हुन गई समग्र विकास प्रभावित हुन पुगेको छ । जसले गर्दा पन्ध्रौं योजनाको अन्त्य सम्ममा निरपेक्ष गरिबीलाई ९.५ प्रतिशत र बहुआयामिक गरिबी ११.५ प्रतिशतमा झार्ने लक्ष्य हासिल गर्नु थप चुनौतीपूर्ण बनेको छ ।

स्वास्थ्य र शिक्षा क्षेत्रमा कुल लगानी विस्तार हुँदै गएको छ । फलस्वरूप

पोषण, बाल मृत्युदर, विद्यालय शिक्षा सम्बन्धी सामाजिक क्षेत्रका सूचकहरूमा निरन्तर सुधार भएको छ । गरिब विपन्न र भूकम्प प्रभावित परिवार लक्षित आवास कार्यक्रमको प्रभावकारिता, पुस्को छानोलाई जस्तापाताले विस्थापित गर्ने अभियानको सफलता तथा स्वच्छ उर्जा र पिउने पानीको पहुँचमा विस्तार भएको छ । जसले गरिब निवारण गर्न उल्लेख्य योगदान गरेको छ । संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको सन् २०२० को प्रतिवेदन अनुसार नेपालको मानव विकास सूचकाङ्क अघिल्लो वर्ष ०.५७९ को तुलनामा सुधार भई ०.६०२ पुगेको छ ।

सबै नागरिकलाई मर्यादित र उत्थानशील रोजगारीका अवसर उपलब्ध गराउने दीर्घकालीन सोच अनुरूप स्थानीय तहमा रहेका बेरोजगारीलाई सूचीकृत गरी न्यूनतम रोजगारीको प्रत्याभूति गर्न सबै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ मा संशोधन भएको छ । जसअनुसार श्रमिकको काम वापतको पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेटको ८० प्रतिशतले कायम हुन आउने रकम मध्ये जुन बढी सोही दर कायम हुने व्यवस्था गरिएको छ । बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ बमोजिम चालु आर्थिक वर्षमा ५० स्थानीय तहलाई बालश्रममुक्त स्थानीय तह घोषणा गर्ने लक्ष्य रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्म ३८ स्थानीय तहलाई बालश्रम मुक्त घोषणा गरिएको छ । आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म ६८६ गैर नेपाली नागरिकलाई श्रम स्वीकृति प्रदान गरिएको र ६०६ गैर नेपाली नागरिकको श्रम स्वीकृति नवीकरण गरिएको छ । गत आर्थिक वर्षमा १०९० गैर नेपाली नागरिकलाई श्रम स्वीकृति प्रदान गरिएको र १३०० गैर नेपाली नागरिकको श्रम स्वीकृत नविकरण गरिएको थियो । आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म १६२२ श्रम प्रतिष्ठानको निरीक्षण गरिएको छ । यस अवधिमा ६२ श्रम प्रतिष्ठानलाई श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र प्रदान गरिएको र २८७ इजाजतपत्रको नवीकरण गरिएको छ । चालु आर्थिक वर्षको फागुनसम्ममा १६२२ श्रम प्रतिष्ठानको न्यूनतम पारिश्रमिक कार्यान्वयनको अनुगमन गरिएको छ । आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म ४१० वटा (औद्योगिक, व्यावसायिक) श्रम विवाद समाधान गरिएको छ ।

आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ७ लाख ८ हजार २ सय ८७ सूचीकृत बेरोजगारमध्ये ७१ हजार ३ सय २४ जनाले रोजगारी प्राप्त गरेका छन् । आर्थिक वर्ष २०७७/२०७८ मा ७ लाख ५२ हजार ४ सय ५० सूचीकृत बेरोजगारमध्ये १ लाख ८१ हजार ५ सय ७७ ले रोजगारी प्राप्त गरेका थिए । आर्थिक वर्ष २०७७ /२०७८ मा ७५३ स्थानीय तहमध्ये ७०८ स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको थियो । औसत दिनको हिसाबले बढी मात्रामा रोजगारी प्रदान गर्ने प्रदेशहरूमा कर्णाली प्रदेश, सुदुरपश्चिम प्रदेश, प्रदेश नं. १, लुम्बिनी प्रदेश, बाग्मती प्रदेश र मधेस प्रदेश रहेका थिए । रोजगार व्यवस्थापन सूचना प्रणालीको अभिलेख अनुसार २०७८ फागुनसम्म रोजगार संयोजक ६९९ र प्राविधिक सहायक ६७३ गरी जम्मा १३७२ जना रोजगार सेवा केन्द्रमा कार्यरत रहेका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगारमध्ये चालु आर्थिक वर्षमा रोजगारी उपलब्ध गराउन प्रस्ताव गरिएको २ लाख व्यक्तिको २०७८ माघ १६ गते देखि २०७९ असार मसान्त सम्मका लागि काममा खटिएको १०० दिनको लागि सामूहिक दुर्घटना बीमा गरिएको छ । चालु आर्थिक वर्षको फागुनसम्म ६,६३० व्यक्तिलाई व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान मार्फत तालिम प्रदान गरिएको छ । रूपान्तरणकारी आयोजनाको रूपमा कार्यन्वयनमा रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सञ्चालित विभिन्न रोजगार लक्षित कार्यक्रमबाट २०७८ फागुनसम्म ३० हजार ४८ व्यक्तिले आंशिक रोजगारी र ११ हजार ४ सय २० व्यक्तिले पूर्ण रोजगारी प्राप्त गरेका छन् । सो कार्यक्रमबाट आर्थिक वर्ष २०७७/७८ मा ३ लाख ८३ हजार ३८ व्यक्तिले आंशिक रोजगारी, २३ हजार ५ सय ७२ व्यक्तिले पूर्ण रोजगारी प्राप्त गरेका छन् । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत सञ्चालित विभिन्न रोजगार लक्षित कार्यक्रमबाट हालसम्म ८ लाख ५६ हजार ५ सय ५३ जनाले आंशिक रोजगारी प्राप्त गरेका छन् भने ८३ हजार ७ सय ७३ जनाले पूर्ण रोजगारी प्राप्त गरेका छन् ।

तराई मधेस समृद्धि कार्यक्रम अन्तर्गत चालु आ.व. २०७८/२०७९ को लागि विनियोजित रू १ अर्ब ५१ करोड वित्तीय हस्तान्तरण मार्फत ५१८ आयोजना तथा कार्यक्रमहरू कार्यान्वयनको चरणमा रहेका छन् । चालु आर्थिक वर्षको फागुनसम्म ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) लागू

भएका १६ जिल्लाहरूमा सञ्चालित मर्यादित रोजगारी सहितको सीपमूलक तालिम कार्यक्रमबाट १० हजार युवा लाभान्वित भएका छन् । तालिम पश्चात ३ महिनामा गरिने आय र रोजगारी प्रमाणिकरणबाट त्यसरी प्रशिक्षण लिएका मध्ये ८० प्रतिशत युवा स्वदेशमै रोजगार र स्वरोजगार रहेका छन् । आयोजनाबाट २०७८ फागुनसम्म १९ हजार ५ सय युवाले प्रशिक्षण लिएकोमा १६ हजार युवा रोजगार स्वरोजगार भएका छन् । चालु आर्थिक वर्षभित्र थप ५ हजार व्यक्तिलाई वित्तीय शिक्षा तथा व्यवसायिक साक्षरता तालिम प्रदान गरिएको छ । आर्थिक वर्ष २०७७/२०७८ मा आयोजनाबाट हालसम्म यस्तो प्रशिक्षण लिने व्यक्तिको सङ्ख्या ७ हजार ५ सय रहेको थियो । आयोजनाबाट हालसम्म यस्तो प्रशिक्षण लिने व्यक्तिको सङ्ख्या ३० हजार पुगेको छ । चालु आर्थिक वर्षको फागुनसम्म सामूहिक लगानीको माध्यमबाट आपूर्ति शृङ्खला आबद्ध १६ जिल्लाका २ हजार ४ सय कृषक घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन् । आर्थिक वर्ष २०७७/२०७८ मा आयोजनाबाट लाभन्वित जनसङ्ख्या ४ हजार ४ सय रहेको थियो । आयोजनाबाट २०७८ फागुनसम्म कुल ११ हजार कृषक घरधुरी लाभान्वित भएका छन् ।

२०७८ फागुनसम्म वैदेशिक रोजगारीमा जान नयाँ तथा पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या ५६ लाख ६५ हजार २ सय २६ पुगेको छ । जसमध्ये पुरूषको सङ्ख्या ५३ लाख ४८ हजार ८ सय १४ रहेको छ भने महिलाको सङ्ख्या ३ लाख १६ हजार ४ सय १२ रहेको छ । आर्थिक वर्ष २०७८/२०७९ को फागुनसम्म थप ४ लाख १२ हजार ७ सय ८७ जनाले वैदेशिक रोजगारीमा जान नयाँ तथा पुनः श्रम स्वीकृति लिएका छन् । वैदेशिक रोजगारीमा गएका नेपाली आप्रवासी कामदार र तिनका परिवारलाई लक्षित गरी विभिन्न कल्याणकारी कार्यक्रम सञ्चालन हुँदै आएको छ । यसबाट चालु आर्थिक वर्षको फागुनसम्म ५८ महिला र १ हजार ४ सय ६४ पुरूष गरी जम्मा १ हजार २२ कामदार तथा तिनका परिवार लाभान्वित भएका छन् । वैदेशिक रोजगारीमा गएका नेपाली आप्रवासी कामदार र तिनका परिवारलाई लक्षित गरी विभिन्न कल्याणकारी कार्यक्रम सञ्चालन हुँदै आएको छ । यसबाट चालु आर्थिक वर्षको फागुनसम्म ५८ महिला र १ हजार ४ सय ६४ पुरूष गरी जम्मा १ हजार ५ सय २२ कामदार तथा तिनका परिवार लाभान्वित भएका छन् । वैदेशिक रोजगारीको प्रमुख गन्तव्यको रूपमा रहेका मलेसिया, कतार,

साउदी अरब र यूएइमा मात्र वैदेशिक रोजगारीमा गएका नेपाली मध्ये करिब ९० प्रतिशत कामदार कार्यरत रहेका छन् । २०७८ फागुनसम्म ८७८ म्यानपावर कम्पनीले वैदेशिक रोजगारीमा श्रमिक पठाउने इजाजत पत्र प्राप्त गरेका छन् । सरकारले वैदेशिक रोजगारीका लागि संस्थागत रूपमा ११० र व्यक्तिगत रूपमा १७८ देशलाई खुल्ला गरेको छ ।

आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म वैदेशिक रोजगारीको सिलसिलामा ११३८ पुरूष र ३३ महिला गरी ११७१ नेपाली नागरिकको मृत्यु भएको छ । चालु आर्थिक वर्षको फागुनसम्म मृतक परिवारलाई क्षतिपूर्ति बापत रू ५७ करोड ९६ लाख प्रदान गरिएको छ । वैदेशिक रोजगारीको क्रममा मृत्यु हुने कामदारको नजिकको हकदारलाई वैदेशिक रोजगारी बोर्डले आर्थिक सहायता स्वरूप रू ७लाख उपलब्ध गराउँदै आएको छ । विदेशमा अलपत्र परेका ४६ जना श्रमिकलाई कल्याणकारी कोषको उपयोग गरी उद्धार गरिएको छ । वैदेशिक रोजगारमा संलग्न नेपाली श्रमिक तथा निजका परिवारलाई वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने उद्धार, राहत, क्षतिपूर्ति लगायतका कल्याणकारी सेवाहरू अनलाईन मार्फत उपलब्ध गराउन वैदेशिक रोजगार कल्याणकारी व्यवस्थापन प्रणाली (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७८ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ । वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूलाई आवश्यक परामर्श प्रदान गर्न विभिन्न जिल्लामा रहेका आप्रवासी स्रोत केन्द्रहरू तथा केन्द्रहरूमा रहेको राष्ट्रिय आप्रवासी स्रोत केन्द्रको व्यवस्थापनका लागि आप्रवासी स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८ स्वीकृत गरी कार्यान्वयनमा आएको छ ।

स्थानीय तहको व्यवस्थापन तथा कार्यान्वयनमा हुने सुरक्षित आप्रवासन परियोजना ( तेस्रो चरण ) ३९ जिल्लामा विस्तार भएको छ । उक्त कार्यक्रमबाट चालु आर्थिक वर्षको फागुनसम्ममा १ लाख ५३ हजार ९३ व्यक्तिले सेवा प्राप्त गरेका छन् । साथै कार्यक्रमबाट मनोपरामर्श सेवा गर्ने व्यक्ति ३६३० रहेका छन् । आर्थिक वर्ष २०७८/२०७९ को फागुनसम्म वैदेशिक रोजगार सम्बन्धी विभिन्न विषयका संस्थागत ५६८ व्यक्तिगत ४०० गरी ९६८ उजुरी दर्ता भएका छन् । सो वापतको क्षतिपूर्ति दाबी रकम रू३४ करोड ७० लाख ४५ हजार १ सय ६० रहेको छ ।

नेपालको संविधान २०७२ को मौलिक हक अन्तर्गत धारा ३४ मा श्रम गर्न पाउने नागरिकको रूपमा स्थापित गरेको छ । नेपालका युवाहरूले गर्ने

कामको विवेचना गर्दा कुल जनसंख्याको अधिकांश निर्वाहमूखी कृषि २६.७ प्रतिशत, घरयासी धन्दा १९.४ प्रतिशत र केवल २२.७ प्रतिशत युवा शिक्षा सम्बन्धी आर्जनमा संलग्न भए पनि ती मध्ये अत्यन्त कमले मात्र सीपमूलक र प्राविधिक शिक्षा पाएको अवस्था छ । फलस्वरूप २९ प्रतिशत युवाले मात्र रोजगारीको अवसर पाएको देखिन्छ । २०६८ को जनगणना अनुसार नेपालमा १६ देखि ४० वर्षका युवाहरूको संख्या ४०.३५ प्रतिशत रहेको छ । जनसंख्याको ठूलो हिस्सा ओगटेको युवा क्षेत्रको विकासका लागि कुनै एउटा विकासबाट मात्र कार्यक्रम सञ्चालन गर्न सम्भव र व्यवहारिक नभएकोले सम्पूर्ण सम्बन्धित क्षेत्रबाट राष्ट्रिय योजना नीतिलाई आत्मसाथ गरी कार्यान्वयन, अनुगमन, समन्वय र मूल्याङ्कनलाई प्रभावकारी बनाउन विशेष ध्यान दिन जरूरी छ । नेपाल अधिराज्यको संविधान २०७२ ले व्यवस्था गरेको समानता तथा सामाजिक न्यायको सिद्धान्तलाई आत्मसाथ गर्दै नेपाल जस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक राज्यमा जातिय विभेद, छुवाछुत, हिंसा, पिछडिएको वर्गको अपहेलनालाई पूर्णरूपमा हटाई समताको रूपमा संरक्षण र सहभागिताको वातावरण तयार पार्नु पर्दछ ।

देशमा भित्रिने रेमिट्यान्सको करिब ९० प्रतिशत उपभोगमा खर्च हुने गरेको केन्द्रिय बैंकको तथ्याङ्कले देखाएको छ । केन्द्रिय तथ्याङ्क विभागले भने कुल भित्रिने रेमिट्यान्सको ७९ प्रतिशत उपभोगमा खर्च हुने जनाएको छ । लत्ता कपडा खानपिन तथा शिक्षा क्षेत्रमा रेमिट्यान्सको देशको आम्दानी त बढाएको छ तर यसले परनिर्भरतालाई पनि उत्तिकै प्रोत्साहन दिएको छ । केन्द्रिय बैंकका अधिकारीका अनुसार ९० प्रतिशत आयातित सामग्रीमै खर्च हुने गरेका कारण रेमिट्यान्सबाट देशलाई खासै फाइदा नहुने बताएका छन् । जति रकम विदेशबाट आउँछ उत्तिनै रकम विदेशी सामान आयातमा खर्च हुने गरेको छ । चालु आर्थिक वर्षको १० महिनामा नेपालमा विदेशबाट ५ खर्ब ८० अर्ब ९३ करोडको वस्तु आयात भएको छ कुल निर्यात भने ७५ अर्ब १२ करोडको वस्तु आयात भएको छ । कुल निर्यात भने ७५ अर्ब १२ करोड मात्र छ । वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेका धेरैजसो जिल्लाहरूको ग्रामीण क्षेत्र अहिले सुनसान छ । धेरैजस्तो कामका लागि नेपालीले विदेश गएको १ वर्षको कमाई ऋण तिर्न खर्च गर्ने र दोस्रो वर्षदेखि परिवारहरू समेत शहरी क्षेत्र स्थानान्तरण हुने क्रम उच्च छ । शहरमा बसेर बालबच्चा पठाउने

तथा शहरी रहनसहनमा खर्च बढेको हुन्छ । यसमा सरकारले दीर्घकालका लागि अदक्ष कामदारलाई रोकेर बैंकबाट सरल रूपमा कर्जा उपलब्ध गराउने र कृषिमा गाउँमै रोजगारीको सिर्जना गर्ने काम गर्नु आवश्यक छ । हाल विदेशमा गएर कमाएको रकम विदेशमै सक्ने क्रम बढे सँगै सामाजिक रूपमा समेत अस्थिरता बढेको छ ।

वर्तमान पन्ध्रौं योजना २०७६/२०८१ मा युवा विकास कार्यक्रम अन्तर्गत युवा सर्वाङ्गीण विकास राष्ट्रको निर्माणको प्रमुख आधार बनाउने सोच राखिएको छ । त्यस्तै स्वास्थ्य सकारात्मक सोचयुक्त उद्यमशील सृजनशील, अधिकारप्रति सचेत र कर्तव्यप्रति प्रतिबद्ध युवाशक्तिको विकास र परिचालन गर्ने लक्ष्य राखिएको छ भने युवामा दक्षता र क्षमताको विकास गर्नु, युवालाई उद्यमशील, रोजगारमूलक र स्वरोजगार बनाउनु, शासकीय प्रकृया एवम् सामाजिक सांस्कृतिक र आर्थिक रूपान्तरणमा युवाको सार्थक सहभागिता अभिवृद्धि गर्नु, युवालाई आत्मनिर्भर, स्वावलम्बी र चरित्रवान बनाउने आदि जस्ता उद्देश्यहरू पनि राखिएको पाइन्छ ।

आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा उत्पादनशील र मर्यादित रोजगारीको माध्यमबाट श्रम बजारमा प्रवेश गर्न योग्य जनशक्तिलाई रोजगारीका क्षेत्रमा आफ्नो सम्भावनाको उच्चतम प्रयोग गर्न सक्ने बनाउन संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा सीपमूलक व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन गरिने कार्यक्रम राखिएको छ । यसको साथै प्रत्येक वर्ष रोजगार सेवा केन्द्र मार्फत २ लाख सूचीकृत बेरोजगारलाई रोजगारी प्रदान गरिनुको साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि रू ७ अर्ब ५ करोड विनियोजन गरिएको छ । कम्तीमा ५ लाख विपन्न बेरोजगार नागरिकलाई सम्बन्धित स्थानीय तहमा श्रम सहकारीको रूपमा दर्ता भई आपसी प्रतिस्पर्धाको आधारमा संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने रू १० करोडसम्मको विकास आयोजना निर्माणमा संलग्न गराई रोजगारीको अवसर प्रदान गरिने कार्यक्रम राखिएको छ । मुलुकभरका सबै सीपमूलक तालिम प्राप्त व्यक्तिको अभिलेख व्यवस्थित गरिनुको साथै विभिन्न निकायबाट सम्पादन हुँदै आएको रोजगार सम्बद्ध कार्यक्रमहरूलाई व्यवस्थित र प्रभावकारी बनाई दोहोरोपन हटाउन र सीपमूलक तालिमहरूलाई समन्वयात्मक ढंगले सञ्चालन गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको नेतृत्वमा उच्चस्तरीय समन्वय समिति गठन गरिने कार्यक्रम पनि राखिएको पाइन्छ । त्यस्तै

न्यून आय भएका श्रमिक र गरिब परिवारको पहिचान गरी उनीहरूका लागि खाद्य सुरक्षा परिचयपत्रको व्यवस्था गरिने पनि नीति राखिएको छ । यसको साथसाथै वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित तथा मर्यादित बनाउनुको साथै वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको दक्षता अभिवृद्धि गर्न गन्तव्य मुलुकको माग अनुसार आवश्यक सीपमूलक तालिम प्रदान गरिने कार्यक्रम राखिएको पाइन्छ ।

नेपालबाट दैनिक १५०० को हाराहारीमा युवाहरू कामको खोजीमा विदेश जाने गर्दछन् । ठूलो संख्यामा युवाशक्ति पलायन हुँदा देशको अर्थतन्त्र नै रेमिट्यान्समा भर पर्न थालेको छ । संयुक्त राष्ट्र संघले प्रकाशित गरेको एक रिपोर्टमा नेपाल रेमिट्यान्समा भरपर्ने राष्ट्रहरूको सूचीमा पहिलो स्थानमा देखिएको छ । संयुक्त राष्ट्र संघको कृषि क्षेत्रको विकासका लागि अन्तर्राष्ट्रिय कोषका अनुसार नेपालको कुल गार्हस्थ्य उत्पादनको झन्डै ३२ प्रतिशत बराबरको रकम रेमिट्यान्स मार्फत स्वदेश भित्रने गरेको छ । नेपालमा वार्षिक ६ खर्बभन्दा धरै रकम रेमिट्यान्सको रूपमा भित्रिन्छ । विदेशमा काम गर्न गएका लगभग प्रत्येक युवाहरूले स्वदेशमा पैसा पठाउँछन् । आखिर यसरी विश्वभर रहेका कामदारले सन् २०१६ मा विश्वभरबाट रेमिट्यान्सको रूपमा स्वदेशमा पठाइएको रकम कुल ४ सय ४५ बिलियन अर्थात ४ हजार ५ सय अर्ब रूपैयाँ अमेरिकी डलर बराबर रहेको छ । एक दशकमा यसमा झन्डै ५१ प्रतिशतले वृद्धि भएको छ । यो वर्ष झन्डै ५ बिलियन अमेरिकी डलर बराबरको रकम बढ्ने आईएफडीले जनाएको छ । अहिले २ सय मिलियन कामदारहरूले विदेशमा काम गरेर ८ सय मिलियन परिवार बराबर पालिरहेका छन् । अमेरिकी डलर २ सय वा ३ सय रूपैयाँ एक जना विदेशमा काम गर्ने कामदारले स्वदेशमा पठायो भने यसले परिवारको आम्दानीको झन्डै ६० प्रतिशत हिस्सा ओगट्दछ जसले उनीहरूको दैनिक जीवनयापनमा व्यापक परिवर्तन ल्याइदिएको छ । सन् २०१६ मा सबैभन्दा बढी रकम रेमिट्यान्स मार्फत भित्राउने देशमा चीन दोस्रो स्थानमा रहेको छ । जसले गत वर्ष ६१ बिलियन अमेरिकी डलर बराबरको रकम रेमिट्यान्सबाट भित्रिएको थियो । रेमिट्यान्स भित्राउनेमा तेस्रो राष्ट्रमा भने फिलिपिन्स छ । जसले गत वर्ष २९.९ विलियन अमेरिकी डलर भित्राएको छ । एक देशबाट रोजगारीका लागि अर्को देशमा जाने प्रचलन धेरै समय अघिदेखि रहँदै आएको हो । विकसित देशहरूमा रोजगारीका अवसर

तथा श्रमको मूल्य तुलनात्मक रूपमा उच्च हुने भएकाले त्यसतर्फ कम विकसित मुलुकका मानिसहरू रोजगारीका लागि जाने प्रवृत्ति बढ्दै गएको छ । फलस्वरूप विकासोन्मुख मुलुकहरूको विप्रेषण आय उल्लेख्य रूपमा वृद्धि हुँदै गएको छ ।

विप्रेषणको रकमको तरिकाले हेर्दा नेपाल विश्वमा २३ औं स्थानमा छ । दक्षिण एसियाली मुलुकहरूमध्ये सबैभन्दा बढी विप्रेषण भित्र्याउने पाँच देशहरूमा भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र नेपाल पर्दछन् । विश्वको कुल विप्रेषण प्रवाहको २०.३ प्रतिशत यी देशहरूले विप्रेषण भित्र्याउने गर्दछन् । नेपालमा विप्रेषण आप्रवाहको प्रवृत्तिको अध्ययन गर्दा आर्थिक वर्ष २०६५/६६ मा रू २०९ अर्ब विप्रेषण प्रवाह रहेकोमा सो क्रम वृद्धि हुँदै आर्थिक वर्ष २०७५/७६ मा रू ८७९ अर्ब पुगेको थियो । वृद्धिदरको आधारमा हेर्दा पछिल्ला वर्षहरूमा विप्रेषणको वृद्धिदर कम हुँदै गएको छ । आर्थिक वर्ष २०७०/७१ मा २५ प्रतिशतले बढेको विप्रेषणको वृद्धिदर त्यसपछिका वर्षहरूमा क्रमशः घट्दै गई आर्थिक वर्ष २०७१/७२ मा १३.६ प्रतिशत, आर्थिक वर्ष २०७२/७३ मा ७.७ प्रतिशत आर्थिक वर्ष २०७४ मा ४.६ प्रतिशत आर्थिक वर्ष २०७४/७५ मा ८.६ प्रतिशत र आर्थिक वर्ष २०७५/७६ मा १६.५ प्रतिशतले वृद्धि भएको देखिन्छ । आर्थिक वर्ष २०७६/७७ को दोस्रो महिनादेखि भने विप्रेषण प्रवाहमा केही कमी आएको देखिन्छ । आर्थिक वर्ष २०७६/७७ को चार महिनामा विप्रेषण प्रवाह अघिल्लो वर्षको सोही अवधिको तुलनामा २.३ प्रतिशतले कमी आई रू ३०४ अर्ब ९७ करोड कायम भएको देखिन्छ ।

पैसा कमाउनु मात्रै ठूलो कुरा होइन यसले जीवनस्तर माथि पनि जानुपर्दछ । केही समय कमायो, खायो गरेर मात्र जीवनस्तर माथि जाँदैन । विदेशको कमाइबाट प्राप्त आम्दानीलाई स्वदेशमा दिगो आम्दानी हुने व्यवसायमा लगानी गर्नु नितान्त आवश्यक छ । वैदेशिक रोजगार भनेको बढीमा १०/१२ वर्षको कमाइ हो । न्यून आय वर्गका मानिसले वैदेशिक रोजगारबाट फर्केर आएपछि आफ्नै पाखापखेरामा खनीखोस्री गरेर जीवन धान्ने हो । यसैले उमेरमै वैदेशिक रोजगारीमा गएर उमेर मात्रै खेर फाल्ने, पछि पढ्न पनि नसक्ने र बानी बिगार्ने, घरबारीहरू बभ्याउने जस्ता महाभूलहरू कहिल्यै गर्नु हुँदैन । अहिलेको अवस्थामा विदेशको कमाइ हुन्जेल श्रीमती, छोराछोरीलाई शहरमा राख्ने, महङ्गा स्कुलमा पढाउने, यसले ग्रामीण पहाडका घरबारी बाँझै रहने, पछि पाखापखेराका

घरबारी आवाद गर्न पनि नसक्ने र दिगो आम्दानीको अभावमा शहरिया खर्च धान्न पनि नसकिने कारणले पारिवारिक भगडा हुने, परिवार नै विखण्डित हुने र पारिवारिक सन्तुलन नै धराशायी हुने स्थिति उत्पन्न भइरहेको छ । यसैले वैदेशिक रोजगारीमा जाने युवाहरूले छोटो समयको कमाइके सदुयोग गरी स्वदेशमै उत्पादक लगानी गर्नुपर्छ भन्ने कुरा कहिल्यै भुल्नु हुँदैन । विदेशको कमाइले मात्रै कसैको पनि जीवनस्तर माथि जान सक्दैन । सो को सदुपयोग गरी स्वरोजगार सिर्जना, आय आर्जन, उत्पादनशील व्यवसाय, परम्परागत व्यवसायको आधुनिकीकरण गरेमा रेमिट्यान्सबाट धेरैको जीवनस्तर माथि पुग्ने गर्दछ । विदेशको रसरङ्गमय जीवनमा भुलेर आफ्नो कमाई उतै सिध्याउने तर घर परिवारको आर्थिक अवस्था भने साहुको ऋण तिर्न समेत नसकी विघटनको स्थितिमा पुगेको पनि देखिएको छ । यस प्रकारको दुर्घटनाबाट बच्न बेलैमा सजग हुनु जरूरी छ । अहिले धेरै युवाहरूले जागिर खोज्ने तर जागिर नपाउँदा निराश भई देश र सरकारप्रति नकारात्मक टिप्पणी गर्ने गरेको सुनिन्छ ।

कुनै पनि देशका सम्पूर्ण जनतालाई सरकार वा निजी क्षेत्रले जागिर दिन कुनै पनि देशमा सम्भवै छैन । यस सन्दर्भ जागिर खोज्ने विषय होइन, जागिर त आफैंले सिर्जना गर्नुपर्दछ । घरमै उच्च आय दिने कृषि, पशुपालन, तरकारी खेतीलगायत ठाउँ अनुसारका सम्भावित उच्च मूल्यका नगदे बालीलगायत आधुनिक व्यवसाय गरेमा जागिरको पैसा घरैमा प्राप्त हुन्छ । ♦♦♦

## मुक्तक

✍ **एच.के. धिताल**



अन्तिम पटक तिमीसँग भेट एकै छिन होस्  
दुनियाँलाई हाम्रो बिछोड यत्ति सम्भिन होस्  
अब अरू केही माग्नु छैन, भगवान पुकारा गर्छु  
म मरेको दिन र उनको घरजम एकै दिन होस्

कोही फूलमाला लगाएर जान्छ सफल जिन्दगी भन्दै  
कोही अश्रुधारा बगाएर जान्छ यो बदल जिन्दगी भन्दै  
मन र मुटुमा भविष्य बोकेर हवाइजहाज चढेको मान्छे  
हवाइजहाज मै फर्कन्छ अब कहिल्यै नचल जिन्दगी भन्दै

# प्रहरी कार्यमा आत्मरक्षा र बल प्रयोग



✍ प्र.ना.उ. कृष्ण खड्का

## १. विषय प्रवेश

आफ्नो जिउज्यानको रक्षा गर्ने अधिकार सम्पूर्ण जीवित प्राणीमा निहित रहेको हुन्छ । देशको विद्यमान कानूनले अपराध भनी किटान गरेका निश्चित कार्यहरू कानूनी दायित्वबाट उन्मुक्ति दिइएको हुन्छ । तसर्थ प्रतिरक्षा (Defence) भन्नाले कुनै व्यक्तिले कुनै अपराध गरेको अवस्था विद्यमान रहेको भए तापनि त्यस्तो व्यक्तिले कानूनी दायित्वबाट उन्मुक्ति, सजायमा कमी वा छुट पाउन सक्दछ । फौजदारी न्याय प्रणालीमा यस प्रकारको व्यवस्थालाई आपराधिक दायित्वको अपवाद पनि भन्ने गरिएको छ ।

प्रतिरक्षा सम्बन्धी व्यवस्थालाई देशको कानूनमा किटानीसाथ उल्लेख गरिएको हुनुपर्दछ । कानून मै कुन कसूर कस्तो अवस्थामा गरिएको थियो र प्रतिरक्षाको दावीलाई के कति मात्रामा उन्मुक्ति प्रदान गरिने हो उल्लेख भएको हुनुपर्दछ । सामान्यतः फौजदारी दायित्व निर्धारण गर्न आपराधिक कार्य (Actus reus) र आपराधिक मनसाय (Mens rea) दुवै तत्वको अनिवार्यता रहेको हुन्छ तर प्रतिरक्षाको अवस्थामा हुने अपराधजन्य कार्यमा यी तत्वको आशिंक वा पूर्ण अनिवार्यता नहुन सक्दछ तथापि प्रतिरक्षामा प्रमाणको भार प्रतिवादीमा रहन जान्छ।

प्रतिरक्षा(Defence)को दावीलाई कानूनले विभिन्न अवस्था र परिवेशमा स्वीकार गरेको हुन सक्दछ। जसलाई फौजदारी कानूनमा सामान्य प्रतिरक्षा अन्तर्गत समावेश गरिएको पाइन्छ। जस्तैः नशा सेवन गरेको अवस्थामा गरेको अपराध, नाबालकले गरेको अपराध, मानसिक सन्तुलन गुमाएको व्यक्तिले गरेको अपराध, बाध्यता/विवशतावस गरेको अपराध र निजी रक्षा (Private defence) गर्दा हुने अपराध आदि ।

निजी रक्षा (Private defence) कुनै व्यक्तिले आफू विरूद्ध आपराधिक कार्य वा गैरकानूनी कार्य गरेको अवस्थामा सोबाट बच्न प्रतिकार

वा प्रतिरक्षा गर्न पाउने अधिकार हो। निजी रक्षा कुनै व्यक्तिको जिउज्यान तथा सम्पत्ति विरूद्ध हुने अपराधमा दिइने कानूनी क्षमादान हो तर निजी रक्षा प्रयोगको दावी तर्कसंगत र विवेकयुक्त हुनै पर्दछ । निजी रक्षाको प्रयोग जसले आफ्नो विरूद्धमा अपराध गर्दछ उसैउपर प्रयोग भएको हुनुपर्दछ । मुलतः निजी रक्षा देहायबमोजिम रहेको पाइन्छ।

**क**) आत्मरक्षा (Self-defence)

**ख**) सम्पत्तिको रक्षा (Defence of Property)

**ग**) सतित्वको रक्षा (Defence of Chastity)

**१.१ आत्मरक्षा (Self-defence) भनेको के हो** ?

आत्मरक्षा आफ्नो जिउज्यान बचाउन अपनाइने प्रतिकृयात्मक बल प्रयोग गर्न पाउने अधिकार हो । कुनै पनि आक्रमणकारीले आफूमाथि आक्रमण गरी जिउज्यानै लिन सक्ने सम्मको कार्य गरिरहेको, तत्काल केही नगरे आफ्नो जिउज्यानसमेत जान सक्ने अवस्थामा ज्यान बचाउनको लागि आक्रमणकारीउपर केही गर्दा ज्यान गएको अवस्थामा अभियुक्तउपर सजाय नभई उन्मुक्ति दिइन्छ । यो तत्कालीन आपराधिक कार्यको प्रतिकृया स्वरूप उत्पन्न हुने अवस्था हो । सो समयमा ज्यान बचाउने उपाय र सम्भावना अन्त्य भइसकेको हुनुपर्दछ ।

आत्म रक्षालाई Encyclopedia Britannica मा यस प्रकार परिभाषित गरिएको छ- "Self-defense, in criminal law, justification for inflicting serious harm on another person on the ground that the harm was inflicted as a means of protecting oneself. In general, killing is not a criminal act when the killer reasonably believes that he is in imminent danger of losing his life from an assailant or of suffering serious bodily injury and that killing the assailant is necessary to avoid the peril"

अतः आत्मरक्षा कानून सम्मत ढङ्गले आफ्नो जीवन रक्षा गर्न पाउने अधिकार हो, यसको प्रयोग विवेक संगत तरिकाले गरिएको हुनुपर्दछ । आत्मरक्षाको प्रयोग गर्दा अपराध हुन सक्ने विश्वास गर्नुपर्ने आधार हुनुपर्दछ र सो कुरा पुष्टि पनि गर्न सक्नुपर्दछ । अन्यथा आत्मरक्षाको अधिकारको दुरूपयोग हुन जान्छ। अभियुक्तले आत्मरक्षाको दावी लिंदा ज्यानै लिन पर्ने आधार र कारण पुष्टि गर्न सक्नु पर्दछ । सो कुरा पुष्टि गर्न नसके आत्मरक्षाको दावी स्वीकार्य नहुन सक्दछ।

श्री ५ को सरकार वि.

रूपनारायण सिंहको (नेपाल कानून पत्रिका २०४२, पृष्ठ१९०) मुद्दामा कुनै व्यक्ति आइलागेको अवस्थामा त्यस्तो व्यक्तिउपर जाई लागेको कुरा मिसिल प्रमाणबाट समर्थन छैन, ज्यान लिने अवस्था नपुग्दै वा गुहार, मद्दत माग्न नसक्ने अवस्थामा आत्मरक्षा हो वा गुहार, मद्दत मागेका बखत नै मद्दत पुग्न सक्ने अवस्थामा चोट छाडी मारेकामा यो नं आकर्षित हुदैन भनी सर्वोच्च अदालतबाट व्याख्या पाइन्छ ।

त्यसै गरी श्री ५ को सरकार वि.जोगेन्द्र बहादुर कार्की समेत भएको ३०/४० जना व्यक्तिले प्रहरी पोष्टमा आई हतियार समेत खोस्न खोज्दा झडप हुन गई प्रेम बहादुर लिम्बुको मृत्यु भएको ज्यान मुद्दा (ने.क.पा २०३३, पेज नं २४)को फैसलामा निज प्रतिवादी जोगेन्द्र बहादुरले कुटेको कारणबाट प्रेम बहादुर मर्न गएको भनी शंकारहित प्रमाणबाट समर्थित नभएकोले निज प्रतिवादी जोगेन्द्र बहादुरलाई सफाइ दिने ठहराइ शुरू मोरङ जिल्ला अदालत र हे. कं. धन बहादुर समेतलाई सफाइ दिने कोशी अञ्चल अदालतले गरेको इन्साफ मनासिब ठहर्छ भन्ने समेत व्यहोराको फैसला भएको देखिन्छ ।

**१.२ आत्मरक्षाको दावी लिन सकिने अवस्थाः**

सामान्यतः देहायको अवस्थामा आत्मरक्षाको प्रयोग गर्न सकिन्छ ।

**क**) आफ्नो ज्यान लिनेसम्मको जोर जुलुम भएको अवस्थामा ।

**ख**) थप मद्दत प्राप्त गर्न नसकिने अवस्थामा आफ्नो ज्यान बचाउन ।

**ग**) आक्रमणकारीको पञ्जाबाट जोगी, भागी, उम्की ज्यान बचाउन नसकिने अवस्थामा र

**घ**) तत्काल केही नगरे आफ्नो ज्यान जान सक्दछ भन्ने विश्वासमा परी केही गर्दा आक्रमणकारीको मृत्यु भएमा ।

आत्मरक्षाको अधिकारको प्रयोग गर्दा कति मात्रामा बल प्रयोग गर्न उचित थियो ? के-कस्तो कारणबाट त्यस्तो अवस्थाको सिर्जना भएको थियो ? खतरापूर्ण अवस्था कसरी र कति मात्रामा सिर्जना भएको थियो ? आदि कुराको परीक्षण हुनुका साथै आत्मरक्षाको जिकिर लिने व्यक्तिले आरोपको खण्डन र आफ्नो दावी प्रमाणित गर्न सक्नु पर्दछ । अतः आत्मरक्षाको जिकिर सही थियो वा थिएन भन्ने कुरा निम्न तत्वहरूको विद्यमानताले पुष्टि हुनुपर्दछ ।

**क) आवश्यकः-** आत्मरक्षाको त्यस्तो अवस्था जुनबेला प्रतिकार गर्न आवश्यक थियो, आफ्नो जिउज्यान तथा सम्पत्ति जोगाउन प्रत्याक्रमण गर्न अपरिहार्य र न्यायोचित थियो। केही नगर्दा आफ्नो जिउज्यान र सम्पत्ति गुम्ने विश्वसनीय आधार र कारण थियो

भन्ने कुरा पुष्टि भएको हुनुपर्दछ ।

**ख) Proportionality (सन्तुलित/ समानुपातिक):-** आवश्यकता भन्दा बढी बलको प्रयोग भएको हुनुहुँदैन । बिना कारण र आवश्यकता भन्दा बढी बल प्रयोगलाई क्षम्य मान्न सकिन्न तसर्थ आत्मरक्षा न्यायोचित, विवेकसंगत र आवश्यक मात्रामा प्रयोग भएको हुनुपर्दछ र सो कुरा प्रमाणित हुनुपर्दछ । अन्यथा आत्मरक्षाको दावी अस्वीकार्य हुन जान्छ।

**२) प्रहरी कार्यमा आत्मरक्षा**

आत्मरक्षाको खातिर बल प्रयोग गर्न पाउने अधिकार जोसुकैलाई रहन्छ, त्यसमा प्रहरी अपवाद रहन सक्दैन । प्रहरीको दैनिक कार्य संवेदनशिल र चुनौतीपूर्ण छ । एकातिर आफ्नो ज्यान माथि खतरा आइपरेको समयमा प्रतिरक्षा गर्ने क्रममा बल प्रयोग गर्दा जनधनको क्षति हुन गएमा मानवअधिकार उल्लङ्घनको आरोप लाग्ने तथा विभिन्न कानूनी झमेलाको सामना गर्नुपर्ने त्रास हुने र अर्को तर्फ केही नगर्दा आफ्नो तथा सहकर्मीको जिउज्यानमा नै खतरा आइलाग्ने साथै सर्वसाधारणको जनधनको क्षति हुन सक्ने सम्भावना रहन्छ । यसर्थ के कस्तो परिस्थितिमा के-कति मात्रामा आत्मरक्षाको लागि बल प्रयोग हुनुपर्ने हो यकिन गर्न कठिन विषय हो । तथापि प्रत्येक व्यक्तिमा आफ्नो जिउज्यान र अरूको जिउज्यानको रक्षा गर्न पाउने अधिकार कानूनले संरक्षण गरेको हुन्छ।

प्रहरीले दैनिक सम्पादन गर्नुपर्ने कार्यहरू जस्तैः भिड नियन्त्रण गर्दा वा अपराधीलाई नियन्त्रणमा लिंदा होस् वा सार्वजनिक/निजी सम्पत्तिको सुरक्षा गर्दा होस् वा हतियारबन्ध गतिविधि नियन्त्रणको समयमा होस्, प्रहरी कर्मचारीले आफ्नै जिउज्यानलाई जोखिममा राखी कर्तव्य निभाउनु पर्ने हुन्छ । विषम परिस्थितिमा कर्तव्यपालनाको क्रममा खटिने प्रहरी कर्मचारीले तत्कालीन अवस्थाको सही विश्लेषण गरी कारबाही गर्नु त्यतिकै चुनौतीपूर्ण छ । विगत र वर्तमान समेतका केही प्रतिनिधि घटनाहरूबाट के-कस्तो अवस्थामा के-कति मात्रामा बल प्रयोग गर्ने हो थाहा नहुँदा प्रहरीतर्फ क्षति व्यहोर्नु परेको र आवश्यक भन्दा बढी बल प्रयोग भएको भनि आलोचना नभएका होइनन् तसर्थ तत्कालीन परिस्थितिको सही मूल्याङ्कन गरी समयमै उचित कारबाही गर्न सक्नु निश्चय नै कठिन अवस्था हो । डियुटीमा खटिने प्रत्येक प्रहरी कर्मचारीलाई आत्मरक्षा गर्न सक्ने/पाउने कानूनी व्यवस्थाको बारेमा प्रशिक्षित गर्ने र समयमै स्पष्ट निर्देशन दिन सक्ने हो भने सम्भाव्य क्षतिलाई न्यूनीकरण गर्न सकिने मात्र नभई आरोपहरूबाट समेत केही हदसम्म बच्न सकिने कुरालाई नकार्न सकिन्न। सामान्यतः प्रहरी कर्मचारीलाई

कर्तव्यपालनाको सिलसिलामा निम्न अवस्थाहरूमा आत्मरक्षा गर्नुपर्ने हुन सक्दछ ।

**क**) भिड नियन्त्रण गर्दा/डियुटीमा हुल वा जमातले आक्रमण गर्दा,

**ख**) आपराधिक व्यक्तिलाई पक्राउ/नियन्त्रणमा लिंदाको समयमा,

**ग**) सशस्त्र गतिविधि नियन्त्रणमा खटिएको अवस्थामा,

**घ**) व्यक्तिगत/सार्वजनिक सम्पत्तिको रक्षा गर्ने क्रममा,

**ङ**) आफूसँगै रहेको अन्य सहकर्मी वा सर्वसाधारणको जनधनको सुरक्षा गर्दाको अवस्थामा,

**च**) खास किसिमका डियुटीमा खटिएको अवस्थामा सोही कानूनमा तोकिए अनुसार बल प्रयोग गर्दा (जस्तैः निर्वाचन डियुटी, भिआइपी सुरक्षा आदि)

**छ**) कर्तव्यपालनाको क्रममा आइपर्ने अन्य अवस्थाहरूमा ।

प्रहरीले दैनिक रूपमा विभिन्न चुनौती र खतराको सामना गर्न परिरहेकै हुन्छ । माथि उल्लेखित अवस्थामा मात्रै आत्मरक्षा गर्नुपर्ने अवस्था सिर्जना हुने नभई कर्तव्यपालनाको सिलसिलामा जुनसुकै बेला पनि बल प्रयोग गर्नुपर्ने हुन सक्दछ । आत्मरक्षाको प्रयोग गर्दा व्यक्तिको मृत्यु मात्र हुने नभई, अङ्गभङ्ग, चोटपटक लगायतका शारीरिक क्षति समेत हुन सक्दछ । कार्यसम्पादनको सिलसिलामा प्रहरी कर्मचारीले आफ्नो आत्मरक्षा गर्दा मूलतः देहायका कुरामा ध्यान दिन आवश्यक छ ।

**(क)** आत्मरक्षाको क्रममा आवश्यकता अनुसार कमभन्दा कम बल प्रयोग गर्ने, सिलसिलेवार बल प्रयोगलाई अपनाउने, बल प्रयोगको सिद्धान्त (Legality, Necessity & Proportionality) लाई अवलम्बन गर्ने ।

**ख**) आफ्नो र अन्य प्रहरी कर्मचारी माथि गम्भीर चोट पटक लाग्न सक्ने वा ज्यानै जान सक्ने अवस्थामा फिल्डमा खटिएको प्रहरी कर्मचारीले आत्मरक्षाको लागि हतियार समेतको प्रयोग गर्न सक्दछ ।

**ग**) कुनै गम्भीर अपराधमा संलग्न वा संलग्न हुन सक्ने आशंका गरिएको व्यक्तिलाई पक्राउ गर्नुपर्दा निजले जोर जुलुम, जबरजस्ती वा हतियार समेत प्रयोग गर्न सक्ने विश्वसनीय आधार भई तत्काल केही नगर्दा आफ्नो जिउज्यानमै गम्भीर खतरा पर्न सक्ने अवस्थामा आफ्नो ज्यान जोगाउन आत्मरक्षाको लागि बल प्रयोग गर्दा आक्रमणकारीको ज्यानै जान सक्दछ ।

**घ**) कानून बमोजिम दिइएको वैध आदेशको सही पालनामा आत्मरक्षाको दावी गर्न सकिने ।

**ङ**) Proportionality (सन्तुलित/समानुपातिक) र आवश्यक मात्रामा बलको प्रयोग भएको हुनुपर्ने।

**च**) विभिन्न कानूनमा व्यवस्था भए बमोजिम आफ्नो ज्यान र सम्पत्तिको रक्षाको लागि प्रतिकार गर्दा मानवीय क्षति हुन गएमा आत्मरक्षाको दावी लिन सकिने ।

**३) निजी रक्षा, आत्मरक्षामा बल प्रयोग र वर्तमान कानून**

निजी रक्षा, आत्मरक्षा र बल प्रयोग एकअर्कामा अन्तर सम्बन्धित विषयवस्तु हुन । प्रहरी कर्मचारीले कर्तव्यपालना गर्दा निर्वाह गर्नुपर्ने काम, कर्तव्य र भूमिकाको सम्बन्धमा विभिन्न नेपाल कानूनमा उल्लेख गरिएको छ । प्रहरीले शान्ति सुव्यवस्था कायम राख्ने र अपराध नियन्त्रण गर्ने क्रममा विभिन्न चुनौती र क्षति समेत व्यहोर्नु परेका दृष्टान्तहरू छन्। सामान्य व्यक्तिसरह प्रहरी कर्मचारीलाई पनि आत्मरक्षा गर्न पाउने कानूनी अधिकारको जानकारीले मनोबल उच्च हुन गई प्रभावकारी कार्य सम्पादन हुन सक्दछ। विभिन्न नेपाल कानूनमा भएका व्यवस्थालाई देहाय बमोजिम उल्लेख गरिएको छ।

**क) मुलुकी अपराध संहिता, २०७४**

**दफा २४-निजी रक्षाको लगि गरेको काम कसूर नमानिनेः**

(१) यस परिच्छेदको अधीनमा रही निजी रक्षाको अधिकार प्रयोग गर्दा भए गरेको कुनै काम कसूर मानिने छैन।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो वा अरू कसैको जिउज्यान वा सम्पत्तिलाई कुनै गैर कानूनी क्षतिबाट बचाउने अधिकार हुनेछ ।

(३) यस दफा बमोजिम निजी रक्षाको अधिकार प्रयोग गर्दा तत्काल कुनै काम नगरेमा आफ्नो वा अरू कसैको जीउ, ज्यान वा सम्पत्तिलाई कुनै गैर कानूनी क्षतिबाट बचाउन सकिँदैन भन्ने मनासिब विश्वास भएमा वा विश्वास गर्नुपर्ने मनासिब कारण भएमा मात्र प्रयोग गर्नु पर्नेछ ।

**दफा २५ -निजी रक्षामा बन्देजः**

(१) दफा २४ मा जुनसकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा वा कामका विरूद्ध निजी रक्षाको अधिकार प्राप्त हुन सक्ने छैनः-

**क**) कसैको जिउ वा सम्पत्तिमा गैर कानूनी क्षति पुऱ्याउने काम हुँदाका बखत त्यस्तो क्षतिबाट बचाउन तत्काल सार्वजनिक अधिकारीको संरक्षण वा मद्दत उपलब्ध हुने वा हुन सक्ने अवस्था भएकोमा,

**ख**) जसको जिउ वा सम्पत्तिमा क्षति पुगेको हो वा त्यस्तो व्यक्तिले नै क्षति पुऱ्याउने व्यक्तिलाई उत्तेजित गरेको कारणबाट त्यसरी क्षति पुगेकोमा,

**ग**) अदालतको फैसला वा आदेशअनुसार कुनै राष्ट्र सेवकले असल नियतले कुनै काम गरेकोमा,

**घ**) कुनै राष्ट्र सेवकले आफ्नो पदीय अधिकारको प्रयोगमा असल नियतले कुनै

काम गरेकोमा,

**ङ)** कुनै राष्ट्र सेवकले आफ्नो पदीय अधिकारको प्रयोगमा असल नियतले दिएको निर्देशनअनुसार कसैले कुनै काम गरेकोमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै व्यक्ति निजी रक्षाको अधिकारबाट वञ्चित हुने छैनः-

**क)** उपदफा (१) को खण्ड (ग) मा उल्लिखित काम गर्ने व्यक्ति राष्ट्र सेवक हो र निज अदालतको फैसला वा आदेशानुसार काम गर्दैछ भन्ने कुरा जानकारी हुने वा विश्वास गर्ने मनासिब कारण नभएमा वा निजको परिचय वा सो काम गर्न पाएको अधिकारपत्र माग गर्दा पनि निजले आफ्नो परिचय नदिएमा वा त्यस्तो काम गर्न पाएको अधिकारपत्र नदेखाएमा,

**ख)** उपदफा (१) को खण्ड (घ) मा उल्लेखित काम गर्ने व्यक्ति राष्ट्र सेवक हो भन्ने कुरा जानकारी हुने वा विश्वास गर्नुपर्ने मनासिब कारण नभएमा,

**(ग)** उपदफा (१) को खण्ड (ङ) मा उल्लेखित काम गर्ने व्यक्तिले त्यस्तो काम कुनै राष्ट्र सेवकको निर्देशनमा गरिरहेको हो भन्ने कुरा जानकारी हुने वा विश्वास गर्नुपर्ने मनासिब कारण नभएमा वा त्यस्तो निर्देशनअनुसार त्यस्तो काम गर्न लागेको हो भन्ने कुरा निजले जानकारी नदिएमा वा त्यस्तो काम गर्न अधिकारपत्र भएकोमा माग गर्दा पनि त्यस्तो अधिकार पत्र नदेखाएमा ।

**(३)** दफा २४ वा यस दफा अन्तर्गत निजी रक्षाको अधिकार प्रयोग गर्दा त्यस्तो रक्षा गर्नको लागि आवश्यक पर्ने मनासिब बलभन्दा बढी बल प्रयोग गर्न सकिने छैन ।

**दफा २६ – ज्यान लिने अधिकार नहुनेः-**

**(१)** यस परिच्छेद बमोजिम निजी रक्षाको अधिकार प्रयोग गर्दा कसैलाई कसैको ज्यान लिने अधिकार हुने छैन।

**(२)** उपदफा (१) मा जनुसकै कुरा लेखिएको भए तापनि दफा २५ को उपदफा (३) को अधीनमा रही देहायको निजी रक्षाको अधिकार प्रयोग गर्दा कसैको ज्यान गएकोमा त्यस्तो काम कसूर मानिने छैनः

**क)** आफू वा अरू कसैमाथि भएको आक्रमण विरूद्ध तत्काल रक्षा नगर्दा आफ्नो वा अरू कसैको ज्यान जान वा आफू वा अरू कसैलाई गम्भीर चोट लाग्न वा अङ्गभङ्ग हुन सक्छ भन्ने मनासिब विश्वास भएमा,

**ख)** जबरजस्ती करणी गर्ने नियतले आक्रमण गरेको हो भन्ने मनासिब विश्वास भई वा जबरजस्ती करणी गर्दाका बखत वा गरिसके पछि पीडितबाट तत्काल कुनै काम भएकोमा,

**ग**) ज्यान मार्ने, बन्धक वा अपहरण गराउन मुक्ति रकम लिने, जबरजस्ती करणी गर्ने, अङ्गभङ्ग गर्ने नियतले शरीर बन्धक लिएकोमा वा अपहरण गरेकोमा,

**घ**) मानिस बस्ने, पूजा वा प्रार्थना गर्ने, सम्पत्ति राख्ने कुनै घर, पाल वा सवारी साधनलाई घेराबन्दी गरी, जोखिमपूर्ण हातहतियार प्रयोग गरी, आगो लगाई वा विष्फोटक पदार्थ प्रयोग गरी क्षति पुऱ्याउन खोजेकोमा,

**ङ**) डाकाको कसूर विरूद्ध रक्षा गर्नु परेमा,

**च**) कुनै व्यक्तिको वैयक्तिक सुरक्षा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको सङ्गठित संस्थाको सम्पत्ति वा सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि अधिकार प्राप्त अधिकारीको आदेशबाट खटिएको सुरक्षाकर्मीले त्यस्तो व्यक्ति वा सम्पत्ति विरूद्ध भएको आक्रमण रोक्न तत्काल प्रतिकार गर्नु परेकोमा।

**दफा १७९ को (१)(क) देहाय**

(१) कसैले कानूनको पालना गर्दा, निजी रक्षाको अधिकारको प्रयोग गर्दा, कुनै राष्ट्र सेवकले आफ्नो पदीय कर्तव्यको पालन गर्दा वा पालना गर्न लागेको कुनै कामबाट कसूरदार उत्तेजित हुन गएमा ज्यान मरेकोमा

(२) कसैलाई कुनै क्षति पुऱ्याउने नियतले कसूरदार स्वयंले उत्तेजित गराएको र त्यसरी उत्तेजित भई त्यस्तो व्यक्तिले गरेको कामबाट कसैको ज्यान गएकोमा सजाय नहुने उल्लेख छ।

सोही दफाको **देहाय (१)(ख)** मा निजी रक्षाको अधिकार असल नियतले प्रयोग गर्दा त्यस्तो अधिकारको सिमा नाघ्न गई जसको विरूद्ध त्यस्तो अधिकार प्रयोग भएको हो सो व्यक्तिको ज्यान मरेमा १०-१५ वर्ष कैद र एक लाख देखि एक लाख पचास हजार रूपैयाँ जरिवाना हुने व्यवस्था रहेको छ ।

**(ख) आवश्यक वस्तु संरक्षण ऐन, २०१२ दफा** (६)-कसुरदार उपर मनासिब माफिकको शक्ति प्रयोग गर्ने अधिकारः कसुरदारलाई वारदात भएको ठाउमा पक्राउ गर्न खोज्दा जबरजस्ती हुल हुज्जत गरी वा त्यसै भाग्न उम्कन खोज्यो भने त्यस्तालाई भाग्न उम्कन दिनु हुदैन । सो गर्दा हातहतियार नचलाई नहुने भएमा प्रहरी फोर्सको हेडकन्स्टेबल र सोभन्दा माथिका कुनै अधिकृतले वा नेपाली सेनाका पति र सोभन्दा माथिका कुनै अधिकृतले अन्य फोर्सका सो सरहका कुनै पति वा अधिकृतले आफै वा आफ्ना मातहतका अरूलाई अर्डर दिई भरसक घुँडा मुनि हातहतियार चलाई वा गोली हानि पक्राउ गर्नुपर्छ । लेखिएबमोजिम

पक्राउ गर्न खोज्दा मानिस मर्न गएमा समेत सम्बन्धित सरकारी कर्मचारीलाई बात लाग्ने छैन ।

**ग) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४**

दफा ९ को उपदफा (१०)- उपदफा (९) बमोजिम सम्झाउँदा, बुझाउँदा वा आदेश दिँदा पनि कुनै व्यक्तिले आत्मसमर्पण नगरी पक्राउबाट बच्ने वा भाग्ने वा उम्कने प्रयत्न गरेमा वा बल प्रयोग गरी वा नगरी कुनै किसिमले जोर जलुम गरेमा वा गर्न प्रयत्न गरेमा निजलाई पक्राउ गर्न प्रहरी कर्मचारीले आवश्यक बल प्रयोग गर्न सक्नेछ।

**घ) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९**

दफा २४ को (५)- उपदफा (३) र (४) बमोजिम गिरफ्तार गर्न लाग्दा वा गिरफ्तार गरिसकेपछि पनि छुटाई लैजान वा पक्रन नदिन कसूरदार वा निजको मद्दतगार कसैले हुलहुज्जत गरी भागी जाने वा भगाई लैजाने अवस्था परेमा वा पक्रिने कै ज्यान जोखिम हुने सम्भावना देखी हतियार नचलाई नहुने अवस्था पर्न आएमा भरसक घुँडादेखि मुनि लाग्ने गरी सो पक्रन जाने कर्मचारीले गोली चलाउन सक्छ । सोबमोजिम गोली चलाउँदा कसूरदार वा उसको मद्दतगार मर्न गएमा बात लाग्ने छैन।

**ङ) वन ऐन, २०७६**

दफा ५७ (१)- यस ऐन अन्तर्गतको वन तथा वन्यजन्तु सम्बन्धी कसूरमा संलग्न कसूरदारलाई वनक्षेत्र भित्र वा बाहिर पक्राउ गर्न लाग्दा पक्राउ गर्न नदिने वा पक्राउ परिसकेपछि पनि निजलाई छुटाई लैजान कसैले हुलहुज्जत गरी कसूरदारलाई भगाई लैजाने अवस्था परेमा वा पक्राउ गर्ने व्यक्तिकै ज्यान जोखिम हुने परिस्थिति भई हतियार नचलाई नहुने अवस्था उत्पन्न भएमा डिभिजनल वन अधिकृतको आदेशले वन सुरक्षाको लागि खटिएका कर्मचारी वा सुरक्षाकर्मीले घुँडा मुनि लाग्ने गरी गोली चलाउन सक्नेछ।

**च) स्थानीय प्रशासन ऐन, २०२८**

**दफा ६-शान्ति सुरक्षा कायम गर्नेः (क)** प्रमुख जिल्ला अधिकारीले कुनै हिंसात्मक काम कारबाही हुने वा हुल दङ्गा हुने आशंका भएको कार्यलाई रोक्न देहाय बमोजिम गर्नुपर्दछ :-

दफा ६-(१)(क)- कुनै सभा जुलुस वा भिडले हिंसात्मक वा ध्वंसात्मक प्रवृत्ति लिई त्यसको कुनै काम कारबाहीबाट शान्ति भङ्ग हुने सम्भावना देखिएमा प्रहरीद्वारा रोक्न लगाउने र प्रहरीले नियन्त्रण गर्न नसकेकोमा सम्बन्धित ठाउँमा तुरून्तै आफै गई वा आफू मातहतका अधिकृतलाई पठाइ सकेसम्म सम्झाई शान्ति कायम गराउने र नसकेमा प्रहरीको मद्दतले लाठी चार्ज, अश्रुग्यास,

फोहरा र हवाई फायर समेत आवश्यकता र परिस्थितिअनुसार जो गर्नुपर्ने बल प्रयोग गरी शान्ति कायम गर्ने गराउने।

**ख**) खण्ड (क) अनुसार शान्ति कायम गर्न नसकिने देखिएमा र गोली चलाउनु पर्ने आवश्यकता परेमा सो गर्नुभन्दा अगाडि भिडलाई हट्दैनौं भने गोली चलाइनेछ भनी स्पष्टसँग सो भिडले बुभ्ने गरी चेतावनी दिने र त्यति गर्दा पनि भिड हटेन र गोली चलाउनु पर्ने नै भयो भने घुडाँ मुनि पारी गोली चलाउनको निमित्त आदेश लेखी सही गरी दिने,

दफा ६-(क)(४)- कर्फ्युको आदेश दिंदा प्रमुख जिल्ला अधिकारीले कर्फ्युको स्थितिलाई नियन्त्रणमा राख्न कर्फ्यु तोड्ने व्यक्ति वा जमातलाई गोली चलाउन प्रहरीलाई आदेश समेत दिन सक्नेछ । त्यस्तो स्थितिमा प्रहरीले गोली चलाउनु आवश्यक परेमा गोली चलाउनु भन्दा अगाडि कर्फ्यु तोड्ने व्यक्ति वा जमातलाई प्रहरीले परिस्थिति अनुसार लाठी चार्ज, अश्रुग्यास, फोहरा वा हवाइ फायर गर्नु पर्नेछ र त्यति गर्दा पनि कर्फ्यु तोड्ने व्यक्ति वा जमात हटेन भने त्यस्तो व्यक्ति वा जमातलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसंग बुझिने गरी चेतावनी दिनुपर्ने छ। त्यसरी चेतावनी दिंदा पनि कर्फ्यु तोड्ने व्यक्ति वा जमात हटेन भने प्रहरीले गोली चलाउन सक्नेछ ।

तर यस उपदफामा लेखिएको कुनै कुराले पनि प्रमुख जिल्ला अधिकारीलाई हिंसात्मक प्रवृत्ति देखाई कर्फ्यु तोड्ने व्यक्ति वा जमातलाई देख्ने बित्तिकै गोली हान्ने आदेश दिन बाधा पुऱ्याएको मानिने छैन ।

दफा ६ख-(१)(क)-दंगाग्रस्त क्षेत्रमा शंकास्पद व्यक्तिहरूलाई पक्राउ पूर्जी बिना पक्राउ गर्ने र सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम नजरबन्दमा राख्ने,

**ग**) त्यस्तो क्षेत्रमा लुटपाट गर्ने तथा घर वा पसलमा आगो लगाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने वा अन्य किसिमका हिंसात्मक वा ध्वंसात्मक कार्य गर्ने व्यक्तिलाई देख्ने बित्तिकै गोली प्रहार गर्ने।

**छ) कारागार नियमावली, २०२०**

नियम ४४-भाग्न लागेको थुनुवा वा कैदीउपर हतियार प्रयोग गर्नेः- कारागारको कुनै कैदी वा थुनुवा ढोकामा हुल गरी वा पर्खाल नाघी वा भत्काई वा सुरूङ खनी वा केही तबरले भाग्न लाग्यो भने सो गर्न लाग्दैमा तुरून्त पक्रिनु पर्छ पक्रदा निजले हतियार लट्ठी इत्यादि चलाउन लाग्यो वा हुलहुज्जत गऱ्यो भने अवस्था हेरी भाग्न नदिन निमित्त जुनसुकै हतियार प्रयोग गर्न सकिनेछ । सो बमोजिम गर्दा मर्न गएमा हतियार प्रयोग व्यक्ति सजायको भागी हुने छैन ।

**ज) प्रहरी नियमावली २०७१**

नियम ६७ - विशेष सुरक्षाको लागि प्रहरी कर्मचारी खटाउने सम्बन्धी

व्यवस्थाः-

१) ऐन, यस नियमावली वा अन्य प्रचलित कानूनबमोजिम नेपाल प्रहरीले सुरक्षा प्रदान गर्ने भनि तोकिएका कुनै विशिष्ट व्यक्ति वा महत्वपूर्ण संरचना, भवन वा संस्थाको सुरक्षाका लागि वा नेपाल प्रहरीलाई प्राप्त सूचनाका आधारमा अन्य कुनै विशिष्ट व्यक्ति वा संरचनाको सुरक्षा उपरको खतराको मूल्याङ्कन गरी आवश्यकताअनुसार प्रहरी पोसाक वा सादा पोसाकमा प्रहरी कर्मचारी खटाउन सकिनेछ ।

२) उपनियम (१) बमोजिम खटिएको प्रहरी कर्मचारीलाई निजको जिम्मेवारी पूरा गर्न नदिने गरी कुनै जोरजलुम गरेमा, हातहतियार उठाई वा नउठाई हमला गरेमा वा अन्य क्रियाकलाप गरेमा त्यस्तो प्रहरी कर्मचारीले आफूले सुरक्षा दिनुपर्ने व्यक्ति, संरचना, भवन वा संस्थाको सुरक्षा वा बचाउ गर्न वा आफ्नो जीउको सुरक्षा गर्न आवश्यक बल प्रयोग गर्न सक्नेछ ।

३) उपनियम (२) बमोजिम बल प्रयोग गर्दा कुनै व्यक्ति घाइते हुन गएमा वा मृत्यु भएमा त्यस्तो प्रहरी कर्मचारीउपर नेपाल सरकारको स्वीकृति नलिई मुद्दा चलाउन सकिने छैन ।

४) उपनियम(२) मा जुनसकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिम खटिएको सुरक्षाकर्मीले आफूसँग रहेको स्रोत साधन वा हातहतियारको प्रयोग बदनियत वा हेलचेक्रयाइँका साथ प्रयोग गरेको हो वा होइन वा त्यस्तो स्रोतसाधन वा हातहतियार वा बल प्रयोग गर्न आवश्यक थियो वा थिएन भन्ने सम्बन्धमा छानविन गर्न सकिनेछ ।

५) उपनियम (४) बमोजिम छानबिन गर्दा त्यस्तो प्रहरी कर्मचारीले आफूसँग रहेको स्रोत साधन वा हतियारको प्रयोग बदनियत, हेलचेक्रयाइँ साथ गरेको वा आवश्यकता भन्दा बढी बल प्रयोग गरेको देखिएमा निजलाई विभागीय वा प्रचलित कानूनबमोजिमको कारबाही अगाडि बढाउन सकिनेछ ।

आत्मरक्षा गर्दाको अवस्थामा आक्रमणकारीको विरूद्धमा बल प्रयोग हुने र ज्यानै जाने सम्भावना समेत रहन्छ। आफ्नो जिउज्यान माथि खतरा आइलाग्दा राष्ट्र सेवक कर्मचारीलाई मात्र नभई जो कोहीलाई आत्मरक्षा गर्न पाउने कानूनी अधिकार रहेको हुन्छ । तसर्थ आत्मरक्षाको खातिर अरूउपर बल प्रयोग गर्दा सही समयमा, सही निर्णय गरी उचित कारबाही गर्न सक्नु निश्चय नै चुनौतीपूर्ण छ। आफ्नो अधिकार र कर्तव्यको सीमा पार गरी गलत र अत्याधिक बल प्रयोग भई क्षति हुन नदिन सदैव सम्वेदनशील हुनुपर्दछ भने प्रतिरक्षाको अभावमा आफ्नो र अरू समेतको जनधनको सम्भाव्य क्षति हुन नदिन सदैव सचेत रहनु पर्दछ ।♦♦

कथा

# नजन्मिएको अपिलः सपनामा आलाप !



✍ प्र.ना.उ. जयश्वर रिमाल

छोरोलाई बेडमा देख्दैन । उसको मन आत्तिन्छ । बत्ती बालेर नजर डुलाउँदा दुई वटा बेडको बिचमा छोरो खसेको देख्छ । हतारिँदै छोरोलाई उठाउँछ र बोकेर आफ्नै बेडमा ल्याएर सुताउँछ । बा'को काखमा लपेटिएर छोरो चाँडै निदाउँछ । रमेशलाई भने अघिको "ठुले" ले सुत्न दिँदैन ।

जिज्ञासु ठूलेको प्रश्नले रमेशलाई सोचमग्न बनाउँछ । आफ्ना एक मात्र सन्तानको सत्यतामा प्रश्न चिन्ह खडा गर्ने "ठुले" ले उसलाई निकै सताउँछ ।

मनमा अनेकन ताना खेल्छन् । सानोमा बुबाआमाले सुनाएको भुतको कथा उसको स्मरणमा आउँछ । एकछिन सोचमग्न हुन्छ र अघिको घटना सपना नै थियो भन्ने निर्क्योलमा पुग्छ तर सपनाले उसको निद्रालाई भने कोसौं टाढा भगाइसकेको हुन्छ ।

"बा ! म आएँ हजुरसँग सुत्न ।" छोरो उठेर आउँछ र रमेशसँग टाँसिन खोज्छ ।

"साने" तिमी किन आएको ? डर लाग्यो ? चिन्ता व्यक्त गर्दै रमेशले सोध्छ । ह्या (रिसाउँदै), म "ठुले" हो के साने होइन ।

सधैं "साने" लाई मात्रै सँगै सुताउनु हुन्छ । मलाई किन सँगै नसुताएको ? हजुरलाई मेरो माया लाग्दैन ?

के भन्छ यो ? आफ्नो छोराको नि माया लाग्दैन त ? किन तिमीले यस्तो कुरा गरेको बाबु ?
रमेशले चिन्तित हुँदै सोध्छ ।

"भाइ हजुरसँग टाँसिएर सुतिरहेको हुन्छ । झ्यालबाट हेरेर बस्छु । मलाई नि तपाईंसँगै सुत्न आउन मन लाग्छ तर हजुरले कहिले पनि बोलाउनु हुन्न । कहिलेकाहीं सुटुक्क आएर सुत्छु । हजुरले थाहै नपाउने गरी । आज चाहिँ कसरी थाहा पाउनुभयो, बा ?"

बाबु छोराको यो वार्तालाप चलिरहँदा "ड्वाङ्ग" आवाज आउँछ । रमेश झस्किन्छ । केही ठुलै सामान खसेको अनुभूत गर्छ र हतारिएर छोराको कोठामा गई हेर्छ ।

ऊ जबरजस्ती निदाउने कोशिस गर्छ । निकै बेरको प्रयासपछि झकाउनै लाग्दा भासिएको स्वरमा आएको आवाजले ऊ पुनः झस्किन्छ ।
“को पापी ? मैले के गरें तिम्लाई ?”

निद्रामै श्रीमती बोलेको सुन्छ । झक्झक्याउँदै सोध्छ, रीता, के भयो ? किन बरबराएको ?” श्रीमतीले आँखा मिच्दै भनिन् ।

सपनामा एउटा बाबु आएर मलाई निकै सतायो । “मलाई किन हजुरसँग नसुताएको ? किन माया नगरेको ? म ठुले हो । मलाई पनि जन्मिन मन थियो तर जन्मिनै दिनु भएन । चार महिना नपुग्दै मारिदिनु भयो । तपाईंहरू  पापी हो” भन्यो । मेरो त आङ्ग नै जिरिङ्ग भयो । श्रीमतीलाई सपनाको कुरामा चिन्ता नलिन र सुत्न अनुरोध गऱ्यो तर उसलाई समेत सपनाले बेचैन बनाएको कुनै संकेत दिएन ।

दुवै जना बेडमा पल्टिए । अनपेक्षित सपनाले बेचैन रीताले सुत्ने बेलामा साथमा नभएको छोरा अहिले साथमा भएको हेक्का समेत गरिनन् । “साने” लाई अङ्गालोमा कसेर सुतिन् । एकैछिनमा निदाइन् पनि ।

रमेशलाई भने सपनाको पुनः स्मरण हुँदै गयो । “ठुले” को आवाज उसको कानमा प्रतिध्वनित हुँदै गयो । लाख कोसिस गर्दा पनि निदाउन सकेन । किन आज दुवै जनाले समान प्रकृतिको सपना देखियो भनि सोच्न थाल्यो । विपनामा टोलाउँदै दुवै सपनाको समानता खोज्न थाल्यो र क्यामेराको रिल घुमाएझैं आफ्नो विगतलाई उल्टो दिशामा घुमाउन थाल्यो ।

ऊ एउटा विद्यालयमा पढाउँथ्यो । यसैक्रममा रीतासँग चिनजान भएको थियो । एक अर्कालाई मनपराए पनि परिवारको असहमतिका कारण भागी विवाह गरेका थिए । विवाह गर्दा रमेश २२ वर्षको थियो भने रीता १७ वर्ष । ३/४ वर्ष बच्चा नजन्माउने सल्लाह गरेका थिए उनीहरूले ।

पहिलो कारण रीताको उमेर बन्यो । उनी बीस वर्ष नपुगी बच्चा नपाउने सोच थियो दुवैको ।

दोस्रो कारण उनीहरूको कमजोर आर्थिक अवस्था थियो । पारिवारिक सहयोग प्राप्त हुने अवस्था थिएन । रमेशको तलब र ट्युशन पढाएर कमाएको पैसाले कोठा भाडा तिर्न र दुई जनालाई खान धौ-धौ हुन्थ्यो । जीवन धान्न कठिन नै थियो ।

तर उनीहरूको असावधानीका कारण गर्भ रह्यो । दुवै दुःखी त भए तर पनि बच्चालाई जन्म दिने निधो गरे ।

समय बित्दै गयो । दुवैमा खुशी उमंग भरिंदै गयो । बाबु बन्ने कुराले रमेशलाई थप जिम्मेवार बनायो । पारिवारिक व्यवस्थापनको योजनामा

दुवै लागे ।

उत्साहित थिए । भावी सन्तानलाई सम्झेर सपना बुन्न शुरू गरेका थिए । हुनेवाला सन्तानको नाम समेत राखिसकेका थिए । छोरा भए "अपिल" अनि छोरी भए "जीया"।

समय राम्रैसँग बित्दै थियो । अकस्मात रीताको सोचाइमा परिवर्तन आयो । उनी बच्चा नजन्माउने निर्णयमा पुगिन् र एभोर्सनको लागि रमेशलाई फकाउन लागिन् ।

समय निकै घर्किसकेको थियो । उनको गर्भमा आएको बच्चा ४ महिना पुगिसकेको थियो । रीताको निर्णयले रमेश दुखी भयो । श्रीमतीको स्वास्थ्यको चिन्ताले समेत उसलाई पिरोल्न थाल्यो ।

केही दिन छलफल चल्यो । यही विषयलाई लिएर उनीहरू बीच मनमुटाव पनि भयो । रमेशले सहमति दिएन तर रीताले आफ्नो हठ छाडिनन् । उनले एभोर्सन गरेरै छाडिन् । त्यो पनि असुरक्षित तवरले ।

रीताको निर्णयले रमेश निकै लामो समयसम्म विक्षिप्त भयो । रीता प्रतिको माया अनि सम्बन्धको खातिर जबरजस्ती "कम्प्रोमाइज" गऱ्यो । आफ्नो असहमतिका बाबजुद उनको निर्णयमा साथ दिन विवश भयो ।

धन्य, भगवानको कृपा भयो । रीताको स्वास्थ्यमा प्रतिकूल प्रभाव परेन । विस्तारै विगतलाई बिर्सिदै गए र सामान्य जीवनयापनमा लागे तर यस घटनाको १५ औं वर्षपछि भने उनीहरूलाई "न्याउरी मारी पछुतो" भएको छ ।

एकातर्फ दोस्रो सन्तान जन्माउने चाहना ७ वर्षदेखि पूरा हुन सकेको छैन भने अर्कोतर्फ विगतको घटनालाई पुनः स्मृति गराउने गरी देखिएको सपनाले पिडा दिन शुरू गरेका छन् । अझै यस माथि हालको सन्तानमा देखिएको "न्यूरो डेभलपमेन्ट डिसअर्डर (अटिजम)" ले उनीहरूलाई मर्माहत बनाएको छ ।

विगतको घटनालाई सम्झेर अल्झिनु भन्दा भविष्यमा खुशी हुने अरू नै उपाय खोज्नु बुद्धिमानी ठानेकोले रमेशले आजसम्म कुनै दिन त्यो निर्णयको विपक्षमा श्रीमतीसँग विवाद गर्न चाहेन । त्यसो त उनले पनि त्यो बेलाको जिद्दीले अहिले पश्चाताप भएको उसलाई सुनाउन सकेकी छैनन् तर दुवै जना प्रष्ट थिएकी दुवैलाई आत्मग्लानी भएको छ, आपसमा "सेयर" गर्न भने सकिरहेका छैनन् ।

विगतको सम्झना, आफ्नो चाहना र वर्तमान बेचैनीले तड्पिएको रमेशको मनमा आएका तरंगले उसलाई लाख कोसिस गर्दा पनि निदाउन दिएको छैन ।

निदाओस् पो कसरी ? जीवनका सप्तरङ्गी चाहनाहरू सबै रंगविहिन हुँदै

गएका छन् । अनायसै सुक्दै, झर्दै खुइलिँदै अनि उजाडिंदै । फगत एक भिक्रा, अस्थिपञ्जर मात्र बाँकी रहेको छ ।

निराश हुँदै कोल्टो फेर्छ । उत्साह र उमङ्ग बिनाको शिथील शरीरसँगै मन पनि सेलाउँछ । आँखाहरू लोलाउन थाल्छन्, विस्तारै झकाउँछ ।

नेपथ्यमा चर्को आवाज आउँछ । "छोड मलाई! मलाई नमार !! मलाई जन्मिन देउ !!!" हतासिँदै साथमा सुतेको छोरालाई अंगाल्दै बोल्छ, "बाबु अपिल ! के भयो तिम्लाई ?"छोरो मस्त निद्रामा हुन्छ, केही प्रतिक्रिया जनाउँदैन ।

रमेशलाई पुनः सपना देखेको आभाष हुन्छ । व्याकुल मन सम्हाल्दै श्रीमतीलाई धारे हात लगाउँछ । यो सब उनकै कारण भएको भनि मनमनै गाली गर्छ ।

असुरक्षित गर्भाधारणमा आफूलाई अनि भ्रूण हत्यामा श्रीमतीलाई दोषी ठान्छ । यो सबको कारक आफैं भएको ठानी आफैंलाई धिकार्छ । आफ्नो असावधानीका कारण यो परिस्थिति सिर्जना भएकोमा आत्मग्लानी गर्दै अबको आफ्नो बाँकी जीवन प्रजनन स्वास्थ्य र भ्रूण संरक्षणमा लगाउने प्रण गर्छ । ♦

## गजल



✍ **अर्जुनबाबु तिवारी**

मुटु न हो ! खनजोत गरी आत्मियताको बिउ छर्दा हुन्छ ।
फरक के पर्छ ? बगैंचाका फूल नझर्ने गरी चर्दा हुन्छ ।।

अग्नि कै ज्वाला दन्दनी किन नबलोस् यो जीवनमा ।
खुल्ला छ तिम्रै लागि दिलका हरद्वार अघि सर्दा हुन्छ ।।

अलमलमा छु आफै ज्यादा मूल्य कहाँ चुकाएँ मैले ।
जाग्छ कौतुहलता यदि भने सोधखोज सबै गर्दा हुन्छ ।।

अचानक हराउँछु कहिलेकाहीं आफैलाई खोज्दा खोज्दै ।
तलाउ भए मायाको मस्तिष्कबाट मुटुसम्म झर्दा हुन्छ ।।

निकै पानी पिएको छु जीवनका नदी खोला तर्दा तर्दै ।
खाँचो पर्दा निसंकोच दुई चार गाग्री पानी भर्दा हुन्छ ।।

# पापिष्ट



✍ प्र.ना.उ. भोजराज पाण्डेय

समाजमा मानिसको पहिचान अत्यन्त विवेकशील प्राणीको रूपमा रहेको छ । उसलाई सचेत र विवेकशील नागरिकको दर्जा यसकारण दिइएको हुन्छ की उसमा मानवीय व्यवहार अन्तरङ्ग हुन्छ भन्ने अनुमान र अपेक्षा सबैले गरेका हुन्छन्। उसले गर्ने कार्य मानवीय हित प्रतिकूल हुने गरी गर्दछ भन्ने अनुमान कसैले गरेका हुँदैनन् । मानिस सामाजिक प्राणी भएको नाताले पनि उसले सामाजिक मर्यादा भन्दा बाहिर गएर कुनै पनि कार्य गर्दैन भन्ने मान्यता राख्नु कदापि अनुचित मानिँदैन तर पनि उसले कतिपय अवस्थामा आफूलाई काबुमा राख्न सक्दैन र विभिन्न खालका असामाजिक र गैर कानूनी एवम् आपराधिक कार्य गर्न पुग्दछ ।

वास्तवमा कानूनको बारेमा सदियौं देखि प्रचलित एउटा धारणा परिवर्तनीय हुनु पर्छ भन्ने मान्यताको विकास हुनु जरूरी छ । "कानूनको बारेमा सबैले जानकारी लिनु पर्दछ वा कसैले पनि अपराध गरिसकेपछि त्यो अपराधको बारेमा मलाई जानकारी थिएन भन्ने कुराले कुनै अर्थ राख्दैन" भन्ने मान्यता जुन छ, यो विचारणीय हुनु जरूरी छ किनभने हाम्रो जस्तो शिक्षाको पहुँच नभएको समाज जुन संरचनाले मिलेर बनेको छ यहाँका कति प्रतिशत जनता कानूनको बारेमा जानकार छन् ? विधायिका वा संसदले बनाएको कानून जनताको जानकारी वा पँहुचमा आएको छ छैन ? वा कति जनाले उक्त कानून पढेका छन् ? यसको लेखाजोखा गरिनु पर्दछ । नेपालमा बसोबास गर्ने सामान्य नागरिक जो साक्षर नै छैनन् उसबाट राज्य अथवा समाजले कानून पालनामा के अपेक्षा गर्न सक्दछ ? कानूनको बारेमा नागरिकलाई राज्यले के-कुन माध्यमबाट प्रशिक्षित गर्न के कस्तो भूमिका निर्वाह गर्‍यो भन्ने कुराले यसको कार्यान्वयनमा ठूलो अर्थ राख्दछ ।

कुनै पनि पुस्तक पढेपछि मात्र किताबमा उल्लेख भएको कुराको जानकारी हासिल हुन्छ र पुस्तकको

बारेमा धारणा बनाउन सकिन्छ । विषयवस्तुको जानकारी बिनाको प्रस्तुतिले कुनै अर्थ राख्दैन । उदाहरणको लागि नेपाली नागरिकले विवाह गर्ने उमेरको हकमा २० वर्ष उमेर हुनै पर्ने व्यवस्था मुलुकी अपराध संहिता २०७४ कानूनमा उल्लेख छ तर त्यो कानूनी व्यवस्थाको बारेमा धेरै नागरिकलाई थाहा छैन । यस कारण सामान्य र पारिवारिक कानूनको बारेमा केही न केही विषय विद्यालय तहदेखि नै पाठ्यक्रममा समावेश गरी प्रशिक्षण गराउनु जरूरी देखिन्छ । अन्यथा अपराध नियन्त्रण गर्ने कार्य माछा मार्न खोलामा बल्छी थापे जस्तो मात्र हुन्छ ।

यहाँ प्रस्तुत गर्न लागिएको घटना एउटा यस्तै कानूनको अज्ञानताले र आफ्नो मनलाई नियन्त्रणमा राख्न नसकेको कारण हुन गएको आपराधिक घटनाको प्रतिबिम्ब हो । मानिसले आफूलाई कतिसम्म नीच स्थानमा पुऱ्याउन सक्दछ भन्ने कुरा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा घटेको एउटा अत्यन्त पिपाशु प्रवृत्तिको दर्दनाक घटनाले बताउँछ ।

२०७८ सालको कार्तिक महिना, चाडपर्वको समय, गाउँघरमा बेग्लै किसिमको माहोल थियो । मानिसहरू नयाँ लुगा र गरगहना लगाएर विभिन्न किसिमको मनोरञ्जनका कार्यक्रमहरूमा सरिक भई आफूलाई आनन्दित गराइरहेका थिए । नवलपरासी तराईको जिल्ला भएको र यहाँ बसोबास गर्ने थारू समुदायका मानिसहरूमा दसैं, तिहार तथा छठ पर्व मनाउने प्रचलन रहि नै रहेको थियो । यसैले मानिसहरू अत्यन्त हर्षोल्लासका साथ दिन बिताइरहेका थिए ।

यहाँ बसोबास गर्ने मानिसहरूमा प्राय मदिरा सेवन गर्ने बानी रहेको पाइन्छ । खेतबारीमा काम गर्न जानु अगाडि र काम गरेर फर्के पछि प्राय मादक पदार्थ सेवन गर्ने गरेको अवस्था छ । दुई छोरा र एक छोरी रहेको पीडितको परिवार गाउँमा खेती किसानी र ज्याला मजदुरी गरेर आफ्नो पालनपोषण गर्दै आइरहेका थिए । छोराको बानी राम्रो थिएन । सानैमा विद्यालयमा पढ्न पठाएको भए तापनि निजले पढाइमा ध्यान नदिएको कारण उसले पढ्नै सकेन । सामान्य क ख रा चिन्ने बाहेक उसले पढाइमा प्रगति गर्न सकेन ।

कार्तिक महिनाको ३० गते प्रतिवादी परिवर्तित नाम २०७९ यु कुमार बिहानै घरबाट निस्केकोमा गाउँमा डुली मादक पदार्थ सेवन गरी बक्बकाउँदै दिउँसोको समयमा आफ्नो घरमा जाँदा घरमा बुबाआमा कोही नभएको र घरमा बहिनी मात्र भएको देखि अचानक उसमा करणी गर्ने इच्छा जागृत भई ऊ विस्तारै बहिनी भए छेउ गयो र मादक पदार्थ

सेवन गरेको सुरमा निज पीडित जाहेरवाली आफ्नै सहोदर बहिनी परिवर्तित नाम २०७९ फुल कुमारीलाई शारीरिक सम्पर्क (करणी) गर्ने प्रस्ताव राख्यो । आफ्नै सहोदर दाजु त्यो पनि एउटै आमाको कोखबाट जन्मेका दुई सन्तान, पीडित बहिनीले आफ्नै दाजुले यस्तो प्रस्ताव राख्न सक्छ भन्ने कुराको कल्पना पनि गरेकी थिइनन् र दाजुको प्रस्ताव ठाडै अस्वीकार गरी "बेलुका आमाबुबा आए पछि भन्दिन्छु" भनि सो ठाउँबाट उठ्न खोजिन तर बलिष्ट शरीर भएको पिपाशुको अगाडि उनको केही चलेन । प्रतिवादीले पीडितलाई च्याप्प समातेर घर भित्र लगि विस्तारामा सुताई जबरजस्ती गऱ्यो । निज पीडित धेरै चिच्याइन्, रोइन्, कराइन् तर घर एकान्तमा रहेको कारण उनको चित्कार र रोदन सुन्ने त्यहाँ कोही थिएन । निजले पापिष्टको बलिष्टबाट फुत्कने हरमग्दुर प्रयास गरिन तर सफलता प्राप्त गर्न सकिनन् । प्रतिवादीले पीडितलाई करणी गरे पश्चात कोही कसैलाई नभन्नु भनेमा मारिदिन्छु भनि छाडी दियो । निज मादक पदार्थ सेवन गरेको नशामा रहेको कारण भर्खरै करणी गरेको महिला आफ्नै सहोदर बहिनी हो भन्नेसम्म पनि निजले हेक्का राखेन । जाहेरवालीलाई करणी गर्दाको अवस्थामा प्रतिवादीले परिवार नियोजनको अस्थायी साधन प्रयोग गरेको थिएन त्यस कारण परिवर्तित नाम २०७९ फुल कुमारीको पेटमा बच्चा बस्न गयो ।

बेलुका आमाबुबा कामबाट फर्की घरमा आउँदा छोरीको मलिन अनुहार देख्दा आमाले "किन मलिन अनुहार लगाएको ? के भयो ?" भनी सोधिन् पनि तर पीडितले दिउँसो घरमा कोही नभएको मौका पारी आफ्नै दाजुले आफूलाई जबरजस्ती करणी गरेको भनी भन्न सकिनन् र "केही पनि भएको छैन" भन्ने संक्षिप्त उत्तर दिएर आफ्नो कोठामा सुत्न गइन् । त्यो रात सञ्चो नभएको भनी खाना पनि खाइनन् ।

घटनाको सम्बन्धमा बुझिएका मानिसहरू सन्जय चौधरी, अशोक चौधरी, राधा चौधरी समेतले कागज गर्दा प्रतिवादी परिवर्तित नाम २०७९ यु कुमारले पीडित जाहेरवाली आफ्नै घरभित्र बसेको अवस्थामा घरमा कोही नभएको मौका छोपी पीडित जाहेरवालालाई जबरजस्ती करणी गरेको भन्ने कुरा पीडित जाहेरवालीले बताएपछि होहल्ला भई सुनी थाहा पाएको हुँदा निज प्रतिवादी परिवर्तित नाम २०७९ यु कुमारलाई कानून बमोजिम कारबाही तथा सजाय हुनु पर्दछ भनी आ-आफ्नो व्यहोरा खुलाई लेखाई दिएका थिए । परिवर्तित नाम २०७९ फुल कुमारी ७ महिनाकी गर्भवती रहेको भन्ने परीक्षण

प्रतिवेदनमा उल्लेख भएको र जाहेरवाली परिवर्तित नाम २०७९ फुल कुमारी मेरो छोरी र प्रतिवादी परिवर्तित नाम २०७९ यु कुमार मेरो जेठा छोरा हुन्, छोरी पीडित जाहेरवालीलाई मैले "तिम्रो महिनवारी भएको छ छैन ?" भनी सोधखोज गर्ने गर्थे। लामो समयसम्म पनि छोरीले महिनावारी भयो भनी नभनेको र महिनावारी बारेको पनि नदेखेको हुँदा मलाई शंका लागि २०७९ असार ३१ गते छोरीलाई महिनावारी भएको छ छैन ? भनी सोध्दा निजले "मेरो महिनावारी भएको छैन ?" भनी बताएकीले निजलाई साथमा लिई नवलपरासी जिल्लाको परासी स्थितमा आई मेडिकल पसलमा निजलाई चेकजाँच गराउँदा छोरी परिवर्तित नाम २०७९ फुल कुमारीको पेटमा गर्भ रहेको भनी स्वास्थ्यकर्मीले बताए पश्चात छोरीलाई सोधपुछ गर्दा निजले मिति २०७८।०७।३० गतेका दिन दिउँसोको समयमा घरमा एक्लै भएको अवस्थामा प्रतिवादी परिवर्तित नाम २०७९ यु कुमारले जबरजस्ती करणी गरेका हुन सो पश्चात महिनावारी भएको छैन निज दाई परिवर्तित नाम २०७९ यु कुमार र मेरो (दुवै जना) को शारीरिक सम्बन्धबाट पेटमा गर्भ रहेको भनी बताएकीले जाहेरी दिन आएको हो। निज प्रतिवादी परिवर्तित नाम २०७९ यु कुमारलाई कानून बमोजिम कारबाही होस् भनी जाहेरवाला तथा प्रतिवादीको आमा परिवर्तित नाम रा कुमारीले गरेको कागज समेतका मिसिल संलग्न कागजातहरूबाट प्रतिवादी परिवर्तित नाम २०७९ यु कुमारले आफ्नै सहोदर बहिनी नाबालिका १५ वर्ष ०९ महिना २२ दिनकी २०७९ फुल कुमारीलाई जबरजस्ती करणी गरेको र सोही कारण निजको पेटमा गर्भ रही ७ महिनाको भएको वारदात सिद्ध हुन आएको हुँदा प्रतिवादी परिवर्तित नाम २०७९ यु कुमारले मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १८ को दफा २१९ उपदफा (१) बमोजिम दफा ३ को देहाय (ग) मा उल्लेखित र दफा २२० को उप-दफा (१) बमोजिम (२) को देहाय (ख) मा वर्णित कसूर गरेको स-प्रमाण पुष्टि हुन आएको हुँदा निज प्रतिवादी परीवर्तित नाम २०७९ यु कुमारलाई मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १८ को दफा २१९ (३) को देहाय (ग) र ऐ को दफा २२० उपदफा (२) को देहाय (ख) बमोजिम सजाय हुन समेतको मागदावी लिई प्रस्तुत मुद्दाको सक्कल तथा नक्कल मिसिल कागजात तथा पक्राउ प्रतिवादी परिवर्तित नाम २०७९ यु कुमारलाई जिल्ला सरकारी वकिलको कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा पेस भएकोमा सरकारी वकिलको कार्यालयबाट समेत सोही

कुरालाई समर्थन गरी निजको विरूद्ध माथि उल्लेख भएबमोजिम नै सजाय मागदाबी सहित जिल्ला अदालतमा पेस भएकोमा सम्मानित जिल्ला अदालतबाट निज प्रतिवादीलाई पुर्पक्षको लागि कारागार कार्यालयमा पठाउने आदेश भएको हुँदा निज हाल परासी कारागारमा आफूले गरेको अपराधको बारेमा सायद प्रायश्चित गरिरहेका छन् ।

हाम्रो समाज वास्तवमै विचित्रको छ । जुन नाताको विषयमा भावनात्मक सम्बन्धको पारिवारिक कल्पना समाजले गरेको हुन्छ, के यस्तो कार्यलाई नशाको सुरले गर्दा भएको हो भनेर मात्र मान्न सकिएला र ? कदापी सकिँदैन । यस्तो घृणित कार्य केवल विचलित मनको उपज हो । मादक पदार्थ एउटा सहायक कारण हुन सक्छ तर निजमा रहेको मानसिक विचलनको बारेमा न त परिवारले थाहा पायो ? न त समाजले नै ? यदि ऊ कुनै काम प्रति जिम्मेवार र व्यस्त रहेको भए सायद त्यस किसिमको धारणा उसको मनमा आउने फुर्सद नै उसमा हुदैनथ्यो । यदि परिवारले समयमै निजमा रहेको मानसिक विचलनको बारेमा थाहा पाई उपचार गर्न सकेको भए एउटी अबोध पीडित बन्नु पर्ने अवस्था कदापी आउँदैनथ्यो । ♦♦

**लघुकथा**

## धाम



✍ **गंगा खड्का**

"बुढी ! यस पटक घर खर्चलाई अलि मितव्ययी ढङ्गले चलाउनुपर्छ । बुबाले चारधाम जाने इच्छा नपुराउँदै स्वर्गवास हुनुभयो । अहिले सम्झदा नि थक्थक् लाग्छ । यस पटक त आमालाई मात्रै भए नि पुऱ्याएर ल्याउने इच्छा छ ।"

अभिषेकले यति कुरा भुइँमा खसाल्न नपाउँदै उनकी श्रीमतीले कर्कशा शब्दमा भनिन्, "तपाईंले भनेजस्तो घर व्यवहार चलाउन कहाँ सजिलो छ र ? महङ्गीले आकाश छुन लागिसक्यो ।" अभिषेकले जति सम्झाए पनि श्रीमतीले बहस चर्काउँदै लगिन् । उनले बडो अधीर हुँदै भनिन्, "सधैं बाउआमा भनेर कहाँ हुन्छ र ? छोराछोरीको भविष्य हेर्नुपर्दैन ? चारधाम पुऱ्याउने गरी कसले सम्पत्ति थुपारेको छ र ?

अघिदेखि ढोका बाहिर बसेर कुरा सुनिरहेकी अभिषेककी आमाले फुत्त भित्र छिर्दै भनिन्, "बाबु ! मलाई चारधाम लैजान पाइनँ भनेर चिन्ता नगर । मलाई कुनै धाम जाने रहर छैन । जुन घरमा आमाबुबाको हरेक चाहनालाई मनन् गर्न सक्ने साक्षात राम जस्तो छोरा छ त्यो घर नै सबैभन्दा ठूलो धाम हो ।"

लघुकथा

# श्राद्ध



✍ लीलाराज दाहाल

दुर्गा प्रसादले जति धन सम्पत्ति जोडे पनि उसका बाआमाको सडक पेटीमा बास थियो ।

जागिर खांदै शहरमा घडेरी जोडेपछि दुर्गा प्रसाद गाउँ पुग्यो र बा आमालाई खुसीको खबर सुनायो । घर बनाउन पैसा नभएको समस्याको पोको फुकाएपछि बाआमा गाउँको जग्गा जमिन बेच्न राजी भए । शहरमा दुर्गा प्रसादको भव्य महल तयार भयो । केही वर्ष त दुर्गा प्रसादका बाआमा पनि खुसीले छोरा बुहारीसँगै महलमा बसे ।

सँगै बसेपछि सानासाना कुरामा दन्त बभान हुन थाल्यो । विस्तारै बुहारीको अनुहारमा बेचैनीको लहर सल्बलाउन थाल्यो । दुर्गा प्रसाद टुलुटुलु हेरेर बस्थ्यो । एक दिन घरमा महाभारत मच्चियो । बाआमा आ-आफ्ना कपडा भोलामा हालेर घरबाट बाहिरिए । बुहारी अनुहारमा खुसीको दियालो बालेर आफ्नो कोठाभित्र पसी र आनन्दले नाच्न थाली । दुर्गा प्रसादले बाआमालाई नजानुस् भनेर रोक्न सकेन । बाआमा हिंडेपछि दुर्गा प्रसादको घर युद्ध बिरामपछिको मैदान जस्तो शान्त भएको थियो । उसका बाआमा भने सडकको किनारमा माग्दै बेवारिस भएर गुजारा गर्न थालेका थिए ।

ऊ हाकिम भएकाले सरकारी सुविधाको गाडीमा सवार हुन्थ्यो । उसका बाआमाले सडकमा माग्दै गरेको दृश्यले पनि उसलाई छुँदैनथ्यो । सडकमा बाआमालाई देखे पनि नदेखेभैं गरेर अघि बढ्थ्यो ।

निकै वर्ष उसका बाआमाले सडकमा मागेरै दुःखमय जीवन बिताए । एक रात सडकको किनारमा दुःखको सिरानी हालेर निदाएका बुढाबुढी बिहान उठेनन् । राती टिपरद्वारा किचिएर सँगै जिउने, सँगै मर्ने वाचा पूरा गरे उनीहरूले । बाआमाको मृतक लास बुभ्न अस्पताल पुग्दा दुर्गा प्रसाद र उसकी श्रीमतीले आफ्नो अनुहार केही मलिन पारेका थिए ।

दुर्गा प्रसादले बाआमाको तेह्रौं दिनको किरिया भव्यताका साथ सम्पन्न

गऱ्यो । टोलभरिका छर छिमेकलाई बोलाएर भोजन गरायो । पुरोहितहरूलाई पनि मनग्गे दान दक्षिणा दिएर बिदाइ गऱ्यो।

यतिखेरै दुर्गाप्रसादका छिमेकी जानकीरमणले ठट्टा गरे, "जे होस्, दुर्गा प्रसादजीले आफ्ना बाआमालाई मरेपछि भने मज्जाले खान, लाउन दिनु भयो है ।" ♦♦♦

**कविता**

## आज पनि फेरि सुतेँ



✍ मनिष कटेल

ढिलो उठ्छु आमाबुबाको गाली खान्छु
फेरि ढिलो उठ्छु आमाबुबाको आश तोड्छु
फेरि ढिलो उठ्छु आफै बेहाल हुन्छु
अब उठ्न मन लाग्दैन जीवन अन्धकार देख्छु

टेबलको चिया भन्दा मोबाइल अगाडि देख्छ
एकछिन फेरि ढल्किन्छु भनेर सोच्छु
फेसबुक हेर्छु, टिकटक हेर्छु, इन्स्टा हेर्छु, युट्युब हेर्छु
ओछ्यान त्यत्तिकै छोड्छु फेरि आएर सुन्ने त हो भन्छु

म धेरै बिग्रिसकेछु
भित्रभित्रै मकाइसकेको रहेछु
दिन प्रति दिन परिवारको बोझ बन्दै रहेछु
आफ्नो जीवन गलत मोडतिर मोड्दै रहेछु

म केही गर्न खोज्छु तर गर्न सक्दिनँ
म अघि बढ्न खोज्छु तर बढ्न सक्दिनँ
पढ्छु सहि बाटो हिँड्छु भन्छु तर सक्दिनँ
त्यसैले आज पनि फेरि म सुतेँ

अब केही गर्छु, भन्छु, आज केही गर्छु भन्छु
भोलि केही गर्छु भन्छु
ठूला-ठूला सपना देख्छु
तर केही गर्न सक्दिनँ
फेरि अरू नै कुरामा भुलिन्छु
म उठ्न सकिनँ,
संसार बुझ्न सकिनँ
म आज पनि फेरि सुतेँ ।

*कक्षा १२*
*-नेपाल पुलिस स्कुल, साँगा ।*

# प्रहरी दिवस र अमर प्रहरी



✍ प्र.नि.जनार्दन घिमिरे

नेपाल प्रहरीले आफ्नो स्थापना दिवसको स्मरण गर्दै हरेक वर्ष प्रहरी दिवस मनाउँदै आइरहेको छ । प्रहरी ऐन २०१२ जारी भएको मितिलाई आधार मानेर परम्परागत रूपमा हरेक वर्ष असोजको अन्तिम साता नेपाल प्रहरी प्रधान कार्यालय सातवटै प्रदेश प्रहरी कार्यालय लगायत देशभरका प्रहरी कार्यालयमा विशेष कार्यक्रम गरी प्रहरी दिवस मनाउने गरिएको छ ।

नेपाल प्रहरीको इतिहासलाई फर्केर हेर्ने हो भने नेपालको एकीकरणको समय देखि नै कुनै न कुनै रूपमा प्रहरीको काम कारबाही हुने गरेको देखिन्छ तर पनि त्यस समयमा प्रहरीको छुट्टै संरचना नभएकोले युद्धमा सहभागी सैनिकले नै शत्रु फौजको बारेमा सुराकी एवम् सूचना संकलन गर्ने र युद्धमा सहभागी हुने शत्रु सेना वा परास्त भई भागेका शत्रु सैनिकलाई गौंडा ढुकेर कब्जामा लिने कार्यमा सैनिकको प्रयोग गर्ने गरिएको भन्ने तथ्य विभिन्न ऐतिहासिक पुस्तकमा उल्लेख गरेको पाइएबाट पनि प्रहरी कार्य सेनाबाटै भएको मान्न सकिन्छ । नेपालको एकीकरणको काल खण्ड समाप्त भएपश्चात विस्तारै समाजमा अपराधका गतिविधि बढ्दै गइसकेपछि वि.सं. १९५० को दशकबाट पहाड लगायत काठमाडौँ उपत्यकामा कोटवाल, कोतवाली अथवा गोश्वारा प्रहरी र तराई अमिनी प्रहरी गठन गरी संगठित रूपमा अपराध नियन्त्रणमा प्रहरीको रूपमा कामकाजमा लगाइएको पाइन्छ । यस पछि क्रमशः वि.सं. १९९० को दशकको मध्यसम्म आइ पुग्दा सवारी सुरक्षा तथा नियन्त्रणको लागि ट्राफिक प्रहरीको स्थापना भएको इतिहासमा उल्लेख छ । नेपाल प्रहरीको क्रमिक सुधार हुने क्रममा वि.सं २००७ सालमा प्रजातन्त्र स्थापना पछि प्रथम प्रहरी महानिरीक्षकको रूपमा तोरण शमशेर जबरालाई नियुक्ति गरे पश्चात नेपाल प्रहरीले आफ्नो स्वरूपले मूर्त रूप लिनुको साथसाथै प्रहरी संगठनलाई एकिकृत गर्ने काम

भएको देखिन्छ । प्रहरी संगठनलाई थप बलियो र व्यवस्थित बनाउने क्रममा वि.सं २०१२ असोज ३१ गते प्रहरी ऐन २०१२ जारी भएको मितिलाई आधार मानेर नेपाल प्रहरीले हरेक वर्ष प्रहरी दिवस मनाउदै आएको छ ।

हुन त नेपाल प्रहरीले नियमित रूपमा प्रहरी दिवस मनाउन थालेको पनि धेरै लामो समय भएको छैन । नेपाल प्रहरीले नियमित प्रहरी दिवस मनाउन थालेको चाहिं वि.सं. २०५२ सालमा तत्कालीन प्रहरी महानिरीक्षक मोतिलाल बोहोराको पालाबाट हो । त्यस पश्चात भने नेपाल प्रहरीले हरेक वर्ष असोजको अन्तिम साता प्रहरी दिवस मनाउदै आएको छ । हरेक वर्ष सरकार प्रमुखको प्रमुख आतिथ्यतामा प्रहरी दिवस मनाउदै आएको नेपाल प्रहरी संगठनले उक्त दिन विशेष गरेर कर्तव्य पालनाको सिलसिलामा वीर गति प्राप्त गर्नुहुने अमर प्रहरी कर्मचारीहरूप्रति विशेष सम्झना र सम्मान गरिने गरिएको छ । यस क्रममा अमर प्रहरी स्मारकमा पुष्प गुच्छा अर्पण गर्नुको साथै एक वर्षको अवधिमा कर्तव्य पालनाको सिलसिलामा वीर गति प्राप्त गर्नुहुने अमर प्रहरीका सन्ततिलाई कदर पत्र प्रदान गर्ने गरेको छ ।

प्रहरी प्रधान कार्यालयले उक्त अवसरमा नेपाल प्रहरी संगठनमा लामो समय काम गरी सेवा निवृत्त हुनु भएका प्रहरी कर्मचारीमध्ये हरेक वर्ष एक जनालाई लाइफ टाईम एचिभमेन्ट अवार्डद्वारा सम्मान गर्ने गरेको छ । यसै गरेर सो अवसरमा देशभरका कार्यालयहरूमध्ये बाट कार्य सम्पादनको आधारमा सर्वोत्कृष्ट स्थान हासिल गर्ने नेपाल प्रहरी प्रदेश कार्यालय र काठमाडौं उपत्यका प्रहरी कार्यालयमध्ये एउटालाई छनौट गरी प्रहरी ब्याटन प्रदान गर्ने गरेको छ । यसका साथै सर्वोत्कृष्ट अनुसन्धानकर्ता, पूर्ण शान्ति पुरस्कार, योगेन्द्र स्मृति साहसीक पुरस्कार लगायत विभिन्न विधामा उत्कृष्ट हुने कर्मचारीलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्दै आएको छ । यसका साथै अमर प्रहरीका सन्ततिलाई समेत छात्रवृत्ति प्रदान गरिंदै आएको छ ।

प्रहरी दिवसको अवसर पारेर नेपाल प्रहरीले हरेक वर्ष अमर प्रहरी र तिनका परिवारजनमा विशेष सम्मान प्रकट गर्दै आएको छ । नेपाल प्रहरीले कर्तव्य पालनाको सिलसिलामा अमरत्व प्राप्त गर्ने प्रहरी कर्मचारीको अभिलेख राखी हरेक वर्ष प्रहरी स्मारिकामार्फत अमर प्रहरी कर्मचारीको अभिलेख प्रकाशन गर्दै आएको छ । नेपाल प्रहरी प्रधान कार्यालयको प्रहरी स्मारक गुठीको तथ्याङ्कअनुसार प्रहरी ऐन जारी भईसके पछि हाल सम्मको अवधिमा १ हजार ७ सय ४९ जना प्रहरीले अमरत्व

प्राप्त गरेका छन् । स्मारक गुठीले हरेक वर्ष प्रकाशन गर्दै आएको प्रहरी स्मारिकामा अमरत्व प्राप्त गर्ने प्रहरी कर्मचारीको नाम प्रकाशन गर्दै आएको छ । उक्त तथ्याङ्कलाई हेर्ने हो भने सर्वप्रथम वि.सं. २०१८ सालमा प्रहरी जवान रूद्र बहादुर खड्काले अमरत्व प्राप्त गरेका थिए । सोही वर्ष अन्य चार जना प्रहरी कर्मचारीले समेत कर्तव्य पालनाको सिलसिलामा अमरत्व प्राप्त गरेको देखिन्छ । यस पश्चात हालसम्म आई पुग्दा ठूलो संख्यामा प्रहरी कर्मचारीले कर्तव्यको बलिवेदीमा प्राणोत्सर्ग गरेका छन् । यसरी अमरत्व प्राप्त गर्ने प्रहरी कर्मचारीमा सबै भन्दा बढी वि.सं. २०५८ मा ३ सय ५६ जनाले अमरत्व प्राप्त गरेका छन् । यसै गरेर वि.सं. २०५९ सालमा २ सय ७० जना र वि.सं. २०६० मा २ सय १३ जना प्रहरी कर्मचारीले अमरत्व प्राप्त गरेका थिए भने वि.सं. २०५७ मा १ सय ८१ जना, वि.सं. २०६१ मा १ सय ८० जना र २०६२ सालमा १ सय ६८ जनाले अमरत्व प्राप्त गरेका थिए ।

यसरी हालसम्म कर्तव्य पालनाको सिलसिलामा आफ्नो प्राणको आहुती दिई जीवन उत्सर्ग गर्ने प्रहरी कर्मचारीमा प्रहरी वरिष्ठ उपरीक्षक २ जना, प्रहरी उपरीक्षक २ जना, प्रहरी नायब उपरीक्षक १४, प्रहरी निरीक्षक ४६ जना रहेका छन् । यसै गरेर जीवन उत्सर्ग गर्ने प्रहरी कर्मचारीमा प्रहरी नायब निरीक्षक ७७ जना, प्रहरी सहायक निरीक्षक १ सय ९४ जना, प्रहरी वरिष्ठ हवल्दार १ जना, प्रहरी हवल्दार ४ सय ६९ जना, प्रहरी सहायक हवल्दार ४ जना, प्रहरी जवान ९ सय २१ जना र प्रहरी कार्यालय सहयोगी १९ जना रहेका छन् । यसरी कर्तव्यको बलिवेदीमा प्राणोत्सर्ग गर्ने प्रहरी कर्मचारीमा प्रहरी जवान र प्रहरी हवल्दारको संख्या धेरै छ । नेपाल प्रहरीमा पछिल्लो पटक वि.सं. २०७९ साल साउन २८ गते प्रहरी जवान लक्ष्मण पुन मगरले अमरत्व प्राप्त गरेको प्रहरी स्मारक गुठीको तथ्याङ्कले देखाउँछ ।

नेपाल प्रहरीको इतिहासमा वीरगती प्राप्त गर्ने अमर प्रहरीको त्याग तपस्या समर्पणभाव र बलिदानी सदैव स्वर्णाक्षरले कोरिएको छ । उनीहरूको प्राणोत्सर्गको गाथाले नेपाल प्रहरीलाई सदैव कर्तव्य पथमा अविचलित भई निरन्तर अगाडि बढ्न प्रेरित गरिरहन्छ । उर्जाको नयाँ स्रोतको रूपमा ती तमाम वीरगती प्राप्त गर्ने अमर प्रहरीको गाथालाई सम्झनाको रूपमा आजको दिनमा हरेक प्रहरीले आफ्नो हृदयको स्पन्दनमा राखी अगाडि बढ्न सकेमा र प्रहरी संगठन भित्र असल इमान्दार र कर्तव्यनिष्ठ प्रहरी कर्मचारीको रूपमा आफूलाई स्थापित

गर्न सकेमा मात्र अमर प्रहरी प्रति हाम्रो सच्चा सम्मान प्रकट भएको मानिन्छ । नेपाल प्रहरीले प्राप्त गर्ने हरेक सफलतामा कतै न कतै अमर प्रहरीको योगदान रहेको छ । त्यसकारण पनि कर्तव्य पालनाको सिलसिलामा प्राणको आहुति दिने तमाम अमर प्रहरी कर्मचारी प्रतिको श्रद्धासुमन र सम्मान प्रकट गर्ने कार्य प्रहरी दिवसको एउटा अभिन्न पाटोको रूपमा रहँदै आएको छ । ♦

कविता

## छोरीको हिम्मत

✍ **चाँदनी कुमारी ठाकुर**

यो देशलाई भोलि बनाउछौं हामी
हिम्मतको प्रशंसा गरी चिनिने छौं हामी
छोरी हुँ हिम्मत गरी बढ्छु अगाडि
हिम्मत तोडी हुने छैन पछाडि ।

छोरीको हिम्मतलाई नसम्झिनु कमजोरी
त्यही हिम्मतको प्रशंसाले चिनिँदै छन् दुर्गा र महाकाली
छोरी हुँ हिम्मत गरी बढ्छु अगाडि
हिम्मत तोडी हुने छैन पछाडि ।

छोरी हुँ अहिले महिला हुने छौं पछि हामी
महिलाको हक हितमा लड्ने छौं हामी
छोरी हुँ हिम्मत गरी बढ्छु अगाडि
हिम्मत तोडी हुने छैन पछाडि ।

छोरी हुँ भनी हेपाउने छैन् हामी
यो पीडाले मनलाई दुखाउने छैन् हामी
छोरी हुँ हिम्मत गरी बढ्छु अगाडि
हिम्मत तोडी हुने छैन पछाडि

छोरीलाई हेर्ने दृष्टि परिवर्तन गर्ने छौं हामी
सन्तानका रूपमा छोराछोरीलाई समानता तुल्याउने छौं हामी
छोरी हुँ हिम्मत गरी बढ्छु अगाडि
हिम्मत तोडी हुने छैन पछाडि ।

**नियात्रा**

# रूप्से झरना र अन्धगल्छीमा छड्के नजर



✍ **घनबहादुर थापा**

हिमाल पारीको जिल्ला भनिन्छ मुस्ताङलाई । विश्वकै उत्कृष्ट पर्यटकीय स्थल मध्येको एक ठाउँ पनि हो मुस्ताङ । अझै महत्वपूर्ण धार्मिकस्थल मुक्तिनाथ पनि यहीं पर्दछ । यस्तो अनुपम ठाउँमा पुग्ने रहर जो कोहीलाई हुने गर्छ । अझ मुक्तिनाथ मन्दिर पुगेर त्यसलाई स्पर्श गर्ने चाहना धेरैको हुन्छ । यस्तो रहर मेरो पनि नभएको होइन । इच्छा जाग्दाजाग्दै पनि सोचेको कहाँ पुग्छ र ! अहिलेको अवस्थामा कार्यबोझका कारण सम्भव नदेखेपछि कुनै समय फुर्सदको क्षणलाई सदुपयोग गर्ने हेतुले हाललाई यो रहर थाती राखेको थिएँ ।

यसै क्रममा पारिवारिक टोलीले अकस्मात मुक्तिनाथ जाने योजना बनायो । मैले आफूलाई विकल्पको रूपमा राख्न आग्रह गरें । जाने अवसर मिल्यो भने गए पनि हुने र मिलेन भने नगए पनि हुनेमा सहमत भइयो तर जुनसुकै कामलाई पनि पूरा गर्न समय जुर्नुपर्ने रहेछ । जाने दिन नजिकै आउँदा मैले पनि सहभागिता जनाउन मिल्ने भयो । एकाएक मुक्तिनाथ जाने भएपछि म र सावित्रीजी काठमाडौंबाट पोखरा प्रस्थान गर्‍यौं। टोलीका अन्य सदस्यसँग पोखरामा भेट भयो । योजना अनुसार हाम्रो समूह २०७८ फागुन १७ गते पोखराबाट मुक्तिनाथतर्फ प्रस्थान गर्‍यो ।

बेनी-जोमसोम सडक खण्डमा गुड्दै गर्दा बग्रेल्ती सुन्दर ठाउँहरू देखिए । तैपनि प्राकृतिक रूपमै अति आकर्षक पर्यटकीयस्थलमा अवस्थित सुन्दर रूप्से झरनाको सौन्दर्यको कल्पना मनभरि भरियो । झरना अत्यन्तै आकर्षक र मनमोहक छ भन्ने सुनेकै भरमा कतिखेर देखौं जस्तो भइरहेको थियो । मनमा हुट्हुटी चलिरहेको थियो । जीवनका पचासौं बसन्तसम्म अवलोकन गर्न हतार नभएको झरना केही क्षणमै आँखा अगाडि आउँदैछ भन्ने जानी-जानी किन मन उथलपुथल र अधैर्य भएको होला ? यस प्रश्नको उत्तर आफैलाई थाहा

थिएन । म्याग्दीको अन्नपूर्ण गाउँपालिका वडा नम्बर ३ दानामा रूप्से झरना पर्छ भन्ने जानकारी थियो । त्यै भएर अन्नपूर्ण गाउँपालिकाको सीमाना सुरू भएदेखि नै गाडीको शिशाबाहिर टाढा-टाढासम्म नजर दौडिरहेका थिए मेरा तर त्यो सुन्दर ठाउँ जाने सडक भने धुलोको राजधानी नै रहेछ । बाहिरको दृश्य नियाल्न खोज्यो र झ्यालको शिशा खोल्यो भने धुलोले छपक्कै छोप्थ्यो । पानी परेको बेला हिलोले के हालत बनाउँछ होला ? यो हाम्रो कल्पना बाहिरको विषय बन्यो ।

यात्रामा हिँड्दै गर्दा अनेक तर्कना मनमा उब्जने रहेछन् । रूप्से झरना कस्तो होला ? झरनाको केही तल कालीगण्डकीको खोँचमा रहेको विश्वकै गहिरो अन्धगल्छी कस्तो होला ? विकिपिडियाकाअनुसार समुद्र सतहदेखि झन्डै एक हजार आठ सय मिटरको उचाइमा रहेको रूप्से झरना ७५ मिटर अग्लो छ । यति धेरै उचाइमा रहेको झरना मोटरबाटोदेखि कति माथिको दुरीमा होला ? सडकमा गाडी रोकेर झरना र अन्धगल्छी हेर्न जान सकिन्छ कि सकिँदैन होला ! यस्तै तर्कनामा म रूमलिएँ । यस सडकखण्डबाट हिँड्ने पर्यटकले झरनाको अवलोकन गर्दछन् भन्ने सुनेको मैले पक्कै पनि नजिकबाट अवलोकन गर्न पाइन्छ भनेर ढुक्क भएँ ।

हामी चढेको स्कार्पियोको आफ्नै रफ्तारमा अगाडि बढ्दै थियो । कच्ची मोटरबाटो भएकोले ठाउँठाउँमा ढुङ्गा र ती ढुङ्गालाई धुलोको थुप्रोले छोपेको कारण बेलाबेला गाडी नराम्ररी हल्लिन्थ्यो । पहिलो पटक मुस्ताङ यात्रामा हिँडेका चालकलाई पक्कै पनि मनभित्र त्रास उब्जिएको हुनुपर्छ । तथापि उनले बाहिर त्यसको कुनै सङ्केत दिएनन् । निर्धक्क गाडी चलाएर हामीलाई ढुक्क बनाए । पोखरादेखि करिब ११० किलोमिटर र म्याग्दी सदरमुकाम बेनीबजारदेखि ३० किलोमिटर उत्तरमा पर्छ रूप्से झरना र अन्धगल्छी भन्थे जानकारहरू । त्यति यात्रा तय गर्न सवारी साधनमा करिब तीन घण्टा लाग्छ रे ! तर हिँडेको छ, हिँडेको छ फेरि पनि आउँदैन त ! मन केही अतासियो । पहिले पहिले गाडी नचल्दा करिब एक दिन पूरै लाग्थ्यो रे यो दूरी छिचोल्न । पैदल हिँड्नु पर्ने भएकोले होला कि यस खण्डलाई अन्नपूर्ण पदमार्ग पनि भन्दा रहेछन् । भिरको बाटो, तल अत्यास लाग्दो छाँगो । कठै कसरी तय गरे होलान् त्यो लामो यात्रा पैदलै । यस्तै सोच्दै गर्दा पनि हाम्रो धैर्यता कायम थियो । कुनै चिज पाउन जति कठिन हुन्छ, त्यसको महत्व पनि त्यति नै हुन्छ र उपभोग गर्न त्यति नै

मज्जा आउँछ भन्ने विचार मनमा पलायो । गीत सुन्दै त घरी गफ हाँक्दै हाम्रो टोलीको यात्रा अगाडि बढ्यो । केही क्षणमा धौलागिरी हिमाल देखियो । अन्नपूर्ण हिमालले अर्को पट्टीबाट मुस्कान छर्‍यो । यिनै दुई हिमालको बिचमा अवस्थित छ, ६ हजार ९ सय ६७ मिटर गहिराई भएको अन्धगल्छी । गल्छीमाथि अवस्थित छ झरना । यै जानकारीले गर्दा अब लगभग पुग्न आँटियो भन्दै मन प्रफुल्लियो । हाम्रा अगाडि पछाडि पनि लहरै गाडीका ताँती थिए । ती गाडीमा सवार यात्रु पनि हिमालतिर हेर्दै मुस्कुराएका देखिन्थे । झ्यालको शिशा खोल्दा धुलोले छपक्कै छोप्ने, भित्रबाट हेर्दा हरिलो भरिलो मनोरम दृश्य पनि धमिलो देखिने यस्तै पीडा भोग्दै हाम्रा नजर सूर्यको प्रकाशझैं फैलिए तर पनि आशातित दृश्यले दर्शन दिएको थिएन ।

जुनसुकै आकर्षकस्थलमा मान्छेहरू रमाउन चाहन्छन् । जति पर्यटकको भिड बढ्छ त्यति त्यस ठाउँको रौनक बढ्छ । रूप्से झरनामा पनि यही कारण भिड हुने गर्छ । पर्यटक लोभिन्छन् र अवलोकन गर्दै मुग्ध बन्छन् । यस्तै कुरा पढ्दै र सुन्दै आएकोले मन तानिनु स्वभाविकै हो । कालीगण्डकी करिडोर हुँदै यात्रा छिचोल्दै जाँदा रूप्सेको सम्झनाले पनि मन आनन्दित पार्दो रहेछ । यही आनन्दको भुमरीमा डुबुल्किएर म मनमोहक रूप्से झरना र विश्वको सबैभन्दा गहिरो अन्धगल्छी हेर्न आतुर थिएँ । तर म जति आतुर थिएँ, त्यति उत्साह हाम्रो टोलीका अन्य सदस्यमा भने थिएन । किनकी टोलीका अन्य सदस्यको इच्छा मुक्तिनाथ लगायत धार्मिकस्थल पुग्ने, दर्शन गर्ने आदि थियो । उमेर वा अन्य कुनै कारण हुन सक्छ विचारमा विभेद हुनु । उहाँहरूको एउटै स्वर निस्कियो, 'यस्ता अग्ला झरना त हाम्रो गाउँतिर कति छन् कति । किन हेर्नु पर्‍यो यहाँ !' गाडीभित्र तर्क वितर्क हुन थाले । यस्ता तर्कले रूप्से र अन्धगल्छी पनि भिल्लाको देशमा मणि भनेझैं भयो । यस्तो अवस्था आइपर्दा नयाँ ठाउँ र लामो यात्रामा जाँदा मन, उमेर, रूचि आदि मिल्ने टोलीसँग मात्र हिँड्नु राम्रो हो कि जस्तो पनि मनभित्र लाग्यो ।

रूप्से झरना र अन्धगल्छी दुवै एकै स्थानमा अवस्थित अति महत्वपूर्ण स्थान हुन् । यिनको अवलोकन गर्न आन्तरिक एवं बाह्य पर्यटकहरू दैनिक हजारौं पुग्छन् । यही बाटो हिँड्दै गर्दा मुस्ताङ जाने पर्यटकहरू एकछिन गाडी रोकेर झरनामा फोटो खिच्छन्, रमाउँछन् । त्यसैले हामी पनि जाऔं भन्ने मेरो अभिलाषा थियो तर जोमसोम

पुग्ने हतारोको कारण फर्किंदा जाउँला भन्ने तर्कले बहुमत पायो । बहुमतको कदर नगरी धरै पाइएन । जब व्यग्र प्रतिक्षित रूप्से झरना टाढैबाट देखियो । गाडीभित्र धुलो पस्ने डरको कुनै प्रवाह नगरी झ्याल खोलेर रूप्से झरनामा छड्के नजर लगाइयो । भिरालो जमिनमा माथिदेखि छङ्छङ् फैलिएर झरेको पानी साँच्ची नै मनमोहक लाग्थ्यो । आँखाले झ्याइञ्जेल हेर्दै गर्दा रूप्सेको रूप विस्तारै ओझेल पर्दै गयो ।

साँझ ४.३५ बजे जोमसोम बजारमा पुगेर गाडी रोकियो । तीव्र हावा चलेर निकै सतायो । धुलो उडेर हैरान । केही क्षण घुमेर माउन्टेन ब्रिज होटलमा बास बसियो । अर्को गाडीमा आएको हाम्रै अर्को टोलीसँग त्यहीं भेट भयो । यात्रामा भोग्नु परेका दुःख सुखका कुरा बाड्ने क्रममा रूप्से झरनामा छड्के नजर मात्रै लगाएर हिंडेको बतायौं । एकजना मित्रले भने, 'ठिकै गर्नुभयो । २०७७ साउनमा आएको बाढीले रूप्से झरनाको सौन्दर्य बगायो । अहिले झरना उजाड छ ।' वि.सं १९७५ सालमै ७५ पैसाको हुलाक टिकटमा सजिएको रूप्से झरनाको रूपलाई बाढी र पहिरोले कुरूप बनाएर पुरानो स्वरूप हराएको सुन्दा निकै नमिठो लाग्यो । तैपनि फर्किंदा अवलोकन गर्ने भित्री लालसा मनभित्र मर्न सकेन ।

फर्किने बेला गाडीभित्र फेरि उही रूप्सेको मनमोहक दृश्य मनभित्र सलबलायो । अहिले कुरूप भएको छ भन्ने भनाइले मनभित्र हुँडुली मच्चायो । पहिले कस्तो थियो र अहिले कस्तो भयो होला भन्ने कौतुहलता जगायो । झरना नजिक आइपुगेपछि गाडी रोकियो । सडकबाट हेर्दा झरनाको वरिपरि पहिरोको रेशाहरू देखिए । माथि हिंड्दै पुग्न समूहका सदस्यहरूले साहस जुटाएनन् । तलपट्टी कालीगण्डकी नदी, बिचमा छाँगो अनि अन्धगल्छीको घुमैंलो स्वरूप । यी दृश्यलाई सडकबाटै छड्के नजर लगायौं । दृश्यपानमा अतृप्त भएर होला हाम्रो गाडी पनि यात्रु छुटेको मिनीबसझैं विस्तारै अगाडि बढ्यो । यस पाली नजिकबाट झरनामा रमाउने सपना भताभुङ्ग भए पनि बाढी पहिरोले चीरहरण भएको रूप्सेको वास्तविक रूप भविष्यमा पुनःनिर्माण हुने र रमाउन पाइने अभिलाषासहित अहिलेलाई रूप्से झरना र अन्धगल्छीलाई छड्के नजर लगाएरै चित्त बुझाइयो । पूर्वाधार निर्माण हुँदै चिटिक्क परेको रूप्से बनाएर यसको सौन्दर्यलाई जीवन्त राख्ने काम भएमा अवलोकनका लागि पुनः पुग्ने चाहना मेरो मनले अहिले पनि राख्दैछ । ♦♦

# संगीतप्रेमी वैज्ञानिकः अल्बर्ट आइन्स्टाइन



✍ राजेशमान के.सी.

वैज्ञानिक अल्बर्ट आइन्स्टाइनको जन्म सन् १८७९ मार्च १४ तारिखका दिन जर्मनीको प्रसिद्ध शहर 'उल्म' भन्ने ठाउँमा भएको थियो । उनका पिता हरमान आइन्स्टाइन र माता पाउलीन 'जुइस' परिवारका थिए । सन् १८८५ मा आएर आइन्स्टाइन परिवार अष्ट्रेलियाको म्यूनीख शहरतर्फ बसाइ सर्न पुगे जहाँ आइन्स्टाइनका पिताले आफ्नो जीवन निर्वाह गर्ने क्रममा एउटा सानो विद्युत यन्त्र सम्बन्धी व्यवसाय शुरू गरेका थिए तर त्यो व्यवसाय अर्थाभावका कारण सफल हुन सकेन । आइन्स्टाइनको बाल्यकाल पनि आर्थिक अभावमा नै बितेको थियो । उनले ३ वर्षको उमेरसम्म बोल्न नसकेपछि कतै उनी आजीवन अपाङ्ग त हुने होइन भन्ने कुराले उनका माता–पिता पिरोलिने गर्दथे ।

आइन्स्टाइन ६ वर्षको उमेर हुँदा उनका पिताले उनलाई एउटा साधारण विद्यालयमा भर्ना गरिदिएका थिए । विद्यालयका शिक्षक शिक्षिकाहरूले उनलाई मुर्ख एवम् मन्द बुद्धिको ठहऱ्याउने र कक्षामा पनि उनलाई प्रायः जसो सजाय दिइने हुँदा विचरा फुच्चे आइन्स्टाइन घर फर्कदा जहिने पनि निन्याउरो मुख लाएर फर्कने गर्दथे । आइन्स्टाइनले कुन र कस्तो किसिमको व्यवसाय अनुशरण गरे सफल हुन सक्लान् भनी उनी अध्ययनरत विद्यालयको प्रधानाध्यापकलाई प्रश्न गर्दा उनको जवाफ हुने गर्थ्यो– "यसले जुन व्यवसाय शुरू गरोस् केही फरक पर्ने वाला छैन किनकी यो कुनै पनि क्षेत्रमा सफल हुँदै हुँदैन" । आइन्स्टाइन बाल्यकालदेखि नै संगीतप्रति अभिरूचि भएका र उनकी आफ्नै आमा पनि संगीतमा दखल भएको हुँदा ६ वर्षको उमेरदेखि नै आइन्स्टाइनले भायोलिन सिक्न थालेका थिए । त्यसैले उनले कुनै औपचारिक कार्यक्रममा आफ्नो अभिव्यक्ति दिने सन्दर्भमा "यदि म वैज्ञानिक नभएको भए संगीतकार हुने थिएँ" भनेर भनेका पनि छन् ।

आफ्नो स्कुल अध्ययन पूरा

गरेपछि उनी प्राविधिक शिक्षा हासिल गर्ने क्रममा स्वीट्जरल्याण्डको ज्यूरिखस्थित टेक्निकल स्कुलमा अध्ययन गर्न पुगे । जहाँबाट उनले सन् १९०१ मा स्नातक उपाधि हासिल गरेका थिए । उक्त प्राविधिक शिक्षण संस्थामा अध्ययनरत रहँदा नै उनले आफूभन्दा झन्डै ३ वर्ष जेठी मिलेभा मारिक नामकी युवतीसँग प्रेम पासोमा बाँधिन पुगेका थिए । पेशाले उनी गणितिज्ञ थिइन् । सन् १९०३ मा आएर उनीहरू वैवाहिक बन्धनमा बाँधिन पुगे । सन् १९०४ मा उनीहरूको प्रथम पुत्र स्वरूप हान्स अल्बर्ट आइन्स्टाइन र त्यसपछि सन् १९१० मा दोस्रो पुत्र एडुवार्ड आइन्स्टाइनको जन्म भएको थियो तर आफ्नो कार्यमै अधिकतम तल्लीन रहने कारणले गर्दा आइन्स्टाइनको दाम्पत्य जीवनमा कटुता उत्पन्न हुन थाल्यो । अन्त्यमा सन् १९१९ मा गएर उनीहरूबीच सम्बन्ध विच्छेद हुन पुग्यो । आफ्नी प्रथम पत्नीसँग सम्बन्ध विच्छेद भएपछि आइन्स्टाइनले आफ्नै मामाकी छोरी एल्सासँग दोस्रो विवाह गरेका थिए ।

सन् १९०१ मा स्नातक उपाधि हासिल गरेपछि आइन्स्टाइन स्वीट्जरल्याण्डको नागरिक बन्न पुगेका थिए । मिलान शहरमा उनको परिवारको व्यवसाय असफल भएको हुँदा उनका पिताले उनलाई स्वीट्जरल्याण्डमै बसेर पढ्नको लागि खर्च व्यहोर्न सकेनन् जसले गर्दा आइन्स्टाइन कामको खोजीमा स्वीट्जरल्याण्डको शहर गल्लीमा भौंतारिँदै हिँड्नु पर्‍यो । यस क्रममा उनले धेरै स्कुलहरूमा शिक्षण पेशाको निमित्त प्रयास पनि गरे तर उनी सफल हुन सकेनन् । धेरै प्रयासपछि अन्त्यमा उनले एउटा स्कुलमा बिरामी भएर बिदामा बसेका एक जना शिक्षकको रिक्त स्थानमा केही समयसम्मका लागि भनी पढाउने अस्थायी शिक्षकको काम पाए तर केही समय पश्चात बिदामा बसेका शिक्षक आफ्नो काममा फर्केपछि उनले तुरून्तै त्यो नोकरी छाड्नु पर्‍यो ।

यसरी रोजगार नपाएर अप्ठ्यारोमा परिरहेको बेला उनका एकजना हितैषी मित्रले आफ्नो प्रभावशाली पिताको सहयोगबाट उनलाई सन् १९०२ मा स्वीट्जरल्याण्डकै वर्न शहरमा एउटा पेटेण्ट अफिसमा प्राविधिक सहायकको नोकरी उपलब्ध गराइदिए । पेटेण्ट अफिसमै कार्यरत रहँदा आइन्स्टाइन २६ वर्षको उमेरमा "सापेक्षतावादको सिद्धान्त" विषयक शोधपत्र प्रकाशित गर्न सफल भएका थिए । जुन सिद्धान्तमा हालको प्रख्यात सूत्र $E=MC^2$ पनि पर्दछ । यसै सूत्रद्वारा आइन्स्टाइनले सैद्धान्तिक रूपमा पिण्डलाई शक्तिमा रूपान्तरण गर्न सकिन्छ भन्ने कुरा प्रमाणित गरेका थिए ।

उनको यसै सापेक्षतावादको सिद्धान्तले विश्वव्यापी रूपमा प्रशंसा पायो र उनी विश्व प्रसिद्ध हुन पुगे । आफ्ना यिनै आविष्कारका कारण उनलाई युरोपका कतिपय विश्वविद्यालयहरूमा विभिन्न प्राज्ञिक पदहरूमा रही सेवा गर्न समेत आमन्त्रित गरिएको थियो । यहाँसम्म कि बर्लिनको "कोराजन विलहेल्म फिजिक्स इन्स्टिच्युट" मा त उनको लागि निर्देशकको पद समेत सिर्जना गरिएको थियो । पछि उनैद्वारा प्रतिपादित "फोटो इलेक्ट्रिक प्रभाव" सिद्धान्तका लागि उनलाई सन् १९२१ का लागि भौतिकशास्त्रतर्फको नोबेल पुरस्कारद्वारा सम्मानित गरिएको थियो ।

त्यसपछि सन् १९०९ मा ज्युरिख विश्वविद्यालयमा प्राध्यापक बन्नको लागि आइन्स्टाइनले पेटेण्ट अफिस छाडिदिए । अनि सन् १९१३ मा उनी वर्लिनको नयाँ "कोराजन विलहेल्म फिजिक्स इन्स्टीच्युट" नामक एक प्रतिष्ठित संस्थामा पहिलो निर्देशक बन्न पुगे । यसका साथै आइन्स्टाइन सन् १९१४ देखि सन् १९३३ सम्म बर्लिन विश्वविद्यालयमै भौतिकशास्त्रका प्राध्यापकको हैसियतले कार्यरत रहे । यसै क्रममा उनले सन् १९२० मा यूरोप, अमेरिका लगायत अन्य पश्चिमेली मुलुकहरूमा प्रवचन पनि दिँदै हिँडेका थिए । आइन्स्टाइन आफ्नो जीवनको अन्तिम समयमा आएर संयुक्त राज्य अमेरिकाको प्रिन्सटन विश्वविद्यालयमा कार्यरत रहन थाले र प्रिन्स्टनमा नै उनकी दोस्री श्रीमती एल्साको पनि सन् १९३६ मा मृत्यु भएको थियो ।

सन् १९५२ तिरको कुरा हो । आइन्स्टाइनलाई इजरायलको दोस्रो राष्ट्रपति बन्नको लागि समेत प्रस्ताव आएको थियो तर उनले यस प्रस्तावलाई स्वीकार गरेनन् । बरू यसको सट्टा उनले आफ्नो जीवनको अन्तिम घडीसम्म आफ्नो "एकीकृत क्षेत्र सिद्धान्त" (United Field Theory) को अनुसन्धानमा लागिरहने दृढ अठोट गरे । यो एक त्यस्तो सिद्धान्त हो जसले सबै भौतिक विषयहरूको व्याख्या गर्दथ्यो । दुःखको कुरा यस सिद्धान्तलाई पूरा गर्न नपाउँदै सन् १९५५ को अप्रिल १८ तारिखका दिन अमेरिकाको न्यु जर्सी राज्यस्थित प्रिन्स्टनमा उनको दुखद् निधन भयो । स्मरण रहोस् आइन्स्टाइनको मस्तिष्कलाई उनको मृत्यु भएको ३० वर्ष पछि सम्म पनि सुरक्षित राखिएको थियो । उनको मृत्यु पश्चात उनको मस्तिष्कको अध्ययन गर्ने न्युरो सर्जकले उनको मस्तिष्कमा सामान्य मानिसको भन्दा ७३ प्रतिशत ग्लियल कोषहरू अधिक रहेको तथ्य पत्ता लगाएका थिए ।♦

**लेखक नास्टका सेवा निवृत्त वरिष्ठ प्रवर्धन अधिकृत हुनुहुन्छ ।**

निबन्ध

# काम, माम र नाम



✍ छायादत्त न्यौपाने 'बगर'

मलाई काम मन पर्छ । म काम गर्छु । कामले मलाई माम दिन्छ । मामले मलाई जीवन दिन्छ । जीवनको अर्थ कामले बताउँछ । अर्थपूर्ण जीवन चिनाउने नामले हो । मलाई नाम चिनाउने रहर छ । त्यसैले म काम गर्छु । कामको मान गर्छु । मलाई काम गरेर माम खाने हुट्हुटीले नाम चिनाउने दम दिन्छ । नाम चिनिने दम भनेकै काम हो । काममा शक्ति हुन्छ । मान्छेलाई मान्छे बनाउने शक्तिले कामको महिमा गाउँछ ।

मलाई काम प्रिय बनाउने मेरा बाआमा हुन् । उनीहरूले गरेका कामको सिको गर्दा गर्दै म कामी भएको हुँ । संसारमा चिनिएका मान्छे कामी हुन् । कामी बन्न नसकेका बदनामी भए । कामी र बदनामी दुवैमा नपरेका मान्छे अपरिचित रहे । मान्छे हो चिनिने लोभ गर्छ । चिनिन काम चाहिन्छ । परसम्म देखिने गरी चिनिने रहरले त हो मान्छे काममा लाग्ने । कामले कमाउने हो नाम । सज्जन मान्छेहरू योजना बनाई जीवनोपयोगी र मानवोचित काम गर्छन् । हो, यही कामले कमाएको नाम हो मानवप्रिय सन्देश जुन जीवन्त हुन्छ ।

बाआमाले जे गरे मैले त्यही सिकें । समाजमा जे देखें त्यही जानें । शिक्षाले जे अभ्यास गरायो त्यसैमा बानी परें । साथीभाइको ईर्ष्याले कज्यायो, सक्रिय भएँ, सक्रियताले काम सिकायो । कामप्रतिको लगाबले गति माग्यो । म निरन्तर काममा खटिएँ । साधना गरें । कामको मनितो राखेर अघि बढें । जहाँ जुन क्षेत्र होस् कामीको सम्मान गरें । यसैले मलाई कर्मयोगी प्रेरणा दियो । कर्मयोग मान्छेको परिचय बनेको कुरा बुझें । यसैमा सृष्टि सौन्दर्य मुस्कुराउने विश्वासले बिउँझायो । मान्छे आफ्नो मौलिक परिचय बोकेर अग्लियो । यसरी अग्लिएको जीवनका अङ्गहरू विविध कामका लागि बने र विकसित भए । आँखा नाक, कान, हात, खुट्टा यस्तै चेतनशील मन । यिनै काम गर्ने मानवीय संवेदनाका वाहकले मलाई डोऱ्याए । म यिनैसँग हिंड्दै छु । मलाई थाहा छ गन्तव्य भेटाउन

मैले शिशिर छाडेर वसन्त पछ्याउनु पर्छ । बुझेको छु चुचुरो छुन उकालो चढेर भज्याङ उछिन्नु पर्छ । सजिलो छैन चुचुरो नाप्ने काम तर म चुनौतीदेखि भयभित छैन । अविच्छिन्न सङ्घर्षले ममा उत्साह थप्छ, सफलताले जिम्मेवार बन भन्छ । निरन्तर कामले मामको समस्या पनि समाधान गरिदिन्छ ।

मलाई कामको प्रकृतिले होइन मूल्यले बिउँझाउँछ । काम जे गर्दै छु त्यसमा अब्बल ठहरिने मन छ । शरीरका प्रत्येक अङ्गको जस्तै दैनिक व्यवहारमा आइपर्ने प्रत्येक कामको उच्च महत्व रहन्छ । पाकशाला, समाज परिवर्तन गर्ने अभियान, ओसारपसार सेवा, कार्यालय प्रमुख होस् वा सहायक, सवारी चालक वा सहचालक, सुरक्षाकर्मी जो जहाँ छ त्यहाँको कार्य व्यवस्था कस्तो छ ? सेवा कति चुस्त दुरूस्त छ ? कामको प्रकृतिमा होइन परिणाममा चासो छ मलाई । प्रत्येक काम अनिवार्य आवश्यकताका उपज हुन् । प्रत्येक सकारात्मक परिणाममा पुग्न निपुण व्यवस्थापकको श्रम, इमान र नियमित अभ्यासको साथ हुन्छ । हो, अजिङ्गर काम नगरी खान्छ, गोहीले खानका लागि यत्न गर्छ तर बलपूर्वक खान्छ । पशुपन्छी खुरूखुरू खान्छन् । खान पाए अरू विषयको चिन्ता लिँदैनन् तर म पशुपन्छी होइन त्यसैले श्रमले दिने अधिकारले पाएको माम खान्छु र यसैमा रमाउँछु । श्रम बिनाको सातु गला लाग्छ ।

मेरो यत्न मात्र खानका लागि होइन, बाँच्नका लागि हो । अनधिकृत खाने योग्यता र रहर मसँग छैन । मलाई मेरै पसिनाले सिंचेको अन्न प्रिय लाग्छ । यसमा विशेष स्वाद पाउँछु । म स्पष्ट छु अरू प्राणीभन्दा मसँग धेरै ज्ञान, सिप सिक्ने जाँगर र प्रयोग गर्ने शैली छ । म साथ सहयोगमा विश्वास गर्छु । अहिंसाप्रेमी गौतम बुद्ध, कलाप्रेमी अरनिको, एकताप्रेमी पृथ्वीनाराथण शाह, मानवताप्रेमी जय पृथ्वीबहादुर सिंह, वाङ्मयप्रेमी लक्ष्मीप्रसाद देवकोटा, चुनौतीप्रेमी पारिजात, विज्ञानप्रेमी दयानन्द बज्राचार्य, स्वतन्त्रताप्रेमी महात्मा गान्धी, समताप्रेमी कन्फ्युसियस, न्यायप्रेमी अब्राहम लिङ्कन, सेवाप्रेमी फ्लोरेन्स नाइटिङ्गेल, आविष्कारप्रेमी म्याडम क्युरी, उजप्रिमी अल्बर्ट आइन्स्टाइन, विकासप्रेमी डार्बिन, समानताप्रेमी नल्सन मन्डेलाजस्ता धेरै नाम कामकै खुराकले बाँचेर जीवन्त बनेका सम्मानित आदर्श परिणाम हुन् । हो, यसरी नै नाम चिनाउने रहर छ मलाई ।

हो, रहर गर्ने चेतना दिएर सृष्टिले मलाई बढी जिम्मेवार बनाएको छ । मैले अरूको परिश्रमले उत्पादन गरेको खानेकुरा खोसेर खाने अधिकार राख्दिनँ । मसँग भएको चेतनशील दायित्वले भन्छ पृथ्वीका प्राणीहरूको हेरचाह गर । यसकै बलमा हो तिमी मान्छे र मान्छे विशेष

प्राणी बनेको । तिमी राम्रो गरी बुझ्छौं कि समाज विकास सुरू भएदेखि नै मान्छे विवेकी भई बुद्धिले काम गर्न थालेको हो । निजी पेट भर्न त अजिङ्गर, ब्वाँसो, बिच्छी, स्याल, सुँगर पनि सफल हुन्छन् तर यिनले आफू अघाउने क्रियाकलाप बाहेक कसैलाई कष्ट पुऱ्याउँदैनन् भने म त मान्छे ! यी अशिक्षित जीवभन्दा कति तह माथिको चेतानशील प्राणी ! मानवीय संवेदना चिनेको सामाजिक प्राणी हुँ । म मान्छे भएको देखाउन पनि मैले काम गर्नुपर्छ, काम गरेर मात्र पुग्दैन राम्रो काम गर्नु आवश्यक हुन्छ । मलाई राम्ररी थाहा छ मबाट कहीं कतै कसैलाई दुःख हुनु हुँदैन ।

मलाई थाहा छ पृथ्वीमा म एक्लै छैन । मान-सम्मान झन् समूहको साझा सम्पदा भइहाल्यो । मैले त अरू धेरै प्राणीको कल्याण हुने गरी आफूलाई चिनाउनु छ । वनस्पति, जल, पृथ्वी, आकाश, चन्द्र-सूर्यले गति नरोकी आफ्नो काम गरिरहेका छन् । हावा रोकिएको छैन । पृथ्वीले घाँसपात, जडिबुटी उमारिरहेको छ । रूखहरूमा लटरम्म फल फलिरहेका छन् । बोटहरूमा फूल र काँडा सँगसँगै हुर्किएका छन् । बाँदरले छाउराछाउरी बोकेर यात्रा गरिरहेको छ । समय परिस्थितिको निर्देशन र जीवनको आवश्यकता अनुसार कर्म गर्न प्रकृतिले खै कहिले छाडेको छ र ! जीवहरू यताउता डुल्छन्, डुलिरहन्छन् । वंशको रक्षा गरी सन्तानलाई सुख दिने काम पशुपन्छीले पनि अविच्छिन्न गरिरहेकै छन् । म त लोखर्केले समुद्रमा पुल बाँध्न बोकेको बालुवा र सुगाले जङ्गलमा लागेको डढेलो निभाउन ओसारेको पानी सम्झन्छु । यो प्रयत्नले मलाई राम्रैसित कोट्याउँछ र म विचार मग्न भई सर्वजन हिताय, सर्वजन सुखाय भन्ने प्राणीप्रतिको सद्भाव, करूणा र कर्तव्यले सतर्क हुन्छु । म काम, माम र नामको पिरलोमा परेको अन्तर्य सम्झेर झस्कन्छु । मेरा आँखा पर क्षितिजपारि पुग्छन् । म कर्तव्य छुट्ला कि ! सावधान हुँदा मलाई भोक मेटाउने सुगम र कदरयोग्य आधार काम हो भन्ने विश्वासले जित्छ । मेरो कर्ममा बसेको सानले शिर उठाइदिन्छ । म अनायासै अग्लिन्छु । यसले मलाई काम, मामको पिरलोबाट उठाएर नामसम्मको यात्रामा हिंडाउँछ । म नाम, नाम भन्दै दौडन्छु । मलाई त कसैलाई छिर्के नहानी दौड जित्नु छ । म आफै दौडेर सीमारेखा छुने यत्न गर्छु । मलाई भ्यागुताले सिंहको ढाड समातेर जितेजस्तो जित चाहिएको छैन । म दाउ हेरे चालखीले प्रतियोगिता जित्नुभन्दा श्रमको स्वादमा पसिना चुहाउन रमाउँछु । त्यसैले म आफै दौडन्छु । अरूको वैशाखी टेकेर जितेको दौडले शिर उठाउँदैन बरू अहङ्कारको टोपी लगाइदिन्छ,

आफैलाई धोका दिन्छ । म सर्तक रहने कोशिस गर्छु ।

म प्रकृतिअनुसार जन्ममृत्युको शृङ्खलामा छु । म बालक, प्रौढ, वृद्ध उमेर अवस्थाले बाँधिएको छु । आफूलाई जीव-जीवनको बिचमा उभिएको पाएर मख्ख छु । आफ्नो उपस्थितिलाई बेग्लै बनाउने रहरलाई दम्भमा परिणत हुन नदिई फूलजस्तै प्रिय र सबैको जीवन बचाउने पानी जस्तै गतिशील भइरहने प्रयत्न गर्छु । घामजस्तै सबैतिर बराबर न्यानो ताप र उज्यालो दिने, रूखजस्तै छहारी बाँडिरहने, जूनजस्तै शीतल भइरहने जीवनशैलीका पछाडि कुद्नु छ मलाई । मनमा स्वार्थी पिरलो लिएर बाँच्ने रहर छैन । उज्यालो दिन र सफा पहिरनमा रमाउने मेरो मन छ । चेतनाले खोजेको जीवन सूत्र भनेकै काम गरेर माम खानु हो । म जीवन यात्रामा जे देख्छु त्यो दृश्य काम हो । यसमै मान, सान, खानपान र नाम लेखिन्छ । यस्तो नाम परैबाट देखिने चहकिलो गरी सुनौला अक्षरमा लेखिएको हुन्छ । मलाई मेरा बाआमाले दिएको यो चेतना र जिम्मेवारी बिर्सेको छैन ।

म कामलाई हेला नगर्ने श्रमप्रेमी हुँ । काम गरी खाने मान्छे महान् हो । अरूलाई काम लगाउने त आफै गर्न नसक्ने बालक, वृद्ध वा रोगी हुन् । यी तीन अवस्था बाहेक सहारा लिनु भनेको मानसिक रोगीको परिचय दिनु हो । मान्छेले आफ्नो काम आफै गरे प्रगति हुन्छ, मित्रता बढ्छ । मानवीय संवेदनाको कदर हुन्छ, स्वाभिमान उठ्छ, माम मिठो हुन्छ, शरीर स्वस्थ भई सप्रन्छ, दीर्घजीवन बाँचिन्छ र कसैको आँखामा बिझाइँदैन पनि । जूनताराजस्तै सर्वप्रिय भई मुस्कुराउन पाइन्छ । यसरी जीवहितमा लागेपछि त्यसैको साथ सहयोग पाइन्छ । छल, कपट र धुर्त्याइँको सहाराले बाँच्नुपर्ने बाध्यता रहँदैन । यस्तो कर्मशील जीवन सरल हुन्छ, सरलतामा आत्मीयता फक्रन्छ । फक्रेको आत्मीयताले जीवनको जतन गर्छ । दुःख दिने दुर्घटना पर भाग्छन् । सत्कर्म गर्ने बानी बस्छ । हो नि ! जीवन सही बाटो हिँडेर ठिक ठाउँमा पुग्छ । मैले र तपाईं सबैले बुझेको सत्य ओरालो बाटो हिँडे फेदीमा पुगिन्छ देउरालीमा होइन । फेदीमा वरिपरि उस्तै देखिन्छ, जाऊँ न सुस्त सुस्तै तिमी उस्तै म जस्तै भन्ने आदर्शमा बहस चल्न सक्छ तर कर्म गरेर फरक पहिचान बनाउने मानवीय संवेदनामा हुँडार पस्छ । अरूको टाउकोमा उभिएर अग्लिने मात लाग्छ । ठेस लागे पनि आफ्नै खुट्टामा उभिएर हिँडिरहने जाँगर त काम गरेर खाएको मामले दिन्छ । नाम लिएर चुलीमा उभिने

शक्ति त काम नै हो । सङ्घर्षमा विश्वासको जग हल्लिन नदिने नतिजा काम ।

मलाई अलिकति शङ्का छैन । कामको अगाडि भ्रम टिक्दैन, भ्रम छरेर दीर्घजीवन बाँचिदैन, अल्पकालीन सुख खोजेर नाम चम्काउन सकिएला टिकाउन सकिँदैन । पराई साँठगाँठले क्षणिक सुख दिन्छ तर भविष्यमा स्वयं आफूलाई धोका हुन्छ । देशघाती कर्म हुन्छ । गाउँले झुक्याउने गोठालो मौकामा ठगिएको कथा बिर्सन हुँदैन भनेर । अरूलाई झुक्याएर चल्ला टिप्ने स्याल कैयौं दिन भोकै बस्न बाध्य भएका प्रसङ्ग सुनिन्छ । अल्छी अजिङ्गर बासी आहारा चपाइरहन्छ । पछाडि फर्किरहने मृग बाघको पन्जामा पर्छ तर निरन्तर हिँडिरहने कछुवा विजयी हुन्छ। ♦♦

लघुकथा

## माया



✍ **ममता मृदुल**

यति धेरै माया नगर, सम्बन्ध टुट्न सक्छ । बारम्बार राजाले भनेको सुनेकी छिन रानीले । छक्क पर्छु माया गर्दा सम्बन्ध टुट्छ, झन ऊ अचम्म मान्थिन् र भन्थिन् । एक दिन सम्बन्ध सकिएको घोषणा गर्‍यो राजाले, रानी मौन बसिन् ।

राजा अगाडि बढ्यो । सम्बन्धका खातमाथि खात थप्दै गयो । खुसी आनन्दको खोजीमा निस्केको राजासँग सबै सम्बन्ध गाँस्थे । रानी एक्लै जीवनको रथ तान्न थालिन् ।

समय फेरि फर्कने छैन । दृष्टिकोण परिवर्तन हुने छैन रानीले सोचिन् । अस्पतालको शैय्यामा सुतेको राजाका औला हाते फोनमा सल्बलायो । रानी म वीर अस्पतालको सर्जीकल वार्डको सत्र नम्बर ।

रानीले फोन काटिन् ।

गल्ती मेरै थियो, अति माया गर्ने रानीको प्रेम बुझ्न सकिनँ राजाको आँखाबाट तप्प तप्प आँशु झरे । भित्ता पट्टी फर्किए राजा मनमा कुरा खेलाउँदै सुते । बिहानै ब्युझिए । एक पाटो सुतेको शरीर थाकेछ, फर्किदा देखे, गोडामुनि सिरान पारेर स्टुलमा मस्त रानी निदाइरहेकी थिइन ।

बालकथा

# न्वागी



✍ यशु श्रेष्ठ

बारीभरि मकै पाकिसकेको थियो । शुक्रलाई हरियो मकै पोलेर खान मन लाग्यो । 'बुबा, आज हरियो मकै पोलेर खाऊँ न ।' शुक्रले बुबालाई भन्यो ।

'ओहो, तिमीलाई पोलेको मकै खान मन लाग्यो ?' बुबाले भन्नुभयो, 'तर, पूजा नगरी यसै खानु हुँदैन नि । भोलि पूजा छ । सबै मिलेर पूजा गर्ने अनि खाने है ?' बुबाको कुराले शुक्रको चित्त बुझेन । 'आफूलाई कस्तो खान मन लागिरहेको छ ।' ऊ अलि ठुस्स पऱ्यो ।

'न बजैको घरमा मकै खान पाइन्छ कि ?' ऊ दौंडदै बजैको घर गयो । 'बजै बजै, मलाई मकै पोली खान मन छ । पोलिदिनुस् न ।' शुक्रले बजैलाई भन्यो ।

'ओहो, देउतीलाई नचढाई त खान हुन्नँ नि । भोलि छोनामको दिन, देउतालाई चढाउने अनि खाने है ?' बजैले पनि बुबाले जस्तै जवाफ दिनुभयो । शुक्रलाई अझै नमज्जा लाग्यो । 'बारीभरि मकै छ । जो पनि देउतालाई चढाएर खाने भन्छन् । आफूलाई अहिले खान मन छ । देउतालाई अहिले चढाए भई हाल्यो नि ।' उसले मनमनै भन्यो । उसले यसो बारीतिर आँखा डुलायो । साँझको समय, मकै झन् हरिया देखिएका थिए । बारीका मकैले उसलाई गिज्याएझैं लाग्यो ।

ऊ लुरूलुरू घरमा आयो । घरमा त पोलेको मकैको बास्ना आउँदै थियो । 'ओहो, पोलेको मकै पो बास्ना आउँदै छ त !' ऊ छक्क पऱ्यो । हतारहतार भान्छामा गयो । बुबाले मकै पोलिरहनु भएको रहेछ । 'ल, खाऊ मकै' । बुबाले भन्नुभयो । शुक्रले रमाउँदै चार घोगा मकै खायो । 'म त अब ढिंडो खान्नँ ।' ऊ सुत्न गयो ।

बाहिरतिरको खैलाबैलाले ऊ सखारै बिउँझियो । आबुहरू (साथीहरू) हरिया मकै बोकेर हिंड्दै थिए । 'ओई शुक्र, छोनामको दिन पनि के सुतिरहेको ? उठ् । सबै आबुहरू न्वागी मनाउने भनेर हिंडिसके ।' छिमेकी दिदीले शुक्रलाई बोलाउनुभयो । छिमेकी दाजु

पनि कछाड लगाएर, निबुवा र पिँडालु बोकेर हिँड्दै थिए । 'आइज हे शुक्र, देउताको थानमा जाऔँ ।' दाजुले पनि बोलाउनुभयो । बुबा पनि न्वागी मनाउने तयारी गर्दै हुनुहुन्थ्यो ।

'आहा, कस्तो रमाइलो !' शुक्र आबुहरूसँग मिसिन आइपुग्यो । 'आज न्वागी मनाउने, अनि हरिया मकै पोलेर खाने । कम्ता माज आउला त !' डम्बरले भन्यो । 'मैले त हिजै खाई सकेँ । बुबाले पोलिदिनु भएको !' शुक्रले जवाफ दियो । 'ला, अब देउती रिसाउँछन् । थानमा नचढाई खान हुन्नँ बाबै !' डम्बरले भन्यो, 'बाली पाकिसेकेपछि पहिला थानमा चढाउनुपर्छ । यसलाई त न्वागी मनाउने भन्छन् नि । सधैं न्वागी मनाएको तलाईं थाहा छैन ?' शुक्रले केही जवाफ दिएन । चुप लाग्यो ।

सबै मिलेर थानमा गए । 'लौ भूमि, तिमीले नै हो यसलाई फलाएको । तिमीलाई चढायौं । हामीलाई दुःख नदिनु, रक्षा गर्नु । वर्षभरि हामीलाई खान पुगोस् ।' मानिसहरूले यसो भन्दै देउताको पूजा गरे । पाकेको बाली चढाए । शुक्रले यी सबै कुरा हेऱ्यो । सबै जना खुसी थिए । सबै जना प्रसाद खाँदै थिए । 'अब मकै पोलेर खाने ! आबुहरू उफ्रिँदै कराउँदै थिए ।

'मैले त हिजै खाएँ । मैले गल्ती पो गरेछु । बुबाले पनि मेरो कुरा टार्न सक्नु भएन ।' शुक्रलाई नमज्जा लाग्यो । उसले मनमनै भन्यो, 'अबदेखि म पनि न्वागी मनाएपछि मात्र खान्छु ।'

'के भयो, शुक्र ? किन अँध्यारो अनुहार लगाएर बसेको ? ल जाऊ, आबुहरूसँग मिलेर मकै पोली खाऊ ।' बुबाले हरियो मकै दिँदै सोध्नुभयो, 'तिमीलाई हरिया मकै पोली खान धेरै मन पर्छ, हगि ?' शुक्र त पिलपिल आँसु पो झार्न लाग्यो । 'लौ, के भयो ?' बुबा छक्क पर्नुभयो ।

'मैले हिजै मकै खाएँ । मलाई हिजै किन मकै दिनुभएको ? देउतीलाई नचढाई खान हुन्न रे ।' ऊ त ग्वाँ ग्वाँ पो रून लाग्यो ।

'तिमी पनि देउती नै हौ । बालबालिका देउताका रूप हुन् रे । मैले तिमीलाई नै चढाएको नि त ।' बुबाले अलिअलि हाँस्दै, शुक्रको आँसु पुछिदिँदै भन्नुभयो, 'तिमीलाई मकै खान धेरै मन थियो । के भोलिसम्म कुराइ राख्नु जस्तो लाग्यो । मैले हिजै देउतालाई चढाएँ । देउतालाई हाम्रो रक्षा गर भनें । अनि पो तिमीलाई खान दिएको त । आफ्नो संस्कार, संस्कृति पनि छोड्न भएन नि बाबु ।' बुबाले यसो भन्दा त शुक्र खुसीले बुरूक्क उफ्रियो । 'हाम्रो त हिजो बेलुकी पनि न्वागी, आज त झन् ठुलो न्वागी !' ऊ खुसी हुँदै आबुहरूसँग गयो । हाँस्दै, रमाउँदै मकै पोली खायो । ♦

# महिला हिंसा र कानूनी उपचार



✍ ई. कुमार अभिनव

महिला अधिकार आफैँमा संवेदनशील विषय हो । कुनै पनि राष्ट्र कति विकसित छ भन्ने कुरा त्यस राष्ट्रको महिलाको स्थिति हेरेपछि अनुमान गर्न सकिन्छ । उदाहरणको रूपमा वर्तमान समयमा अफगानिस्तानलाई लिन सकिन्छ । तालिवान शासनमा आएलगत्तै राष्ट्रमा महिलालाई स्वतन्त्र हिंड्नदेखि लिएर शिक्षासम्म प्रतिबन्ध लगाएको समाचार सुन्नाले त्यस राष्ट्रको महिलाको वास्तविक परिस्थितिको बारेमा बुझ्न सकिन्छ। विभिन्न राष्ट्रले महिला अधिकारलाई अत्यन्त महत्वको साथ संविधानमा उल्लेख गरिएको पाइन्छ । उदाहरणको रूपमा नेपालको संविधानको धारा ३८ मा महिला अधिकारलाई मौलिक अधिकारको रूपमा चित्रण गरिएको छ ।

**नेपालको सन्दर्भमा महिला अधिकार**

संयुक्त राष्ट्र संघको स्थापनासँगै मानव अधिकारले बढी महत्व पाउँदै आयो र त्यसपछि महिला अधिकार विषयमा अन्तर्राष्ट्रियस्तरमा थुप्रै प्रयासहरू हुँदै आएको छन्। महिलाविरूद्धको सबै प्रकारका भेदभावहरू उन्मूलन सम्बन्धी महासन्धि संयुक्त राष्ट्र संघको महासभाद्वारा १८ डिसेम्बर १७७९ मा पारित भएको हो र ३ सेप्टेम्बर १९८९ देखि लागू भएको हो । ८ अप्रील २००२ सम्ममा १६८ राज्यहरूले यो महासन्धिको पक्ष बनिसकेको छ । नेपालको सन्दर्भमा महिला अधिकार महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९ले पक्ष राज्यलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ तथापि यी अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने काम पक्ष राज्यको लागि सजिलो छैन। नेपालको सन्दर्भमा पनि कतिपय मुद्दामा अदालतले राज्यलाई कानून निर्माण गरी अधिकारहरूको सुनिश्चितता गर्न आदेश दिइएको देखिन्छ । यसरी हुने आदेश कार्यान्वयन गर्नु राज्य पक्षको

जिम्मेवारी र कर्तव्य भए पनि यसको सही समयमा कार्यान्वियन हुन नसक्दा अधिकारको संरक्षणको प्रश्न अदालतबाट भएको आदेशको कार्यान्वयनको प्रश्न जटिल बन्ने गरेको छ ।

**घरेलु हिंसा र महिला अधिकार**

घरेलु हिंसा भनेको कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को व्यक्तिलाई दिइएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनालाई घरेलु हिंसा भनिन्छ । वर्तमान समयमा मुख्यतः तराइका महिलाहरू यस समस्याबाट अत्यन्तै पीडित रहेको तथ्याङ्कले देखाएको छ । नेपाल प्रहरीका तथ्याङ्क अनुसार यो आर्थिक वर्षमा करिब १४ हजार भन्दा बढी घरेलु हिंसाका घटना दर्ता भएका छन् । उदाहरणको रूपमा दाइजो प्रथाबाट हाल पनि तराइका महिलाहरू दैनिक समस्या भोलिरहेको देख्न सकिन्छ ।

विवाह गरेवापत केटी पक्षबाट लिने रूपैयाँ अथवा आर्थिक लेनदेनलाई दाइजो भनिन्छ। नेपालको सन्दर्भमा कुनै घरेलु सम्बन्ध भएको व्यक्तिले शारीरिक चोट पुऱ्याउने, गालीगलौज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने, यौनजन्य दुर्व्यवहार गर्ने, दाइजो माग गर्ने, दाइजो ल्याउन दबाब दिने, दाइजो नल्याएको कारणबाट हेला गर्ने आदि कार्यलाई महिला विरूद्धको घरेलु हिंसा मानिन्छ ।

**दाइजोको कारण मानसिक तनाव**

दाइजो समाजको कुप्रथा हो । मुख्यतः तराइका महिलाहरू यसबाट प्रभावित भएको देखिन्छ । दाइजोका कारण हुने हिंसा एकदमै गम्भीर भइरहेको अवस्था छ । दाइजोको कारण आत्महत्या हुने क्रम पनि बढिरहेको छ । जति धेरै पढाइ वा जागिरको कमाइ, त्यतिधेरै दाइजो दिनुपर्ने चलनचल्ती हाल देखिन्छ । यस समस्याले गर्दा तराइका छोरीहरू पढाइबाट वञ्चित भएको देख्न सकिन्छ । यस आर्थिक वर्षमा नेपाल प्रहरीको घरेलु हिंसाको तथ्यांक हेर्दा मधेस प्रदेशका महिलाहरू सबैभन्दा बढी करिब ३५०० हाराहारीमा यस समस्याबाट प्रभावित भएको देखिन्छ ।

छोरीलाई दाइजो दिनुपर्छ भन्ने त्रासले गर्भपतन गराउने समस्या दिनदिनै बढिरहेको छ। बिहे गरे पश्चात बुहारीले दाइजो नल्याए बापत सासुद्वारा घरमै दुर्व्यवहार जस्ता घटनाहरू बढिरहेको देखिन्छ । उदाहरणको रूपमा सासुद्वारा छोरालाई उक्साउने र बुहारीलाई मानसिक तनाव दिई धम्काउने कार्य पनि प्रहरीमा

उजुरी आएको देख्न सकिन्छ । वास्तवमा दाइजो सामाजिक समस्या हो तसर्थ दाइजो प्रथालाई नियन्त्रण गर्न राज्यले अझै कडा कानून निर्माण गर्नुपर्ने देखिन्छ ।

**घरेलु हिंसाको उजुरी कहाँ र कसरी दिने** ?

यदि तपाईं कुनै घरेलु हिंसाबाट प्रभावित हुनुभएको छ भने तपाईं आफ्नो उजुरी जुनसुकै प्रहरी कार्यालय, राष्ट्रिय महिला आयोग र स्थानीय तह समक्ष लिखित वा मौखिक उजुरी दिन सक्नुहुन्छ । पीडित व्यक्तिले आफैंले चाहेमा अदालतमा सोझै उजुरी दिन सकिन्छ ।

यस्तो मुद्दामा नेपाल सरकारवादी हुन्छ। मुद्दाको अनुसन्धान र तहकिकात नेपाल सरकारले गर्ने गरी सम्बन्धित अदालतमा मुद्दा दायर हुन्छ।

**घरेलु हिंसाबाट पीडित व्यक्तिले पाउने क्षतिपूर्ति**

अदालतले पीडकबाट मनासिब माफीकको क्षतिपूर्ति भराई दिन सक्नेछ। पीडितलाई अस्पतालमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकबाट पीडितले भराई लिन पाउनेछ। पीडितले अनुरोध गरेमा मुद्दाको कारबाही र सुनुवाई बन्द इजलासमा गर्नुपर्ने हुन्छ । अदालतले आवश्यक देखेमा निम्न बमोजिम अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्छ ।

- पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खाना लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट व्यवहार गर्न,
- पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गर्न वा उपचारको लागि उपयुक्त रकम दिन सकिने आदि कुरा ।

**निष्कर्ष**

छोरीहरू समाजको बोझ हो भन्ने मनसाय त्यागी लक्ष्मीको स्वरूप हो भनी स्वीकार गर्नुपर्छ । दाइजो समस्या अन्त्य गर्नको लागि समाजमा शिक्षा र जनचेतनाको अत्यन्त धेरै आवश्यकता छ । राज्यले समेत त्यसमा कडा कानून बनाउनुपर्ने आवश्यकता देखिन्छ । यस कुप्रथा विरूद्ध राज्यद्वारा छोरीलाई "दाइजो होइन शिक्षा दिऊँ" जस्ता कार्यक्रमहरू संचालन गरी जनचेतना गर्नु जरूरी देखिन्छ ।

दाइजो एक व्यक्तिको समस्या मात्र नभएर यो पुरा समाजको समस्याको रूपमा देखिन्छ। त्यसैले यसविरूद्ध समाजको हरेक व्यक्ति आफ्नो तर्फबाट लाग्नुपर्ने हुन्छ ।

♦♦♦

कथा

# सिप र जाँगर



✍ उद्धव प्रसाद प्याकुरेल

अनमिकाको गाउँमा हरेक शनिबार हाटबजार लाग्थ्यो । हाटबजारमा कसैले तरकारी बेच्न ल्याउँथे । कसैले फलफूल बेच्न ल्याउँथे । कसैले अन्न बेच्न ल्याउँथे । कसैले खसी बाख्रा बेच्न ल्याउँथे । कसैले जडीबुटी बेच्न ल्याउँथे । घरेलु सामान गुन्द्री, मान्द्रो, हँसिया, कचिया, ठेकी, मदानी, मुढा आदि बेच्न ल्याउँथे । उनका बुबाआमा पुष्प खेती गर्नुहुन्थ्यो । उहाँहरू फूलका बिरूवाहरू बेच्न ल्याउनुहुन्थ्यो । त्यस गाउँका मानिसहरू अत्यन्त मेहनती थिए । उनीहरू प्रत्येकले फरक फरक वस्तु गाउँमा नै आफैं उत्पादन गर्थे र बेच्थे । उनको समुदायका मानिसहरू अत्यन्त मिलनसार थिए । एक पेसाका मानिसले अर्को पेसाका मानिसलाई सहयोग गर्थे । कामको सम्मान गर्थे । अनमिकालाई पनि हाटबजारमा आफैँले बनाएको केही सामान बेच्न मन लाग्यो । उनले विचार गरिन्, "मैले सिकाइ केन्द्रमा हस्तकला र चित्रकला सिकेको छु । हाटबजारमा हस्तकला र चित्रकलाको केही सामान बेचन ल्याउँदैनन् । यो सामान पक्कै पनि नयाँ हुन्छ । एक पटक प्रयास गरिहेर्छु । पाँच दिनमा केही न केही सामान पक्कै बनाउनेछु ।"

उनले कालो माटो खेजेर ल्याइन् । माटोलाई राम्रोसँग मुछिन् । क्वाइल विधि र स्ल्याव विधिबाट भाँडा, स्ट्रे, चरा, गाडी जस्ता सामग्री बनाइन् । रङ लगाइन् । खेर गएका कागज, प्लाष्टिक, फलामका टुक्रा, टिनका टुक्रा, तार, बोतल, कपडा जम्मा गरिन् । उनले ती समानबाट घर, फूल, पुतली, गुडाउने खेलौंना बनाइन् । कोलाज र मोजाइक चित्र बनाइन् । उनले आफूले सामान बनाएको र हाटबजारमा बेच्न लैजाने कुरा कसैलाई बताइनन् ।

शनिबार बिहानदेखि हाटबजारमा चहलपहल सुरू भयो । अनमिकाका बुबाआमाले पनि फूलका बिरूवा लिएर हाटबजार जानुभयो । अनमिकाले आफ्ना सबै सामान ठुलो झोलामा सुरक्षित

साथ राखिन् र अलि ढिला गरी हाटबजार पुगिन् । “कहाँनेर सामान राखेर बस्ने होला ? खाली ठाउँ कतै छैन ।” उनी बस्ने ठाउँ खोज्न लागिन् । घुम्दै गर्दा उनले हाटबजारको छेउमा अलिकति ठाउँ देखिन् । उनले आफ्ना सामान झोलाबाट निकाल्दै त्यहीं सजाएर राखिन् । केही समय उनको सामाननेर कोही पनि आइपुगेनन् । उनलाई निराश लाग्दै थियो ।

बल्ल एकजना मानिस घुम्दैघुम्दै त्यहाँ आइपुगे । उनले अनमिकाको सामानलाई नियालेर हेरे । उनले अनमिकालाई सोध्न लागे, “नानी तिमीले यी सामान कहाँबाट ल्याएकी ?”

अनमिकाले फुर्तीका साथ भनिन्, “यी सबै सामान मैले नै बनाएको हुँ ।” “ओहो, यति राम्रा सामान तिमीले कहाँबाट बनाउन सिक्यौ ?” ती मानिसले अचम्म मान्दै सोधे ।

घुम्दै आउने मानिसहरू अनमिकाको सामान हेर्न रोकिए । विस्तार विस्तार त्यहाँ घुइँचो लाग्न थाल्यो । यो कुरा परपरका मानिसले देखे । के–को घुइँचो हो भन्दै हेर्न आउने अरू मानिसको पनि भिड लाग्न थाल्यो ।

“मैले हाम्रो सिकाइकेन्द्रमा सिकेको थिएँ ।” अनमिकाले भनिन् । “तिमी यी सामान बनाउन अरूलाई पनि सिकाउन सक्छ्यौ ।”

“सक्छु ।” अनमिकाले अलि अचम्मित हुँदै भनिन् । के–को भिड हो भन्दै उनका बुबा पनि त्यहाँ हेर्न आउनुभयो । त्यहाँ अनमिकालाई देखेर उनका बुबा छक्क पर्नुभयो । “यस्तो नाथे सामान बेच्न ल्याएर मेरो त नाकै काटी ।” सोच्दै उनका बुबा उनीसँग रिसाउनु भयो तर त्यहाँ केही बोल्नुभएन ।

“ल, म यी सबै सामान लैजान्छु । सबै सामानको कतिमा दिन्छ्यौ नानु ?” ती मानिसले सोधे ।

अनमिकालाई छटपटी भयो, “अब, के भन्ने होला ? यी सामानको मूल्य त म आफैंलाई थाहा छैन । नभनौं भने कसैले नलैजालान् । भनौं भने धेर हुने हो कि थोरै हुने हो कि ?” उनी अलमल पर्दै ती मानिसको मुखमा हेरिरहिन् ।

“ल, नानी तिमीले मूल्य नै भनिनौ । यी सबै सामान म स्कुलमा लगेर सजाउँछु । मेरा विद्यार्थीलाई देखाउँछु र बनाउन पनि लगाउँछु । यी सामान बनाउन तिमीले निकै मेहनत गरेकी छ्यौ । ल, यो पैसा लेऊ ।” ती मानिसले खल्तीबाट पैसा निकालेर दिए ।

अनमिकाले पैसा हातमा लिइन् र गनिन्, उनले यतिका धेरै पैसा आउँछ

भनेर सोचेकी नै थिइनन् । उनको अनुहारमा खुसीको सीमा नै रहेन । उनले "हुन्छ" भन्दै स्वीकृति जनाइन् । ती मानिसले सबै सामान झोलामा राखे र त्यहाँबाट हिँडे ।

अनमिकाको बुबा मुसुमुसु हाँस्दै अनमिकाको अगाडि उभिनुभयो र ताली बजाउँदै भन्नुभयो, "सिप र जाँगर छ भने बजारको दुःख नहुँदो रहेछ ।" ♦♦♦

**कविता**

## संस्मरण



✍ **सक्षम कटेल**

पुलिस स्कुल धरान पढेर साँगामा टेकेको
धरानमा गुरूबा साँगामा गुरू फरक खासै छैन मैले भेटेको
चराको भाग्यमा पिँजडा लेखेको
तिमी सँगै बस्ने सपना आमा मैले देखेको ।

सिकिसकेँ मैले आमा, शितको थोपा लुकाउन
म तेल लिएर आउनेछु आमा, पर्दैन त्यो दियोलाई निभाउन।
तिमीले चिन्ता लिन्छौ त्यसैले सन्चै छु भनी फोनमा म ढाट्छु
झरीमा नभिजोस् त्यसैले पठायौ प्रहरी विद्यालयमा ओत लाग्न ।

समयलाई रोक्दिन म, थाहा छ त्यसले पर्खिदैन
कुनै पनि नहोस् तरकारीमा, त्यसलाई नखाई म फाल्दिन
धेरै चोटी हारिसके तर जितको खुसी मनाउदिन
क्यालेन्डरलाई कोरी बस्छु, सोच्दै कहिल्यै हुन्छ आउटिङ्ग ।

बाँकी छ एक वर्ष अझै कटाउन,
एक्लै बस्ने गर्छु म, एक्लै रमाउन ।
म सहनै सक्दिन सुख तिमी मेरो सामु नआउनु,
आधा जीवन होस्टलमै बित्यो, मन छ आधा हाँसेरै बिताउन ।

***-कक्षा १२, नेपाल पुलिस स्कुल, साँगा ।***

# धर्मको परिभाषाःविभिन्न विद्ववानहरूको



✍ **त्रिचन्द्र प्रतिक्षा**

धर्मले मानव जातिलाई मानवोचित कर्म गर्न सिकाउँछ । मानव जातिको उत्पत्तिका साथसाथै यस संसारमा धर्मको प्रचलन भएको छ । सनातन कालदेखि चलिआएको हुँदा हिन्दुधर्म विश्वको सबैभन्दा पुरानो धर्म मानिन्छ ।

नेपाली शब्दसागरका लेखक बसन्तकुमार शर्मा "नेपाल" ले आफ्नो शब्दकोषमा धर्मको व्याख्या यसरी गर्नुभएको छ–'धर्म भनेको व्यक्ति वा वस्तुको मूल वृत्ति, प्रवृत्ति, प्रकृति, स्वभाव, नियत, नीति, स्वाभाविक गुण, सहज वृत्ति, श्रेय, सुकृत, नियमित र निर्धारित काम वा व्यवहार, सुख र स्वर्ग प्राप्त हुने भन्ने लोक विश्वासको सुकर्म, पुण्यकर्म, लोकहितका लागि स्वीकारिने कर्तव्य, कर्म, सदाचार, सत्कर्म, ईश्वर प्राप्ति वा सदगतिका लागि शास्त्रनिहित कर्म, स्वधर्म, सामूहिक कर्तव्य, कुनै मान्यजन वा महापुरूष वा आचार्य वा ऋषि वा ग्रन्थनिर्दिष्ट परलोक सुख प्राप्ति हुने उत्तम कार्य आदि इत्यादि ।'

त्यसै गरी A.S. Hornby द्वारा lnlvt Oxford Advance Learner's Dictionary अनुसार एउटा आस्था र विश्वास, जहाँ भगवानको अस्तित्वलाई स्वीकारिन्छ र सत्कर्मको माध्यमबाट नै मानिसले मुक्ति र प्रगति गर्न सक्छ । त्यसै गरी पं. बेचरदासका अनुसार प्रत्येक धर्म आफ्नो समयको बुद्धि विकासको प्रकाशन हो, चिन्तन र अनुभव हो । त्यसलाई सबै समयको समाजको बुद्धिमाथि लाद्नु आफैमा ठूलोभन्दा ठूलो अधर्म हो अर्थात उहाँका अनुसार धर्मको व्याख्या र विवेचना पनि बह्माण्डको विकास र प्रगतिसँगै गर्नुपर्ने हुन्छ ।

।। धृयते धार्यते सेव्यते इति धर्मः ।।

धर्म शब्द "धृ" धातुले बनेको छ जसको अर्थ हुन्छ धारण गर्नु ।

ईश्वरको वचन (वेदको वचन)लाई आचरणमा धारण गरेर आफ्नो जीवनलाई सत्य, अहिंसा, त्याग, परोपकार सहितको जीवन बिताउनु र त्यही अनुसार कर्म गर्नुलाई नै धर्म भनिन्छ ।

धर्म धारणा हो, देखावटीपन होइन । ईश्वर मान्ने कुरा हो, विश्वास भए मान्ने हो विश्वास नभए नमान्न पनि सकिन्छ तर धर्म पालन गर्ने कुरा हो । धर्म कर्तव्य हो, अनुशासन हो, पालन गर्नुपर्छ मानेर मात्र हुँदैन । धर्म पहिचान हो, अस्तित्व हो, परिवर्तन गर्न मिल्दैन । धर्म जीवनको आधार हो आडम्बर होइन । अन्धविश्वास होइन ।

वैदिक धर्म अनुसार जीवन पद्धति अंगाल्ने आर्य शब्दले उत्तम अर्थात सभ्य मानिएको एक प्राचीन जाति भन्ने जनाउँछ । धर्मको अर्थ ज्यादै विस्तृत छ । ठाउँ र अवस्था अनुसार सत्य, प्रकृति, स्वभाविक गुण, पुण्य, कर्म, भक्ति, असल आचरण, सदाचार, अनुशासन, नियम आदि सबै धर्मको घेराभित्र पर्दछन् ।

ब्रह्माण्ड र सम्पूर्ण जीवन जगतको सृष्टिका साथै आर्य धर्मको परम्परा चलिआएको छ, धर्मका बारेमा लिखित ग्रन्थ त धेरै पछि आएको हो । यस संसारमा पहिलो ग्रन्थ वेद मानिएको छ । वेद नै धर्मशास्त्र सम्बन्धी पहिलो ग्रन्थ हो । ईशापूर्व दुई हजार वर्ष भन्दा अघि वेद लेखिएको भनी विभिन्न विद्वानले तर्क दिएका छन् ।

१९ औं शताब्दीका जर्मन लेखक-विचारक म्याक्स मुलर पूर्वीय धर्म-दर्शन खास गरी वैदिक साहित्यका ज्ञाता मानिन्छन् । धर्मको परिभाषा दिने क्रममा म्याक्स मुलर भन्छन्-धर्मको परिभाषा गर्नु सजिलो छैन, किनकी हजारौं वर्षमा यस शब्दको अर्थमा परिवर्तन भइरहेको छ । वास्तवमा यस शब्दको इतिहास हेरेमा ज्यादै व्यापक अर्थमा भएको देखिन्छ । ईश्वरीय सत्ता मान्ने हिन्दुतथा नमान्ने बौद्ध दुवै धर्म नै हुन् । यसै गरी पितृ पूजा र मृतकलाई आवश्यक वस्तु सहित जमिनमा गाड्ने परम्परा पनि धर्म हो । यसैले धर्म एक विश्वास हो ।

अर्का विद्वान इमानुएल कान्तले धर्मलाई नैतिकता भनी परिभाषित गरेका छन् । उनी भन्छन्-कर्तव्यलाई दैवी आदेशको रूपमा लिनुपर्छ । यस्तै दार्शनिक फिस्ट भन्छन्-धर्म मनलाई शुद्ध पार्ने र आफूलाई हेर्ने ज्ञान हो । अर्का दार्शनिक श्लेशमासेरले धर्मलाई मानिसको कुनै अदृश्य माथिको पूर्ण निर्भरतासम्बन्धी चेतना भनेर परिभाषित गरेका छन् तर हेगेलले त्यसको प्रत्युत्तरमा के भने भने यदि चेतनाबाटै धर्म ग्रहण गरिन्थ्यो भने प्राणीमध्येको बढी चेतनशील कुकुरमा बढी धर्म हुने थियो । यसैले हेगेलले धर्मलाई चेतनामात्र नमानेर धर्म एक पूर्ण स्वतन्त्रता र दैवीशक्तिको रूपमा मानेका छन् ।

यसै क्रममा प्रसिद्ध फ्रेन्च समाजशास्त्री एमिल दुर्खाएमले धर्मको परिभाषा यसरी गरेका छन्-धर्म पवित्र वस्तुहरूसित सापेक्षित विश्वास र

व्यवहारहरूको एकिकृत खाल हो, जुन वस्तु पृथक र निषेध हुन्छन् जसले नैतिक समुदायलाई एकिकृत गर्छन् । रवर्ट बेल्ला भन्छन्-धर्म प्रतिकहरू एवं त्यस्ता क्रियाकलापको एक खाल हो, जसले मानिसलाई उसको अस्तित्वको अन्तिम अवस्थासित आबद्ध गर्दछ । जे. मिल्टन यिङ्गार भन्छन्-धर्म आस्था र व्यवहारको एक पद्धति हो, जसद्वारा मानिसको एक समूह मानव जीवनका अत्यावश्यक समस्यासित जुध्छ ।

अन्य विद्वानहरूको भनाईमा धर्मको परिभाषा यस्तो रहेको छ-

जस्तोसुकै विपत्तिमा पनि आफ्नो धर्म छोड्न हुँदैन ।-श्रीमद्भागवत गीता ।

जहाँ मानवता हुन्छ त्यहाँ धर्म हुन्छ । -किशोरीदास

सत्यमा नै धर्म अडेको छ ।-कार्मण्डेय पुराण

धर्मको विकासको नाम नै स्वतन्त्रता हो । -लोकमान्य तिलक

धर्म सदैव कल्याणकारी हुन्छ । -वेदव्यास

विज्ञान र हित धर्म अन्धो र धर्मरहित विज्ञान लङ्गडो हुन्छ ।-आइन्स्टाइन

जीवनको सार धर्ममा छ र धर्म सेवा र सद्भावनामा आधारित छ । -सत्य श्रीसाईबाबा

धर्मले त वसुधैव कुटुम्बकमको उद्घोषण गर्दछ । -आचार्य केशवदेश

धर्म विना कुनै पनि राष्ट्रले प्रगति गर्न सक्दैन । -महात्मा गान्धी

मानिसको आँसु मानिसले पुछ्नु सबैको धर्म हो । -महाकवि लक्ष्मीप्रसाद देवकोटा

संसारमा धेरै धर्महरू छन् तर त्यहाँ एउटा मात्र नैतिकता छ ।-रस्किन

मन निर्मल नभएसम्म पूजापाठ आदि सबै धर्म कार्य बेकार छ ।-देवी भागवत

भगवान र मानबीचको प्रेम नै असल धर्म हो । -विलियम पेन्ना

सत्यभन्दा ठूलो कुनै धर्म छैन र अधर्मभन्दा ठूलो कुनै पाप छैन । -महाभारत

लोभले विचार शक्ति र इमान -धर्मलाई नष्ट पार्दछ ।-वेदव्यवास

घरको लागि जगको जस्तै जीवनको लागि धर्मको आवश्यकता पर्दछ ।-जेनेन्द्रकुमार

धर्महिन मानिस बाँचेर पनि मरेतुल्य हो ।-चाणक्य

प्राणमा करूणा भरिएपछि धर्मले दर्शन लिन्छ ।-दुर्गा भागवत्

सबै धर्म आफ्ना ठाउँमा सत्य छन् ।-बर्टन

धर्मज्ञ मानिस सत्यलाई परम धर्म मान्दछन् । -वाल्मीकी

सबैलाई आफै समान देख्नु नै ठूलो धर्म हो । -आचराङ्ग

जुन धर्म न्यायको अनुकूल हुन्छ त्यो धर्म कहिले प्रतिकूल हुँदैन ।-ग्लाइस्टोल

न्यायपूर्ण काम गर्नु नै धर्म हो ।-पेन ♦

कथा

# पुरुष हिंसाका कथा



✍ प्र.ज.प्रेमा भुषाल

झुत्रा लुगा, अनुहारमा नैराश्यता, जिङ्ग्रिङ कपाल, ओठ वरिपरि झिँगाहरूको तछाडमछाड, पाटन अस्पतालको रूम नं. २४ को बेड नं. ९ ।

ऊ लम्पसार छे । ऊ आँखा खोल्न चाहन्नँ । यदि खोलिहाली भने हातमा खैरो गाता भएको डायरी बोकी ध्यानमग्न हुन्छे । उसको मुखबाट कहिलेकाहीं नमिठो हाँसो निस्किरहेको देखिन्छ त कहिले रूँदा रूँदै गालामा सुकेका आँसुका कत्लाहरू टल्किरहेको देखिन्छन् । दिन प्रति दिन उसका हाउभाउहरू बालबच्चाका जस्ता देखिन्थे । फरक क्षमता भएकी, नभए पनि ऊ अहिले मानसिक विक्षिप्ततासँग लडिरहेकी थिई । बिरामी आफन्त कुर्दै गरेको म । घरिघरि उसलाई हेर्छु । उसको नाम भने मेरो मानसपटलमा कण्ठै थियो । नजिकै आएर डक्टरले उसको नामले पुकार्दै तपाईंलाई कस्तो छ ? डक्टरको यो प्रश्न मैले सधैं जसो सुन्ने गर्दछु । त्यो दिन शनिबारको दिन । आज पनि उसको हातमा त्यही पुरानो डायरी देखिन्थ्यो । मलाई उसँग नजिकै गएर बोल्ने आँट नआए पनि आज भने जसरी पनि बोल्नुपर्छ भन्ने लागेर नजिकै गएर सोधेँ "यो डायरी पढ्न मिल्छ "? मेरो आग्रहलाई उसले एउटा सर्त राख्दै नकार्न सकिन । डायरी समातेर म आफ्नो कुरूवास्थल तर्फ लाग्छु । निलो मसीले लेखिएका अक्षरहरू अस्पष्ट देखिन्थे र चिरपरिचित जस्ता पनि ।

डायरीको सुरूको पेजमा लेखिएको थियो । प्रिय साथी प्रविन, मलाई माफ गरिदिनु किनभने मैले तेरो अपूर्ण डायरी भर्दै गर्दा कताकता गलत गरे जस्तो लागिरहेको छ । हुन त, तँ आफैमा अपूर्ण थिइस्, कहिल्यै पूर्ण भएको देखिन मैले । मलाई सम्झना छ, तँ भाग्दै गर्दा लड्दा लड्दा थाकेका तेरा अनुहारहरू ।

प्रविन र म कलेज पढ्दा देखिको मिल्ने साथी । मास्टर्स सकेर प्रविनले बैंकमा जागिर खायो । म काठमाडौंमै

सानोतिनो व्यवसाय गर्थें । प्रविनले उसको अफिसमा हुने दिनभरिका क्रियाकलापहरू सुनाउँदा मैले आफ्नो पसलमा आउने ग्राहकहरूको बारेमा सुनाउँथे । उसले निकै रोचक मान्दै सुन्थ्यो र भन्थ्यो "म पनि जागिर छोडेर व्यवसाय गर्छु"। उसको यस्तो निर्णय सुन्दा मैले "बिहे गर, बुढीलाईसँगै राख् अनि पसल राख्दे न त" भनेर सम्भाएको याद छ मलाई । केही दिनपछि उसले विवाह गरेको र श्रीमतीलाई घरमा राखेको कुरा सुनाएको थियो । एक्कासी उसको बिहेको कुरा सुन्दा म छाँगाबाट खसेझैं भएको थिए । प्रमिलालाई गाउँ लिन जाने भनेपछि उसले मलाई पनि सँगै लगेको थियो ।

पुषको महिना, जुम्लाको चिसो, रातहरूले रङ्ग फेर्दै थिए । चारैतिरबाट भुस्याहा कुकुरहरूको एकोहोरो अलाप कानसम्म ठोक्किएको थियो । वरिपरि मानिसहरूको आवतजावत निकै कम देखिन्थ्यो । प्रमिला एउटा हातले ब्याग समाउँछे भने अर्को हातले प्रविनको हात समाउँदै बस आउने बाटो कुरिरहन्छे । घाँसदाउरा गर्दै गाउँमै बसेकी प्रमिलालाई प्रविनलेसँगै लिएर जाने भनी गाउँ आएको हुन्छ । एकैछिनमा लामै हर्न बजाएर बस आउँछ । निकै लामो यात्रापछि हाम्रो यात्रा सकिन्छ । प्रमिला बसबाट ओर्लिएर हातखुट्टा तन्काउदै वरपर हेर्छे । निकै उत्सुक हुँदै प्रविनतर्फ हेर्दै भन्छे, 'काठमाडौंको अस्तव्यस्त शहरमा पनि कैयौं मानिसहरूका सपनाहरू उदाइरहेका छन् ।'

उनीहरू दुईजनासँगै बस्न थालेपछि प्रविन र मेरो डेरा अलग हुन्छ । प्रमिला दिनभरि कोठामा बस्छे भने प्रविन अफिस जान्छ । दिनभरि मेलापातको काम गर्ने प्रमिलाको जीवनशैली फेरिएको थियो । उसका दिनहरू फिरेका थिए । सुखका पानाहरू पल्टिरहेका थिए । दिनभरि टिकटक बनाउने, लाइभ बस्ने, नयाँनयाँ साथीहरू बनाउने र नयाँनयाँ ठाउँहरूमा घुम्न जाने प्रमिलाको दैनिकी जस्तै बनेको हुन्छ । उसको बदलिँदो दिनचर्याबाट बेखबर हुन्छ प्रविन । भावनात्मक सम्बन्ध जोडिए तापनि भावहरूको साटफेर थिएनन् उनीहरूको बिचमा । काठमाडौं आएको निकै समय भयो तर प्रविनका दिनहरू फेरिएका थिएनन् । फेरिए त केवल प्रमिलाका समयहरू, साथीसंगतहरू, आचरणहरू आदि....आदि.....।

बिहेपछि प्रविनलाई मैले कहिले खुसी देखिनँ । उसको व्यवहारमा कुनै परिवर्तन आएको थिएन । एक दिनको कुरा हो, एका बिहानै म निद्रामै थिएँ । मेरो मोबाइलको घन्टी बज्छ । आँखा बटार्दै मोबाइल हेर्दै गर्दा बाहिरबाट एक प्रकारको आवाज निस्किन्छ । बलात्कारीलाई फाँसी दे ! फाँसी दे ! यो

नारा सधैं जसो मेरो डेरा अगाडिको गल्लीमा सुनिने गर्दछ । यो नारा हामी माइतीघर मण्डला वरिपरि बस्नेहरूको लागि परिचित नभएको होइन । आज फेरि के भएछ भन्दै झ्यालको पर्दा खोल्दै हेर्छु । बाटोभरि मान्छेहरूको भिडको लस्कर, हातहातमा पर्चा पम्पलेट । क्यामेरा बोक्नेहरूको तछाड मछाड । यता फोनको आवाज भन्दा बाहिरको भिडको आवाज चर्को थियो । बलात्कारको विरूद्धमा हुलहुज्जत गर्नुभन्दा बलात्कारको मनोविज्ञान बुझियोस् र त्यसको अवधारणा ल्याइयोस् । म सोच्दै थिएँ पुनः मोबाइलको घण्टी बज्छ । प्रविनको फोन आएको रहेछ । प्रविनले बेलुका क्याफेमा भेट्ने भन्दै फोन काट्छ ।

प्रविन र मेरो डेरा खासै टाढा नभए तापनि हाम्रो भेट नचाहँदासम्म हुदैनथ्यो । त्यो दिन बेलुका ७ बजे प्रविन र मेरो कफी शपमा भेट हुन्छ । केही समय हामी बिच सामान्य कुराकानी हुन्छन् । यतिकैमा हातमा मेनु लिएर वेटर नजिकै आएर सोध्छिन् "हजुरहरूलाई के ल्याउँ?" म बोल्नु भन्दा अगाडि नै प्रविनले दुई कप मिल्क कफी भन्दै वेटरतर्फ एकोहोरो हेरिरहन्छ । वेटर अर्डर लिएर क्याबिनमा नपुग्दासम्म प्रविनका नजरहरू उतैतिर हुन्छन् । प्रविनलाई झस्काउँदै उसका नजरहरूलाई आफूतिर केन्द्रित गर्दै भन्छु "त सञ्चै त छस् नि ?" "मैले जागिरबाट राजिनामा दिएँ" । म अब फ्री हुन चाहन्छु । उसले कुरा अर्कैतिर मोड्छ । मलाई लाग्छ उसले ठट्टा गरिरहेको छ । मैले फेरि पनि सोध्छु "किन छोडिस् बैंकको जागिर" ? उसले भन्छ "मेरो मन आकाशमा उडिरहेको छ, स्थिर छैन, काम गर्ने जाँगर छैन, मलाई पैसाको आवश्यकता हराइसक्यो । मेरो वर्तमान जीवन बाहिरबाट मात्र सुखमय भएको तर भित्रभित्र धमिराको गोलो जस्तै भएको छ, कतिबेला भत्किन्छ निश्चित छैन । ऊ बोल्दै थियो । वेटरले कफी लिएर नजिकै राख्दै "अरू केही चाहिएमा भनिस्यो"भन्दै हातमा ट्रे लिएर फर्किन्छिन् । प्रविनले फेरि पनि उनैतर्फ हेरेर भन्छ "क्याफेमा देखिने वेटरहरू हेर्दा मात्र राम्री देखिँदैनन् । उनीहरूको बोली व्यवहार पनि त्यतिकै नरम हुन्छ तर उनीहरूको त्यो व्यवहार क्षणिक भ्रम हो । यदि निस्वार्थ हुन्थ्यो भने सधैं जसो कामबाट घर फर्कदा मिठो स्वरमा हजुरलाई के ल्याउँ चिसो ? तातो ? भनेर घरकी श्रीमतीले किन भन्दिनन् । समयअनुसार फेरिने मौसम मात्र होइन यहाँ मानिसहरूको बानी व्यवहार, रूपरङ्ग, रहनसहन सबै फेरिँदो रहेछ । दिनहरू जति सहजै बित्छन् मेरा रातहरू पनि सहजतामै बितुन् भन्ने प्रयत्न गर्छु । उसको गालामा झरेका आँसु नजिकैको

टिस्यु पेपरले पुच्छ । ऊ मौन थिएन । कहिलेकाहीं आफ्ना कुराहरू श्रीमतीलाई सुनाउने अपेक्षा राख्दै सुनाउन खोज्दा होच्याइन्छ, खसालिन्छ अन्य व्यक्तिहरूसँग तुलना गरिन्छ भने कसरी म पीडित छैन भनेर दाबी गर्न सक्छु ।

सधैं जसो खाना खाएर मोबाइलमा व्यस्त हुने प्रमिलालाई एकदिन प्रविनले मोबाइल माग्दै गर्दा बोलेको त्यो अश्लिल शब्द प्रविनको कानमा पहिलो पटक परेको बताउँछ । जबजब प्रविनले आफ्नै श्रीमतीका एक एक कुराहरू सुनाउँदै गयो । मलाई लाग्छ एउटा विवाहित महिलामा पनि त्यस्तो अशोभनीय गुणहरू हुन्छन् र ? प्रविनका कुराहरू विस्तारै प्रमिलातर्फ आरोपित थिए । परपुरूषसँगका सम्बन्धका कुराहरू थिए । डिभोर्सका कुराहरू थिए । पैसाका कुराहरू थिए । क्याफेको रमझममा पनि उसका कुराहरूले शुन्यता छाएको थियो । उसका आँखाहरू रसाइरहेका थिए । म मनमनै सोच्छु विश्वमा खुसी मापन कसरी गरिन्छ होला । दुःख र सुखको गणना गर्ने हो भने मानव जीवनमा दुःखको चार भागमा एक भाग सुख छ होला । कोही धन सम्पत्तिको अभावले दुःखी छन्, कोही छोराछोरीको कारणले दुःखी छन्, कोही आफ्नालाई गुमाउँदा दुःखी छन्, कोही पद र प्रतिष्ठा नपाउँदा दुःखी छन्, कोही रोगको उन्मुक्तिका लागि दुःखी छन्, दुःखका धेरै प्रकार छन् तर सुखका प्रकार देख्दिन म । खुसी हुनलाई धेरै कारण चाहिंदो रहेनछ ।

साँझ झमक्कै पर्न थाल्छ । प्रविनले आइतबार प्रहरी परिसर काठमाडौंमा भेट्ने भनी हामी छुट्टिन्छौं । बाटोभरि प्रविनका कुराहरू एकएक गरी मेरो मस्तिष्कमा खेलिरहन्छन् । दिन प्रति दिन प्रविन र मेरो भेट बाक्लिदै थियो। आइतबार आउँछ । प्रहरी कार्यालयमा दुई पक्षको छलफल हुन्छ । प्रमिलाको पक्षबाट एक टोलीले एक करोडको माग गर्छन् भने अर्को टोलीले मेरो छोरीलाई विवाह नगरी सँगै राख्ने यसलाई म काट्छु भन्ने जस्ता धम्की दिन्छन् । पचास लाखको सम्पत्ति नहुनेलाई एक करोडको माग, अनि विवाह नै नभएको भनेर कसरी भन्न सकेको, म अचम्मित हुन्छु ? कसैको मुखबाट प्रविनको पक्षमा बोलेको सुनिदैन । बेलुकाको ६ बज्छ तर छलफल मिल्ने तर्फ जाँदैन । यत्तिकैमा भोलि पुनः बस्ने भनि आ-आफ्नो बाटो लाग्छन् ।

कसले देख्यो आज प्रविन माथि भएको हिंसालाई, टुक्रिएका उसका सम्बन्धहरूलाई । कसैका कुरा सुन्न सक्ने क्षमता छैन उसमा । हाँस्ने रमाउने त उसको जीवनमा अचेल पाहुना नै बनेको छ । साँच्चिनै ऊ अहिले

मानसिक रोगबाट ग्रसित छ । डिप्रेसनको औषधी र निद्राको औषधी उसका लागि खुराक बनेको छ । उसलाई सोधिने प्रश्न एकातिर हुन्छ उत्तर अर्कैतिर लैजान्छ । ऊ अनियन्त्रित छ । ऊ पुरूष पीडित, पुरूष हिंसाको उजुरी कहाँ गर्ने ? पुरूष हिंसाको आवाज उठाएको मैले देखेको छैन । यहाँ पुरूष सेवा केन्द्र, पुरूष आयोग पनि खोलियोस् ताकि पुरूषहरू पनि पीडित बनेर जान सकुन् भने महिलाहरू पीडक बनेर आउन सकुन् । कहाँ राख्ने यी मागहरू ? कसले सुनिदिन्छ यी मागहरू ? अन्योल छ, पुरूषवर्ग । पुरूष र महिला भनी पात्रहरू नछुट्टाइयोस्, छुट्टाइयोस् त केवल मानव प्राणी । एक हप्ता बितिसक्दा पनि छलफल टुङ्गो नलागेपछि मुद्दा दर्ता हुन्छ । प्रविनलाई हिरासतमा थुनामा राखिन्छ । एक तर्फ वैवाहिक बलात्कार अर्को तर्फ अंश सहित सम्बन्ध विच्छेद । संविधानले कानूनलाई छोट्याओस्, नलम्बाओस् ताकि हाँगाहरूका रूपरेखा फराकिला नबनुन् । सबैका लागि समान् बनोस् कानून । यसमा प्रकृति नछुट्याइयोस्, प्रमाण छुट्याइयोस् । लिङ्ग नछुट्याइयोस् । अफवाहको पछि होइन तथ्यको पछि परोस् समाज । सत्यको पछि लागोस् न्यायालय ।

सधैंजसो प्रविनलाई अदालत लैजाने दिन म पनि जाने गर्दथें । धेरै दिनपछि अदालतको अन्तिम फैसला सुनाइन्छ । प्रविनलाई कारागार पठाइन्छ भने प्रमिलाले उनमुक्ति पाउछिन् । निर्णय प्रमिलाकै इच्छाअनुसार भएको देखिन्थ्यो । सम्बन्ध जोड्न गाह्रो थियो तर जोडिएको सम्बन्ध तोड्न धेरै समय लागेन । प्रमिलाले विगत एक वर्षमा अर्को विवाह गरेर अष्ट्रेलिया गएको भन्ने सुनेको थिएँ ।

कारागारको अँध्यारो कोठामा दिनहरू बिताइरहेका प्रविन जस्ता कैयौं पुरूषहरूले एकदिन अवश्य न्याय पाउनेछन् । सत्यको जित हुनेछ भन्ने झिनो आशा लिएर मेरा सपनाहरू निदाउने गर्दछन् । गन्जागोल रहेका उसका आशाहरू नहराउन् भनी उसलाई डायरीमा कोरेकोमा मलाई ऊ बाँचिरहेको अनुभूति भएको छ । नमन छ ती अँध्यारो कोठा भित्र दिनरात बिताइरहेका धैर्यताका मुर्तिहरूलाई, विचलित भएका प्राणहरूलाई, संघर्षका मैदानहरूलाई र प्रविन जस्ताका त्यागहरूलाई । उसका ती अपव्याख्यात्मक द्वन्द्वका जीवनीहरू कति त छुटे होलान् । जब ऊ बाहिर निस्कन्छ तब उसले पूरा गर्नेछ भन्दै यो डायरी त्रिभुवन विश्वविद्यालयको पुस्तकालयमा लागि सुरक्षित साथ राखिदिने भन्दै मेरो कलम बन्द गर्दछु । साहिल त्रिपाठी.......यो अन्तिम हरफ ती आम नारीहरूप्रति समावेश छ । तिम्रो नारीत्वको प्रशंसा

गर्न नपरोस् ताकि त्यो तिमी मै अटल रहोस् । तिम्रो सुन्दरताको वर्णन गर्न नपरोस् ताकि त्यो तिमी मै चम्किरहोस् । तिम्रो नारीत्वको इतिहास बनोस् ताकि त्यो तिम्रा लागि प्रशंसनीय बनोस् । तिम्रो नारीत्वको मूल्य चुकाउन नपरोस् ताकि त्यो तिमी मै सुरक्षित रहोस् ।

मैले पुस्तकालयमा राखिदिएको डायरी प्रमिलासम्म कसरी आयो अचम्मित छु । म अचम्मित छु कि पहिले र अहिलेमा कति फरक छ उसको स्वरूप । कहाँबाट आई ऊ यहाँसम्म । कसरी भयो प्रमिलाको यस्तो अवस्था । कति ? कहाँ ? कसरी ? कसलाई सोधौँ म यी प्रश्न । मन आत्तिएको थियो । डायरी पढिसकेपछि प्रमिलातर्फ हेर्छु । उसका आँखा बन्द थिए । एउटा अबोध बालिका जस्तो देखिने उसको अनुहार आज किन धमिल छ । उसका रङ्गिन सपनाहरू अस्पतालको बेडमा निवस्त्र लडिरहेका थिए । ऊ जान्दिनँ अहिले उसको दिमागले काम गर्न नसकेको कुरा । उसले मलाई समेत चिन्दिन । प्रविनसँग भेट गराइदिने उसको अन्तिम सर्त मेरा लागि सधैँ खड्किरहनेछ । पलपल उसका आँखामा प्रविन प्रति निश्चल प्रेम झल्किरहेको थियो । नजिकै गएर उसको टाउकोमा हात राख्छु र भगवानसँग प्रार्थना गर्छु उसलाई यो प्रेमबोध बाट मुक्ति देऊ र रंगिन संसारमा पुर्नजन्म देऊ । ♦♦♦

## कविता



✍ **उर्मिला पन्त पाण्डेय**

शान्ति भन्दा विशाल यहाँ, छैन कुनै धर्म
बुझ्नु पर्छ सबले जहाँ, एक अर्काको मर्म

कंसको कारागारमा जन्मे पनि
दशरथको दरबारमा जन्मे पनि
गौतम बुद्ध तथा सम्पूर्ण प्राणी जगमा
शिशु नै थिए क्राइष्ट भनिने इशु पनि

मथुरामा अयोध्या वा लुम्बिनी
जो जहाँ जन्मिएका भए पनि
प्रशव पीडा त उत्तिकै मातालाई
'मेरी' ले 'इशु' लाई जन्माउँदा पनि

माताको कोखमा सबै उस्तै हुन्छन्
जुनसुकै जाति-धर्मका भए पनि
तैपनि भेदभाव किन हुन्छ यहाँ
हिन्दु, मुस्लिम र कृष्ट आदि भनी ?

तोडी जाति भेद र कुसंस्कारको जन्जिर
प्रेम-सद्भावको बनाइ नौलो नजिर
सुसंस्कारको कलात्मक कुचीले रंगाई
सजाउनु पर्छ 'नेपाल' आमाको तस्बिर

# हिंसारहित दसैंको परिकल्पना



✍ **राजेन्द्र तारकिणी**

दसैं र खसी मानौं यी दुई शब्द पर्यायवाची हुन् । खसीको विकल्प बोका, च्यांग्रा, भेडा, खुकुरा... । नेपाली समाजमा एउटा यस्तो जबर्जस्त धारणा बसिसकेको वा बसाइएको छ कि खसी बिना दसैं चल्दैन । मानौं दसैंको प्रसाद नै खसीको मासु बोका या राँगाको रगत । मासु बिनाको दसैं के दसैं ! मानौं बली नदिई या मारकाट नगरी या रगत नचढाई दसैंको अनुष्ठान नै पूरा हुन्न । के यो धार्मिक विधिविधान नै हो त ?

मलाई लाग्छ, दसैंमा मासु खानै पर्छ भन्ने केही छैन । मासु बिनाको या खसी बिनाको दसैं पनि त मनाउन सकिन्छ । आजकल त झन मासुमात्र कहाँ हो र, मदिराजस्ता पेयपदार्थ समेत यस्ता चाडबाडको अंग बन्न थालेका छन् । यसलाई संस्कृति मान्ने कि विकृति ? तर कतिपय अहिंसावादी पण्डा पुरोहितहरूले नै पशुबलीको सट्टा कुभिण्डो बली दिएर या यस्तै फलफूल चढाएर (आफूले पनि फलफूल मात्र खाएर) अनुष्ठान पूरा गर्ने गरेका छन् । हो, बली प्रथा न पौराणिक/वैदिक ग्रन्थहरूमा व्यवस्था भएको पाइन्छ न यो आजको सभ्यताको परिचायक बन्न सक्छ । हाम्रो सचेत पुस्ताले बली प्रथा र मांस बिनाको दसैं संस्कृति बसाल्न चिन्तन गर्नुपर्ने बेला आएको छ ।

दसैं मूलतः हिन्दु धर्मसँग जोडिए तापनि बली प्रथा हिन्दु धर्मको अंग रहेको कुनै पनि शास्त्रहरूले पुष्टि गर्दैनन् । वेद-पुराणहरूमा पशुबली या हिंसालाई प्रोत्साहन गर्ने कुनै पनि आधार रहेको भेटिन्न । बरू यो बली प्रथा समयक्रममा तान्त्रिक विधि-विधानमार्फत समाजमा स्थापित भएको र पुस्तैनी चालचलनको रूपमा जरो गाडेर बसेको भन्नेतर्फ धेरै विद्वानहरूको मतैक्य छ । हिन्दु धर्ममा देवीदेवतालाई रिझाउन विशेष अनुष्ठानका विधिहरू दिइएका छन् । मूलतः यान्त्रिक, तान्त्रिक र याज्ञिक अनुष्ठानमार्फत देवीदेउतालाई रिझाएर मनोकामना पूरा गर्न सकिने मान्यता छ । पशुबली दिनु यही तान्त्रिक

पद्धतिअन्तर्गत पर्ने बताइन्छ तर यस्तो तान्त्रिक पद्धतिको पूजा गर्ने अधिकार ब्राम्हण तथा क्षत्रीय जस्तालाई तथकथित 'उच्च जाति'लाई नरहेको समेत बताइन्छ । तामसिक गुणयुक्त मानिसहरूले मासु र मदिराजन्य पदार्थको प्रयोग अधिक गर्ने हुनाले उनीहरूबाटै पशुबली र देउतालाई रगत चढाउने चलन चलेको भन्ने तर्कहरू पाइन्छन् ।

तर दसैंका बेला भने बाहुन, क्षेत्रीहरू समेतले प्रायः मासु अनिवार्य खाने गरेको भेटिन्छ । विशेष गरी खसीबोकाको मासुलाई पवित्र मानेर यी जातिका मानिसले खान्छन्, बरू कुखुरा, राँगा, सुँगुर आदिको मासुलाई अपवित्र मानेर मांसमा समेत विभेद गरिँदै आएको छ तर नेपाल बहुल जाति–संस्कृति र सामाजिक प्रचलनले बाँधिएको देश हो । यहाँ अन्य जाति–जनजातिहरू जस्तैः नेवार, राई, लिम्बु, तामाङ, मगर, थारू लगायत सबैले प्राय मासु खाने गर्छन् तर खसी-बोका बाहेक, राँगा, भैंसी, हाँस, कुखरा र सुँगुरको मासु समेत खाने प्रचलन ती समुदायका मान्छेमा रहेको छ । जनजातिहरू प्रकृतिपूजक रहेकाले उनीहरू पनि कुलदेवता, पितृदेवता र प्रकृतिलाई नै दैवीशक्तिका रूपमा मानेर रगत- मासु चढाएर मात्र धेरै अनुष्ठान पूरा गर्दछन् । यसबाट पनि नेपाल जस्तो विशेष भौगोलिक अवस्था रहेको देशमा मासु सबैजसो जाति, समुदायले खाने गरेको तथ्य कतैबाट छिप्दैन । देवीदेवताको नाउँमा रगत चढाएर मासु भने आफू नै खानु मान्छेको धुर्त बुद्धिको उपज मान्छु म त ।

दसैंजस्तो चाडमा त झन् हजारौं-लाखौं पशुपंक्षीको बध हुने गरेको छ । बलीको रूपमा राँगा, बोका, पाठा, हाँस, कुखुरा आदिको काटमार हुन्छ । मासुका लागि भने खसी विशेष 'ब्राण्ड' नै बनेको छ । सट्टामा बोका, च्यांग्रा, भेडा अनि नेवारजस्ता जनजातीय समुदायमा राँगा र गैरहिन्दु समुदायमा बंगुर, सुँगुर आदिको मासु यस बेला पनि उत्तिकै खपत हुन्छ । मांस व्यवसाय अर्थोपार्जनको साधन हो, यो अलग्गै बहसको विषय बन्ला तर मनोकामना पूरा गर्न भनेर बली दिनु असभ्यता हो । यति बुझेर पनि आजको सचेत पुस्ताले समेत संस्कृति या चालचलनको रूपमा यसलाई निरन्तरता दिइरहेको छ । अब खसी–बोका या बली बिनाको दसैंको परिकल्पना हामीले गर्न सक्नुपर्छ ।

मासु खाने कि नखाने ? यो कुरामा छुट्टै बहस गर्न सकिन्छ । मान्छेले बाँच्नका लागि खानैपर्ने यावत चीजमा मासु कत्तिको जरूरत हो ?

यसको वैज्ञानिक, चिकित्सकीय, जैविक एवं समाजशास्त्रीय र अर्थशास्त्रीय चिन्तन अनेक होलान् तर दसैंमा नै किन यति धेरै मासुको खपत हुन्छ, किन मासु बिनाको दसैंको परिकल्पना गर्न सकिन्न ? मेरो अहिलेको चिन्तनको विषय केवल यत्ति हो ।

दसैंको बेला ट्रकका ट्रक खसीबोकाहरू काठमाडौंजस्ता घना आवादी भएका शहरमा भित्रिन्छन् । यहाँका अधिकांश खाली ठाउँमा र विशेष गरी रिङ्गरोडको आसपास एवं खसीबजारहरूमा हजारौं संख्यामा खसीबोका तथा च्यांग्राहरू राखिएका हुन्छन् । ती सुदूरपश्चिमको दार्चुलादेखि सुदूरपूर्व ताप्लेजुङ र अझ सीमापार चीनको तिब्बत र भारतीय भूमिबाट समेत यहाँसम्म ल्याइन्छन् । गाउँघरमा पनि ती चौपायाको खोजी र खरिद-बिक्री उच्च हुन्छ । समाजमा वर्षभरि खसी, बोका, कुखुरा पालेर दसैंलाई साँची राख्ने चलन नै चलेको छ । विशेष गरी अष्टमी, नवमी र विजया दशमीका तीन दिनमा तिनीहरू काटिन्छन् अनि भुटिन्छन्, खाइन्छन्, चाटिन्छन् । मान्छेले दसैं मनाइसकेर ढ्याउ डकार्छन्, दाँत कोट्याउँछन् तर उता पशुहरूको आधा जगत् संहार भइसकेकोमा कसैलाई पछुतो र चिन्ता हुन्नँ । अझ दसैंमा टीका नलाउने, दसैं नमान्ने कतिपय समुदायमा पनि यस बेला मासु भने खाने, रमाइलो गर्ने चलन छ । यसले के दर्शाउँछ त ? दसैं भन्नु नै मासुको पर्व हो भन्ने जबरजस्त मानसिकता समाजमा व्याप्त रहेको देखाउँछ ।

अब हामी परिकल्पना गरौं त-मासु बिनाको दसैं अर्थात खसी-बोका बिनाको दसैं । पशुपंक्षीको बली र रगत बिनाको दसैं । दसैं चाडका कैयौं सामाजिक, धार्मिक एवं सांस्कृतिक महत्वपूर्ण पक्ष छन् । टीका, जमरा, पिङ, चंगा, जाँत (जात्रा), व्रत-पूजा-अर्चना, लोकनृत्य तथा लोकभाका, नाचगान, भेटघाट, रहनसहन, शुभकामना तथा आशीर्वादको आदानप्रदान आदि । यी सकारात्मक पक्षहरूको अधिकता हुँदाहुँदै पनि मासु र पशुबलीजस्ता नकारात्मक पक्षले थिचिएका छन् । अझ जुवातास, जाँडरक्सी, भाँडभैलो र अन्धाधुन्ध रूपमा आयात भएर गाउँगाउँसम्म फैलिरहेका पुँजीवादी विकृतिहरूको चपेटामा परेर दसैं जस्ता चाडबाडको मौलिकता उडिसकेको छ ।

एउटा सामान्य ज्यालादारी गर्ने मजदूर पनि भन्छ- कमाइ छैन हजुर, एक पाउ मासुले दसैं मनाउँछु । सामाजिक परिधिमा रहेपछि देखासिकी या अनुकरण गर्नु स्वाभाविकै हो । अब

कमाइ छैन तर मासु नै किन चाहिने । कतिले ऋण गरेर पनि मासु नै किन्ने गरेको पाइन्छ । अभ्र फलानोले त त्यत्रो खसी काट्यो हामी के कम भन्दै हुनेखानेहरूबीच भने प्रतिपस्र्धा नै चल्ने गरेको छ । देवीको मन्दिरमा बली चढाउन, भाकल गर्न पनि होडबाजी चल्छ । बरू हुनेले नहुनेलाई समेत दिएर चाडबाड मनाउन सके त्यहाँ कमसेकम मानवता बाँच्ने थियो ।

मान्छे सामाजिक प्राणी भएकाले ऊ सामाजिक-सांस्कृतिक धरातलभन्दा भिन्नै रहेर बाँच्न असम्भव छ तर संस्कृति भन्नु त मान्छेले नै आविष्कार गरेर चालचलनका रूपमा अंगाली आएका निश्चित विधिविधान एवं नियमहरू नै हुन् । यी नियमहरू समयानुकूल परिमार्जन हुँदै जानु अस्वाभाविक हुँदैन तर संस्कृतिमा विकृति भित्र्याउनु अस्वाभाविक र आपत्तिजनक हो । बरू संस्कृतिमा व्याप्त विकृति, रूढिग्रस्त मान्यतालाई सुधार गर्नु सभ्य समाजको परिचायक हो । समाजिक सद्भाव, समानता र विश्वमैत्रीभावना तथा समस्त चराचर जगतविरूद्ध रहेका मान्यता भत्काउँदै त्यस अनुकूल नयाँ नियमहरू बसाल्नु आजको सचेत पुस्ताका चिन्तक एवं बौद्धिक व्यक्तिहरूको कर्तव्य हो ।

भगवान बुद्धले सबैप्रति करूणाभाव राख्नु नै धर्म हो भनेका छन् । हिन्दु धर्मको सार पनि 'अहिंसा परमोधर्म' भन्ने नै रहेको छ । तब धर्म-संस्कृतिका नाममा मनाइने चाडबाडमा हामी मांसभोज र पशुबली रोक्न किन सक्दैनौं ? यदि सनातन संस्कृतिको रक्षा गर्ने हो भने हामीले सात्विक जीवनशैली अपनाउनु हितकर हुन्छ । यसबाट नै मानव जाति र सबै प्राणीका लागि भलो हुन्छ । तामसी जीवनशैलीले मानव समाजमा न त शान्ति, अमनचैन र सुसभ्य संस्कृति निर्माण हुन सक्छ, न मानवेतर प्राणीप्रति करूणाभाव जागृत हुन्छ । मासुबाहेक यो धर्तीमा अरू पनि धेरै छन् स्वादिला, पोषिला खाद्यवस्तुहरू । यसो भन्दा मासुको विरोध गरेको नठानियोस् तर दसैंलाई मासुकै पर्वको रूपमा नबुझौं भन्न खोजिएको हो । फलफूल, मिष्ठान्न भोजन गरेर अनि मौलिक तर सकारात्मक मान्यताहरू आत्मसात गरेर पनि त रमाइलोसँग दसैं मनाउन सक्छौं । ल अब हामी परिकल्पना गरौं- सामन्ती ठाँटबाठ र तामसी तडकभडक बिनाको समतामूलक, विभेदरहित र भातृत्वपूर्ण दसैंको । समग्रमा हिंसारहित दसैंको परिकल्पना । ♦♦♦

# अन्तिम विन्दु



✍ रेहित सैजु 'विकल्प'

जिन्दगीलाई
नदी ठानेर
एकाग्रता नबिर्सिएर
यसको धारसँगै
प्रवाहमा बहाउन खोजिरहें
खहरेझैं तछाडमछाड गर्दै
उर्लिएर आउने
मनभित्रका आकाङ्क्षाहरूलाई
अन्तिम विन्दु
सागरसम्म पुग्नु थियो
तर
हमेशा त्यस्तो थिएन।

आकाङ्क्षाहरू
अविचलित भएर
समानान्तर हुँदै
प्रवाहित हुन चाहन्थे
साथै बाध्यताहरू
ढुङ्गा मुढा बनेर
घरी बीचमा
पहाडको आकार लिएर
खडा भइदिन्थे
र यी सलबलाई रहेका
आकाङ्क्षाहरूलाई
लत्याउन चाहन्थे
कि थुन्न।

आकाङ्क्षा अनि बाध्यताका
भीषण द्वन्द्वसँगै
अग्ला अग्ला
भीमकाय पहाडहरू चिर्दै
गहिरा खोंच, गल्छी पार गर्दै
महाकाल बनेर आएका
ढुङ्गा मुढालाई
वारपार किनारमा पन्छाएर
अझैं अघि बढिरहें।

ठूला नदी
समुद्र सागर हुँदै
महासागरसम्म
अवतरण गराइयो
मनभित्रका स्वच्छ
कल्कलाउँदो आकाङ्क्षाहरूलाई।
यतिमात्र थिएन
यसको गति सीमितता
अझै रोकिएन
झन् दौडिरह्यो
किनकी
उसलाई पुग्नु थियो
दूर क्षितिजसम्म
जहाँ अन्तिम विन्दु छ ।

लघुकथा

# सुल्टो कामना



✍ बिन्दु अधिकारी ढकाल

ठुले, ए ठुले । कता छस् नि बाबु ? माइलो छोरो काँ पुगेर आको अरे ? सुन्दैन कि कसो मलाई । भर्खर यतैथ्यो । माइला, ए माइला ? कान्छो भनाउँदोले मरेकाटे पढेन । अक्षर चिनेन । आर्थिक पनि उसैको चै राम्रो छैन । घरखर्च धानेर छोराछोरी पढाउन एक दुई कुरा अर्तिबुद्धि गरौँ भन्यो बात भुइँमा नपर्दै कति कचकच गर्छिन् यी आमा भनेर बम्किन थालिहाल्छ ।'

आमा हर्कमायाको माया आमाबाबुको मन छोराछोरीमाथि छोराछोरीको मन ढुङ्गामुढामाथि भन्ने उक्ति संगत छ । एक्लो जीवनलाई कसले सुन्ने । उनका इच्छा चाहना र विवेक कसले बुझ्ने ? सन्तान थरिथरिका भनेको यही होला र त बुढी बोल्नु र नबोल्नु फरक भएन ।

छोरी, ए छोरी तँ काँ छेस् ? ज्वाइँ नातिनातिना सन्चै भए यसो माइत आउने कोशिस गर्न बाबै । लाउलाखाउला उमेरकी एउटी दुर्घटनामा परे पनि तेरो अनुहार हेरेर उसलाई भुल्ने प्रयास गरेकी थिएँ । कठै ! त्यो छोरी बाँचेकी भए यो बेलासम्म उसको नि घरजम हुन्थ्यो ।'

ज्यानमा सन्चो नभए पनि काल नआएसम्म बाँच्नै पर्ने संसारको रीत हो । 'म बुढी बोल्नु यी सबैले कति फत्फताएकी पनि भन्दा हुन् । अब त डाँडामाथिको जूनभन्दा फरक छैन, यो एक मुठी सास कुनबेला फुत्किन्छ पत्तो छैन । यस्तो लाग्दैछ, मेरा दिन सकिए...।'

रोग कसलाई लाग्दैन ? तर भर्खरका बाँच्ने र पाका जति मर्ने भन्ने हुँदैन । यद्यपि सबै कुरा सुल्टै होस् भन्ने चाहना स्वयम् अभिभावकको हुन्छ । जस्तो कि, चुल्होमा आगो फुक्दा दाउराको फेदपट्टीबाट सल्काउनुपर्छ भनेर सिकाउने पहिलो व्यक्ति नै आमा हुन् ।

'बुहारी, यस पाली कति मुरी धान तुल्यायौ ? खेसरवालाले पनि भाडा नबढाइ पुरानै दाममा त के काम गर्‍यो

होला ? हेर, मैले नसक्दा बाखापाठाको बिजोक ! यिनीहरूको कोलाहाल तेरा कानले सुनेकी छस् कि नाई ? बिहान बितेकै कति घण्टा भो, मुठो घाँस दिनु छैन । चरनतिर लैजानु पनि हैन । अब घर नछाड है, कोही पनि टाढा नजाओ । कसैका उलामाला विदेश भ्रमण त झन् कल्पनासम्म नगर ।' बुहारीको ध्यान प्रविधियुक्त मोबाइल ठुँगेरै सकिन ।

आमा कैयौँ पटक बेहोस भइन् । मुटुको व्यथा काललाई जित्दै पुलुक्क आँखा खोल्थिन् तर एकदिन तिनले संसार छाडिन् । घरमा कोही नभाको समय, छरछिमेकीले भने-'आखिर, मर्नै पर्ने चोला । बुढीले दुःखै लुकाइन् ।'♦

**कविता**

# जिन्दगानी



✍ **डा. बमबहादुर थापा 'जिताली'**

जिन्दगी हो नदीजस्तै बगी जाने खोला
दुःख-सुख भोगेर यो मरी जाने चोला ।
मान्छे किन सुखै-सुख खोज्न थालेको छ
भोक बिना भोजन पो ! रोज्न थालेको छ ।

हलो खोज्ने हलीलाई ढुङ्गो-माटो प्यारो
मखमली ओछ्यानमा सुत्न हुन्छ गाह्रो ।
कोकाकोला, फेन्टाबाट तिर्खा मेटिँदैन
श्रम बिना आरामको मूल्य भेटिँदैन ।।

हावा-हुरी, असिनाको खाएपछि चोट
सफल त्यो जीवनझैं दरिन्छ पो बोट ।
चारैतिर ठोकिएको कालीको त्यो शिला
कति राम्रो कुँदिएको धन्य छ यो लीला ।।

ठक्कर बिना मानिसको जीवन बन्दैन कि
हन्डर बिना मानिसको मति फिर्दैन कि !
घामपछि छायाँ मीठो तिर्खापछि पानी
दुःखपछि सुख मिल्ने धन्य जिन्दगानी !

जिन्दगी हो नदीजस्तै...

# आमा तिमी एक प्रहरी



✍ **निशा भुजेल**

प्रहरी शब्दलाई मनैदेखि सम्मान छ । प्रहरीले देशलाई सुरक्षा प्रदान गर्छन् । आफ्नो देशलाई सुरक्षा प्रदान गर्ने सबैमा चाहना भए पनि कमै मात्र त्यो भाग्यमानी भित्र पर्छन् । त्यसमध्ये पनि कमै महिला संघर्षका कारण मात्र प्रहरी बन्छन् । मेरी आमा, उनी पनि एक प्रहरी हुन्, उनलाई हृदयदेखि कोटीकोटी प्रणाम छ । नौ महिना कोखमा राखी, आफ्नो अमूल्य समय सन्तानलाई नदिई आफ्नो कर्तव्य पूरा गर्न आफ्नै रगतलाई पनि छाडेर गयौ। आज यस पानामा तिम्रोबारे लेख्दै गर्दा धेरै गर्व महशुस गर्छु । तिम्री छोरी भएर तिम्रो नाम पुकार्न पाउँदा धेरै-धेरै आभारी छु ।

आफ्नो परिवार छाडेर तिमीले तिम्रा हरेक कर्तव्यहरू पूरा गऱ्यौ। म हजुरको पेटमा हुर्कदै गर्दा पनि हजुर आफ्नो काम नै पूरा गरिरहनु भयो । कुनै म पट्टिको माया मोह नराखी मैले यस संसार हेर्न पाऊँ या नपाऊँ कुनै प्रवाह नगरी सुरक्षाका निम्ति निरन्तर अडिग रहनुभयो । म जन्मिएँ, तिमी बिना हुर्किएँ सायदै कमै बालक यसरी आमाबाट टाढा रहन्छन्। तिमी टाढा भए पनि म कुनै समय, कुनै अर्को जन्ममा सँगै रमाउँला भनेर बिताएँ ।

सानो छँदा अबोध अबुझ बालिका ममा धेरै ज्ञान त थिएन । कलिलो उमेरमा आमासँग रमाउनु पर्ने उमेरमा आँखाबाट आँसु खसाल्दै थिए । आमा, आमा भनी कयौं पटक पुकार्दा पनि शुन्यता बाहेक केही पाइनँ । बाबा पनि म पेटमा हुँदा नै मलाई टुहुरो बनाएर यहीं प्रहरी सेवामा समर्पित भई कहिले नफर्किने बाटो जानुभयो । हजुर सँगै नभए पनि हजुरले गरेको माया नै धेरै गाढा लागेर अगाडि एक्लै बढ्नु पऱ्यो ।

जीवनमा घाम र छायाँ, दुःख पछि सुख अवश्य आउँछ भन्ने कथन त धेरै सुन्दै आएँ तर आज पनि मेरी आमा तिमीबाट टाढा यस नेपाल प्रहरी विद्यालय होस्टेलमा बिताइरहेकी छु । न तिमीले राम्रो लगायौ न भोक निन्द्रा, न चर्को

घाम नै भन्यौ । अहिले पनि प्रहरी पहिरन लगाएर सेवा प्रदान गर्दैछौ होला । म पनि हजुरको जीवन प्रति धेरै आभारी भएर मिहिनेत साथ केही गर्छु भनी अगाडि बढिरहेकी छु ।

हजुर बिनाको जीवन बेस्वादझैं बिताए पनि धेरै सम्झना गरिरहेकी छु । चाडपर्व एक्लै मनाउनु पर्दा म भक्कानिएर रून्छु । सायदै मेरो कर्म यही रहेछ भनेर चित्त बुझाउने कोशिस गर्छु । आमा तिमी कति ठूलो हृदयकी, मेरो गौरव, मेरो जीवनको रूप हौं तिमी । आफ्ना शब्दमा बयान गर्न नसक्ने अमूल्य प्राण हौं तिमी ।

मेरा शब्दहरूले सम्मान गर्न नसक्ने महान व्यक्तित्व प्रहरी, सधैंभरि हृदयमा तिम्रो नाम प्रहरी । म हजुरका सुस्वास्थ्यका लागि सधैं भगवानसँग भिख मागेको हुन्छु । प्रहरी नराम्रो भनी बयान गर्नेहरूले जब भोग्नेछन्, देख्नेछन्, तब मात्र अमूल्य दाता भनी चिन्ने छन् । मेरी आमा जस्तै कयौंका छोराछोरी, कयौंका आमाबुबा सबैसबै प्रहरी वर्ग हजुरहरूलाई धन्य हुनुहुन्छ । गर्नुहुन्छ हजुरहरू देशको सुरक्षा, आफैलाई बिर्सिएर सलाम छ हजुरहरूलाई मनैदेखि दुई हात जोडेर ।♦

***कक्षा-१२ -नेपाल पुलिस स्कुल, साँगा, काभ्रे ।***

कविता

## बुबा



✍ **मुक्तिनाथ पोखरेल**

बुबा हुन् स्वयम् देवता तुल्य जानी
विधाता यिनै हुन् भनी पूज्य मानी
सकेको गरौं नित्य सम्मान मान
बुबा हुन् धराका सुनौलो निसान ।

सबै पुत्र पुत्रीहरूमा विभेद
नगर्ने बुबाको छ आत्मा सफेद
यिनैले पढाए दिए दिव्य ज्ञान
बुबा हुन् धराका सुनौलो निसान।

नखाई नलाई बढो दुःखसाथ
बिताए सबै जिन्दगी साँझ रात
दुखेसो गरेका हुँदामा जवान
बुबा हुन् धराका सुनौलो निसान ।३।

नजाती नराम्रो हुँदैहुन्न बाउ
झुकाएर यो माथ खुट्टा समाउ
त्यसो मात्र गर्दा अझै बढ्छ सान
बुबा हुन् धराका सुनौलो निसान।

नगर्नु बुबा माथि अन्याय खास
त्यसैले सदा मिल्छ सम्मान मान
गरौ नित्य सेवा लगाएर ध्यान
बुबा हुन् धराका सुनौलो निसान ।५।

अरू तीर्थको काम केही हुँदैन
पिता भक्ति जस्तो कुनै धर्म छैन
गरौं नित्य सेवा यिनै हुन् महान
बुबा हुन् धराका सुनौलो निसान

लघुकथा

# अभागी



✍ रेणु अधिकारी 'मौनता'

विवाह गरेको ६ वर्ष पुग्नै नपाई पाँच वर्षको छोरालाई टुहुरो पारेर उषाको पतिको देहावसान भयो । भएको एक्लो छोराको देहावसानले उषाकी सासु पागल जस्तै बनेकी थिई ।

आखिर महिलाको शत्रु महिलानै हुन्छन् भने जस्तो यो अलक्षिणी बुहारी र बाउ टोकुवा नातीले गर्दा मेरो छोराको मृत्यु भएको हो भन्दै बुहारीलाई रातदिन कचकच गर्न थालिन् । भर्खरको कलिलो जवानीमा प्रवेश गरेकी सोझी बुहारीको विवाह गरेको छोटो समयमा आफ्नो खसम गुमाएर एक्लो जीवन बिताउन परेको पीडा र अत्याचारलाई टुलुटुलु हेर्नु बाहेक केही गर्न नसकेका रोगी ससुराले बुहारीलाई अर्को केटा खोजेर आफ्नो भविष्य सुरक्षित गर भनेर सुझाव दिएपछि पल्लो जिल्लाको शिक्षक उमाकान्तसँग उषाले आफ्नो लगनगाँठो कसिन् । समाजको अन्धविश्वास तोड्ने नाउँमा पच्चीस वर्षिया विधवा उषा र उनको पाँच वर्षको छोरालाई अपनाउन राजी भएका थिए उमाकान्त ।

उत्सवलाई आफ्नै सन्तान सरह माया गर्छु भनी उषासँग बाचा गरेका थिए उनले । भर्खर स्कुल जान थालेको उत्सव एक साँझ भुइँको चकटीमा बसेर चिया पिउँदै गृहकार्य गर्दै थियो । उमाकान्त घरभित्र छिर्दा खुट्टाले गिलासमा लागेर चिया पोखियो । रिसले आँखा रातोरातो पार्दै यो गिलास किन हिंड्ने बाटोमा राखेको तेरो सोमत छैन भन्दै कान निमोठिदिए । उत्सव कान सुमसुमाउँदै चुपचाप गृहकार्य गरिरह्यो ।

भोलिपल्ट बिहान उमाकान्त त्यही चकटीमा बसेर केही घरेलु हिसाब किताब लेख्दै मिलाउदै चिया पिउँदै थिए । उत्सव उठेर आँखा मिच्दै बैठक कोठातर्फ आयो उत्सवको खुट्टा चियाको गिलासमा ठोक्कियो । चिया सबै पोखियो । उमाकन्त रिसले चुर हुँदै कान समातेर एक थप्पड

लगाए । काहीं नभएको अलक्षिणा तेरो आँखा छैन ? भुइँमा हेरेर हिँड्नु पर्दैन ? "अर्काको बाछो चाट्यो मुखभरि रौँ। "उषा अवक्क भएर उत्सवलाई आफ्नो सन्तान स्वीकार गर्छु भनेको सम्भिmरही । ♦♦♦

कविता

# बहुलाहाको आकृति



✍ भुवन सिवाकोटी 'चौघरे'

सहिद पार्क पुग्ने बाटो
एउटै हो
बाटो र पार्कको माटो
एउटै हो
फूल फरक देखिन्छन्
वासना र रगं फरक छरिएका हुन्छन्

म पनि
त्यही बाटोमा हिँडिरहेको हुन्छु
ऊ पनि
उही बाटोमा दौडिन्छ
चिच्याउँछ, रून्छ, कराउँछ
के बोल्दै छ
के खान्छ र खाईरहेको हुन्छ
कहाँको गन्तव्यमा जाँदैछ
बेपर्बाह
देखिएका हुन्छन् लाजका गहना
ऊ स्वयंलाई सरोकार छैन

छेउको टुँडिखेलमा
दिनहुँ ठूला बनाइका होचा मान्छेहरू
भरिन्छन्
बाक्लै गाडिहरू पस्छन् निस्कन्छन्
आमसभा हुन्छ
विरोध जुलुस हुन्छ
ठूलाठूला स्पिकर चिच्याउँछन्
अरू ताली पड्काउँछन्
ऊ
कान थुन्छ र खित्खिताउँछ
हामी बिच धेरै समानता छन्
समानताभित्र
थुप्रै असमानताहरू पनि छन्
परन्तु
उसलाई मतलब छैन
टुँडिखेल रित्तो होस् वा भरियोस्
देश
सफल होस् वा असफल होस्
म
त्यही बहुलाको अनुहारमा
मेरो देशको आकृति देखिरहेको हुन्छु
जो अक्सर पढिदैन

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०३० साल अङ्क,३ को **त्रैमासिक पुलिस प्रकाशनमा** प्रकाशित ध्रुवकृष्ण दीपद्वारा लिखित **'पर्यटन व्यवसायको विकासमा प्रहरीको भूमिका'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौँ ।

– ***सम्पादक***

कृषि व्यवसायलाई छोडी अहिले सम्मको अनुभवबाट नेपालको लागी सबभन्दा फाप्ने र फलदायी देखिएको अरू कुनै व्यवसाय छ भने त्यो हो पर्यटन व्यवसाय, यसमा कुनै संदेह छैन । सन १९५० अगिसम्म पनि बिस्वका बहुतै कम मुलुकले मात्र सुनेको हाम्रो देशको नाम आज बिश्वको पर्यटन मानचित्रमा समेत एउटा अतिशय आकर्षक रातो निशाना साबित भै सकेको छ । बिगत २२ बर्षभित्र नेपालको पर्यटन इतिहासमा भएको यो परिबर्तन निःसंदेह निकट भबिष्यमै पर्यटन व्यवसाय नेपालको लागी एउटा निकै ठुलो उद्योग सिध्द हुन सक्ने शुभ लक्षणको द्योतक हो । यो हाम्रो लागी ज्यादै गौरवको कुरा हो ।

बिगत २०२९।३० आर्थिक बर्ष भरिमा मात्रै करीब ६०,४०० पर्यटनहरू नेपालमा आएका थिए र उक्त आर्थिक बर्षको साउनदेखी चैत्र सम्मको अवधिमा मात्रै ३ करोड ९३ लाख ३९ हजार ८९७ रूपियां बराबरको बिभिन्न परिबर्त्य वैदेशिक मुद्रा हाम्रो देशमा भित्रिएको कुरा सम्बन्धित अधिकारीबाट थाहा भएको छ । यो साल करीब ७० हजार पर्यटकहरू नेपाल आउँने आशा गरिएको छ । अझ २०३१ का त झन नेपाल पस्ने पर्यटकहरूको संख्या १,२५,००० पनि पुग्न सक्ने अनुमान गरिएको छ ।

यसरी दिन पर दिन नेपाल आउँने पर्यटक संख्या बढ्दै जानुको साथ साथै यसैसित सम्बन्धित थरि थरिका समस्याहरू पनि बढ्दै गएको हामी देख्दै छौं । यसरी यो व्यवसाय एकातिरबाट ठूलो आर्थिक उन्नति साबित भएको छ भन्ने अर्का तिरबाट हाम्रो लागी ठुलो सामाजिक चुनौती पनि साबित भएकै छ । त्यसो त यस्ता चुनौतिहरूको सामना गरी समस्याहरूको समाधान गर्नेकाम सबै नागरिकहरूको साझा कर्तब्यनै हो तापनि अनावश्यक समस्याहरूलाई शिर ठाडो पार्न देशमा सदैव सतर्क हरी परेको बेलामा अबिलम्ब 'सत्य सेवा सुरक्षणम्' को लागी कुद्ने काम हाम्रा प्रहरी जवानहरूकै हुन् ।




**एकजना मानिस प्रहरीकोमा रिर्पोट लेखाउन गएछ ।**

**मानिसः** सर मलाई दिनदिनै फोनमा धम्की आइरहेछ ।

**प्रहरीः** को हो त्यो जसले सधैं धम्की दिइरहन्छ ?

**मानिसः** टेलिफोन अफिसबाट हो । बिल तिरेन भने लाइन काटिदिन्छु भनेर ।

♦ ♦ ♦

**धेरै वर्ष पछि दुई मित्रको भेट भएछ अनि पहिलोले सोध्यो,**

**पहिलो** : तिम्रो हालखबर के छ ?

**दोस्रो** :नसोध साथी, मेरो भाग्यमा त चक्करै चक्कर लेखेको रहेछ ।

**पहिलो** : के भयो र किन ?

**दोस्रो** : पहिले विवाहको लागि उसको बाउको घरको चक्कर लगाएँ । विवाहको समयमा मण्डपको चक्कच लगाएँ । अब सम्बन्ध बिच्छेदको लागि वकिलको चक्कर लगाइरहेको छु ।

♦ ♦ ♦

**आमाले आफ्नी छोरीलाई पाउरोटी र दुध दिइन् ।**

एकैछिन पछि छोरी रून थालिन् । आमा दौड्दै गइन् र भनिन्ः के भो नानी ? किन रोएकी ?

**छोरीः** आमा दुध जति सबै पाउरोटीले खायो । अब म के खाने ?

♦ ♦ ♦

**शिक्षकः** सुर्ति खाएर थुक्दै पढाउदै गरेको समयमा निरीक्षक आई पुगेछन् ।

**निरीक्षक** : के हो सर ? तपाईंले पढाउनु हुन्छ की खैनी खान सिकाउनु हुन्छ ?

**शिक्षकः** रोग र सरसफाइको बारेमा पढाउदै छु, यसरी थुकेर फोहोर नगर्नु भनेर उदाहरण मात्र दिएको हो सर ।

**संकलनः- प्र.स.नि.शरणजंग भण्डारी**

## नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरू

- वि.स. १९९१ पुस २७ गते पुलिस गोश्वारा सवाल जारी भएको थियो ।
- २०२५ सालबाट आई.जी.पी. रनिङ् शिल्ड फुटबल प्रतियोगिता प्रारम्भ भएको थियो ।
- वि.स २०४३ सालबाट राजमार्ग गस्ती प्रहरीको व्यवस्था गरिएको थियो ।
- वि.स २०४५ फागुन ६ गते नेपाल पुलिस स्कुल धरान सुनसरीमा स्थापना भएको थियो ।
- वि.स २०५५ असार १३ गते नेपाल पुलिस स्कुल सामाखुसी काठमाडौंको स्थापना भएको थियो ।

**संकलनःप्र.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**कुमारी लामाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी विष्णु थापा, मुद्दाः- मानव बेचबिखन तथा ओसार पसार (ने.का.प.२०७७, अंक १२, निर्णय नं.१०६१७)**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले नै दफा १५ (१) (ख) मा वेश्या वृत्तिमा लगाउनेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजारदेखि एक लाखसम्म जरिवानाको व्यवस्था गरेको छ भने वेश्यावृत्तिमा लगाउन ललाई फकाई गर्ने आफूसँग राख्नेलाई ऐ. ऐनको दफा १५ (१) (ङ) (छ) अनुसार ७ वर्ष देखि १० वर्षसम्म कैद गर्न सक्ने र वेश्यागमन गर्नेलाई १५(१) (घ) बमोजिम १-३ महिनासम्म कैद र दुई हजारदेखि पाँच हजारसम्म जरिवानाको व्यवस्था गरेको छ । अन्य देशमा भएको कानूनी व्यवस्थालाई हेर्दा वेश्यावृत्तिको लागि कतै अपराधीकरण (criminalization), या कतै कानूनी मान्यता (legalization), त कतै निरपराधीकरण (decriminalization) को अभ्यास रहेकोमा नेपालको कानूनले वेश्यागमन गर्ने वा वेश्यावृत्तिमा लगाउनेलाई वा वेश्यावृत्तिको लागि ललाई फकाई प्रपञ्च गर्ने आफूसँग राख्नेलाई फरक कसुर मानी फरक सजाय गर्ने तर वेश्यावृत्तिमा संलग्न महिलाको हकमा निरपराधीकरणको अवधारणालाई मान्यता दिएको देखिन्छ । यसर्थ, प्रतिवादीले पीडितलाई ललाई फकाई, प्रलोभनमा पारी आफ्नो डेरा कोठामा वेश्यावृत्तिमा लगाउने उद्देश्यले राखेको देखिंदा प्रतिवादीले पुनरावेदिकालाई वेश्यावृत्तिमा लगाउन ललाई फकाई गर्ने गरेको कार्य ऐ.ऐनको दफा ४(२) (ख) को कसुर हुंदा ऐ. ऐनको दफा १५ (१) (छ) अनुसार सजाय गर्नुपर्ने देखिने ।

**संकलनः प्र.स.नि.जनक आचार्य**

**गीत** ✍ **सरस्वती श्रेष्ठ 'सरु'**

फेरि कहिले आउँछौ तिमी मनको संघार टेक्न
बाँकी राख्यो भावीले नि हाम्रो कथा लेख्न

तिमी गयौ खुसी गयो जून आउँदैन राति
एक्लो भा'छु एकान्तमा अँधेरी छ साथी
सकेनन् यी परेलीले तिम्रो बाटो छेक्न
बाँकी राख्यो भावीले नि हाम्रो कथा लेख्न

कताकता गुन्जिरन्छ यादहरूको धुन
रहर थियो भित्रभित्रै तिमीसँगै हुन
एकै झुल्को भए पनि पाए हुन्थ्यो देख्न
बाँकी राख्यो भावीले नि हाम्रो कथा लेख्न ।